जेठ – १

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष ३३, अङ्क ३ | २०८१ जेठ १-१५ | पूर्णाङ्क ७६५



प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७१२, ४२००७२९, ४२००७५०, Ext.२२६९ (सम्पादक), २२७० (सम्पादन शाखा), २१७० (छापाखाना), २२७४ (बिक्री)

टोल फ्री : १६६०-०१-३३३५५, फ्याक्सः ४२००७४९, पो.ब.नं.२०४३८

**Email: info@supremecourt.gov.np, admin@supremecourt.gov.np / Web: www.supremecourt.gov.np**

**सम्पादन तथा प्रकाशन समिति**

| | |
|---|---|
| **माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत** | **- अध्यक्ष** |
| **मुख्य रजिस्ट्रार श्री देवेन्द्रराज ढकाल, सर्वोच्च अदालत** | **- सदस्य** |
| **नायब महान्यायाधिवक्ता श्री विश्वराज कोइराला, महान्यायाधिवक्ताको कार्यालय** | **- सदस्य** |
| **रजिस्ट्रार श्री विमल पौडेल, सर्वोच्च अदालत** | **- सदस्य** |
| **अधिवक्ता श्री सुरज खत्री, उपाध्यक्ष, नेपाल बार एसोसिएसन** | **- सदस्य** |
| **वरिष्ठ अधिवक्ता श्री हरि शंकर निरौला, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन** | **- सदस्य** |
| **डा.कृष्णप्रसाद बस्याल, डिन, त्रिभूवन विश्वविद्यालय, कानून संकाय** | **- सदस्य** |
| **सहरजिस्ट्रार श्री हरिराज कार्की, सर्वोच्च अदालत** | **- सदस्य सचिव** |

**सम्पादक :** श्री दीक्षा प्रधानाङ्ग

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री सुजता उप्रेती
शाखा अधिकृत श्री सुकराम मोक्तान
शाखा अधिकृत श्री विनिता महर्जन
शाखा अधिकृत श्री समिता श्रेष्ठ
नायब सुब्बा श्री कृष्णबहादुर तामाङ
नायब सुब्बा श्री सन्तोष घिमिरे
नायब सुब्बा श्री रेखा दाहाल
सिनियर प्रुफरिडर श्री रेशम शर्मा
कम्प्युटर अपरेटर श्री विदुर खड्का
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री अच्युतप्रसाद दाहाल

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा**

नायब सुब्बा श्री खिमा पोखरेल

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सिनियर कम्पोजिटर श्री श्यामकृष्ण प्रजापति
सिनियर प्रेसम्यान श्री सविता पोखरेल
सिनियर प्लेटमेकर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर बुकबाइन्डर श्री तारा वाग्ले
सहायक कार्टोग्राफर श्री विपिन अधिकारी
बुकबाइन्डर श्री सरिता चक्रधर
बुकबाइन्डर श्री मदन तिमल्सिना
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री धनमाया नगरकोटी
कार्यालय सहयोगी श्री रमेश नेपाल

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| संयुक्त इजलास | २ |
| इजलास नं. १ | ७ |
| इजलास नं. २ | १९ |
| इजलास नं. ३ | २ |
| **जम्मा** | **३०** |

| | |
|---|---|
| इजलास नं. ४ | ६ |
| इजलास नं. ५ | ५ |
| इजलास नं. | |
| इजलास नं. | |
| इजलास नं. | |
| **जम्मा** | **११** |

**कूल जम्मा ३० + ११ = ४१**

# नेपाल कानून पत्रिकामा

प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् देखिने पृष्ठमा **शब्दबाट** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गरी हरियो बटनमा रहेको खोज्नुहोस् भन्ने बटनलाई थिची खोजी गर्न सक्नुहुनेछ । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा मुद्दाको किसिम, मुद्दाको नाम एवं निर्णय नं. तथा ने.का.प. विवरणमा रहेका विविध शीर्षकबाट आफूले चाहेअनुसार फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेतबाट हेर्न सक्नुहुनेछ ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्ने छः**

**सअ बुलेटिन, २०८..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०८१, जेठ – १, पृष्ठ १**

**का.जि.द.नं. ३९।०४९।०५०**

# सूचना

**"नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन"** को **"वार्षिक ग्राहक"** बन्न चाहनेका लागि **२०७६ वैशाख अङ्क**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **नेपाल कानून पत्रिका रू.१५०** र **सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ ।

**मूल्य रू.४०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **संयुक्त इजलास** | | | **१ - ३** |
| १. | कर्तव्य ज्यान र डाँका | नेपाल सरकार वि. सागर तामाङसमेत | १ |
| २. | जबरजस्ती करणी | अहमुद्दिन मियाँ वि. नेपाल सरकार, अख्तर हुसैन मियाँ वि. नेपाल सरकार | २ |
| **इजलास नं. १** | | | **३ - १०** |
| ३. | जबरजस्ती करणी | रामबहादुर चन्द वि. नेपाल सरकार | ३ |
| ४. | जबरजस्ती करणी | परिवर्तित नाम कपिलवस्तु ५१(ग) वि. नेपाल सरकार | ४ |
| ५. | कर्तव्य ज्यान | मंगल भन्ने टुकुने कामी वि. नेपाल सरकार | ५ |
| ६. | कर्तव्य ज्यान | नेपाल सरकार वि. जीवबहादुर नेपाली | ६ |
| ७. | कर्तव्य ज्यान | नेपाल सरकार वि. दशरथ अहिरसमेत | ७ |
| ८. | बन्दी प्रत्यक्षीकरण | कृष्णजंग श्रेष्ठ वि. उच्च अदालत पाटन, हेटौंडा इजलाससमेत | ८ |
| ९. | कर्तव्य ज्यान | नेपाल सरकार वि. मकरध्वज राई | ९ |
| **इजलास नं. २** | | | **१० - ३४** |
| १०. | उत्प्रेषणसमेत | लक्ष्मणकुमार राना वि. सार्वजनिक खरिद अनुगमन कार्यालय, ताहाचल, काठमाडौंसमेत | १० |
| ११. | बन्दी प्रत्यक्षीकरण | विजय सुनार वि. उच्च अदालत पाटन, ललितपुरसमेत | ११ |
| १२. | उत्प्रेषणसमेत | बच्चु श्रेष्ठ वि. नेपाल नागरिक उड्डयन प्राधिकरण, प्रधान कार्यालय, बबरमहल, काठमाडौंसमेत | १२ |
| १३. | उत्प्रेषणसमेत | दिपककुमार बराल वि. नेपाल सरकार, अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत | १३ |
| १४. | उत्प्रेषण | सुरेन्द्रकेशर अमात्य वि. त्रिभुवन विश्वविद्यालय सेवा आयोग, कीर्तिपुरसमेत | १४ |

| | | | |
|---|---|---|---|
| १५. | निषेधाज्ञा मिश्रित परमादेश | जिल्ला सुनसरी, धरान नगरपालिका, वडा नं.१२ स्थित जनसरोकार मञ्च नेपाल धरान, सुनसरीसमेत वि. जिल्ला प्रशासन कार्यालय, सुनसरी, इनरूवासमेत | १५ |
| १६. | करारको उपर्युक्त आदेश | इच्छाबहादुर डंगोल वि. साङ्गी ब्रदर्स प्रा. लि. | १६ |
| १७. | हालैको बकसपत्र लिखत दर्ता बदर | प्रानमाया त्वायनासमेत वि. तुल्सीभक्त त्वायना | १७ |
| १८. | उत्प्रेषणसमेत | मन्दिप खड्कासमेत वि. पोखरा विश्वविद्यालय, पोखरा, ढुंगेपाटनसमेत | १९ |
| १९. | अदालतको अवहेलना | निरज प्रजापति वि. पदमनिधि सोतिसमेत | २१ |
| २०. | मानव बेचबिखन तथा ओसार पसार | नेपाल सरकार वि. मायादेवी (धवल) धोवी, माया धोवी (धवल) वि. नेपाल सरकार | २१ |
| २१. | शरीर बन्धक तथा कर्तव्य ज्यान | यज्ञराज कामी वि. नेपाल सरकार, नेपाल सरकार वि. अनुभव भन्ने हिरा कार्की | २२ |
| २२. | अंश चलन | दीप प्रधान चित्रकार वि. विमल चित्रकार | २३ |
| २३. | उत्प्रेषण / परमादेशसमेत | डा. अच्युतविक्रम हमाल वि. लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगर काठमाडौंसमेत | २५ |
| २४. | बन्दी प्रत्यक्षीकरण | सुर्यमान थापा (मगर) वि. नेपाल सरकार, गृह मन्त्रालय, कारागार कार्यालय, धादिङ, धादिङवेशीसमेत | २८ |
| २५. | बन्दी प्रत्यक्षीकरण | मकेश्वर महतो वि. महोत्तरी जिल्ला अदालत, जलेश्वरसमेत | २९ |
| २६. | अपुताली हक कायम | मन्दरदेवी राना वि. रूकमणी रानासमेत | २९ |
| २७. | खिचोला मेटाई घर भत्काई चलन | हिरालाल राउत कुर्मी वि. रामसवारीदेवीसमेत | ३१ |
| २८. | उत्प्रेषण / परमादेश | सरस्वती ढुङ्गेलसमेत वि. श्री उच्च अदालत विराटनगर, इलाम इजलास, इलामसमेत | ३३ |

| | | | |
|---|---|---|---|
| **इजलास नं. ३** | | | **३४ – ३७** |
| २९. | अंश नामसारी चलन | कमलादेवी प्रसाईँ वि. कृष्णदेवी प्रसाईँ | ३४ |
| ३०. | बन्दी प्रत्यक्षीकरण | भरतराम चौधरी वि. दाङ देउखुरी जिल्ला अदालत लगत तहसिल फाँट घोराही दाङसमेत | ३५ |
| **इजलास नं. ४** | | | **३७ – ४६** |
| ३१. | उत्प्रेषणयुक्त परमादेशसमेत | नारायणप्रसाद तिम्सिना वि. परीक्षा नियन्त्रण कार्यालय, महेन्द्र संस्कृत विश्वविद्यालय परिवर्तित नाम नेपाल संस्कृत विश्वविद्यालय, दाङसमेत | ३७ |
| ३२. | उत्प्रेषण / परमादेश | सुदिप मिश्र वि. प्रशासकीय अदालत, सिंहदरबार काठमाडौंसमेत | ३९ |
| ३३. | बन्दी प्रत्यक्षीकरण | ललिजङ बम वि. महानगरीय प्रहरी वृत्त सिंहदरबार, काठमाडौंसमेत | ४० |
| ३४. | बन्दी प्रत्यक्षीकरण | आवद्ध आभा पराजुली वि. कारागार कार्यालय सुर्खेतसमेत | ४१ |
| ३५. | कर्तव्य ज्यान र ज्यान मार्ने उद्योग | भगवान् भन्ने सञ्जय इस्माली मगर वि. नेपाल सरकार | ४२ |
| ३६. | लागु औषध खैरो हिरोइन | मनिष झवाली वि. नेपाल सरकार | ४५ |
| **इजलास नं. ५** | | | **४६ – ५२** |
| ३७. | फैसला मिलापत्र बदर | प्रेमबहादुर सुनार वि. प्रभा आचार्यसमेत | ४६ |
| ३८. | आयकर (०६६।०६७) | शंकरप्रसाद खरेल वि. शेखर गोल्छा | ४७ |
| ३९. | लागु औषध (चरेस) | दिलबहादुर श्रेष्ठ वि. नेपाल सरकार | ४९ |
| ४०. | उत्प्रेषण / परमादेश | बेचन यादव वि. मालपोत कार्यालय, सप्तरीसमेत | ५० |
| ४१. | मिलापत्र बदर फैसला बदर दर्ता बदर दर्ता कायम | इन्द्रकुमारी राई वि. विष्णुकुमारी राईसमेत | ५१ |

## संयुक्त इजलास

१

**स.का.मु.प्र.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री नहकुल सुवेदी,** *०७५-CR-१६८२, कर्तव्य ज्यान र डाँका, नेपाल सरकार वि. सागर तामाङसमेत*

प्रतिवादी प्रिती शेर्पा भन्ने मिङमार डोल्मा लामा मौकामा र अदालतमा समेत आरोपित कसुरमा इन्कार रही बयान गरेको देखिन्छ । प्रतिवादीहरू सागर तामाङ र रेशम तामाङ भन्ने रेशमबहादुर रूम्वा तामाङले मौकाको बयानमा निज प्रतिवादी प्रिती शेर्पा भन्ने मिङमार डोल्मा लामाले मृतक पदम लामालाई कुटपिट गरेको भनी भन्न सकेको छैन । निज प्रतिवादी होटलबाहिर कम्पाउन्डमा उभिरहेको देखेको भनी सागर तामाङले उल्लेख गरेकोसम्म देखिन्छ । प्रतिवादीहरू कोही कसैले पनि प्रतिवादी प्रिती शेर्पा भन्ने मिङमार डोल्मा लामाले पदम लामालाई कुटपिट गरेको देखेको हुँ भनी भन्न सकेको देखिएन । यी प्रतिवादी होटल सञ्चालक रहेकी र निजको होटलमा मादक पदार्थ सेवन गर्न मृतक पदम लामा र निजका साथीहरू तथा प्रतिवादी सागर तामाङ र निजका साथीहरू आई मादक पदार्थ सेवन गरी होटलभित्र र होटलबाहिर कम्पाउन्डमा समेत कुटपिट गरी छुरी हान्ने कार्य गरेको हुँदा वारदातस्थलमा यी प्रतिवादी प्रिती शेर्पा भन्ने मिङमार डोल्मा लामा मौजुद रहेको तथ्यसम्म स्थापित हुन आउँछ । निज प्रतिवादीले कुटपिट गरेको हुन् भनी कुनै प्रतिवादीले पोल गरेको देखिएन । तर यी प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष मृतकलाई सागर तामाङले होटलबाहिर कम्पाउन्डमा छुरीसमेत प्रहार गरेको देखी छुट्याउन जाँदा सागर तामाङले हुत्याउँदा म लडेँ, पुनः उठेर हेर्दा सागर तामाङले मृतकलाई छुरी प्रहार गरिरहेको देखेँ । त्यसपछि सागर तामाङ र रेशम तामाङसमेत छुरीसहित भागेका हुन् भनी बयान गरी वारदातस्थलमा उपस्थित रहेको देखिन्छ भने सागर तामाङले प्रतिवादी प्रिती शेर्पा भन्ने मिङमार डोल्मा लामाको सिरानीमा रहेको छुरी प्रयोग गरेको भन्नेसमेत देखिने ।

प्रतिवादीहरू बाबुराम तामाङ र रामबहादुर गुरूङ भन्ने यमबहादुर गुरूङको हकमा विचार गर्दा निजहरू मौकामा र अदालतसमेतमा आरोपित कसुरमा इन्कार रही बयान गरेको पाइन्छ । सह-प्रतिवादीहरूले समेत वारदातमा यी प्रतिवादीहरू बाबुराम तामाङ यमबहादुर गुरूङको संलग्नता रहेको भनी कहीँकतै खुलाएको देखिँदैन । जाहेरवाला तथा मौकामा कागज गर्ने मानिस तथा वस्तुस्थिति मुचुल्काका मानिसहरूले समेत यी प्रतिवादीहरूको वारदातमा संलग्नता रहेको भनी प्रस्ट रूपमा भन्न सकेको देखिएन । फौजदारी मुद्दामा अभियुक्तउपरको कसुर प्रमाणित गर्ने भार वादी नेपाल सरकारको हुन्छ । तर प्रस्तुत मुद्दामा यी प्रतिवादीहरूले आरोपित कसुर गरेका भनी वादी नेपाल सरकारको तर्फबाट कुनै विश्वसनीय आधार, प्रमाण देखाउन सकेको नपाइँदा प्रतिवादीहरू बाबुराम तामाङ र रामबहादुर गुरूङउपरको आरोपित कसुर पुष्टि हुन सक्ने अवस्था नदेखिने ।

प्रतिवादीहरूले अनुसन्धानको क्रममा कर्तव्य ज्यानको कसुर स्वीकार गरी बयान गरेको देखिएको भए तापनि धनमाल लगेको विषयमा इन्कार रहेको देखिन्छ । यी प्रतिवादीहरूको साथबाट मृतकको साथमा रहेको मोबाइल तथा नगद बरामद भएको अवस्थासमेत देखिँदैन । उक्त मोबाइल तथा नगद प्रतिवादीहरूमध्ये यो यसले यसरी लगेको भन्ने यकिन दाबीसमेत देखिँदैन । यस स्थितिमा वादी पक्षले

आरोपित कसुर पुष्टि हुने कुनै विश्वसनीय सबुद प्रमाण पेस गर्न सकेको नदेखिँदा केवल अभियोग लगाइएको आधारमा मात्र डाँका गरेको कसुर स्थापित हुनसक्ने नदेखिँदा सोतर्फको अभियोग दाबी नपुग्ने।

प्रतिवादी प्रिती शेर्पा भन्ने मिङमार डोल्मा लामालाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद सजाय हुने र प्रतिवादीहरू बाबुराम तामाङ र रामबहादुर गुरूङ भन्ने यमबहादुर गुरूङलाई कसुरबाट सफाइ दिने ठहराएको सुरू काठमाडौं जिल्ला अदालतको फैसला केही उल्टी भई प्रतिवादी प्रिती शेर्पा भन्ने मिङमार डोल्मा लामालाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७(३) नं. बमोजिम ३(तीन) वर्ष कैद सजाय हुने र अन्यको हकमा सुरू सदर हुने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०७२।९।७ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : राजकुमार दाहाल
कम्प्युटर : चन्दनकुमार मण्डल
इति संवत् २०८० वैशाख १० गते रोज १ शुभम्।

## २

**स.का.मु.प्र.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री नहकुल सुवेदी**, *०७५-CR-२५४३, ०७९-CR-१०३७, जबरजस्ती करणी, अहमुद्दिन मियाँ वि. नेपाल सरकार, अख्तर हुसैन मियाँ वि. नेपाल सरकार*

मौकाको जाहेरी दरखास्त, सो जाहेरी बेहोरालाई पुष्टि हुने गरी जाहेरवालाले अदालतमा गरेको बकपत्र, पीडितले यी प्रतिवादीहरूले आफूलाई जबरजस्ती करणी गरेको भनी गरेको बकपत्र तथा पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनसमेतका आधारमा प्रतिवादीहरूको मौकाको साबिती बयान समर्थित हुन आएको र निजहरूले अदालतमा गरेको इन्कारी बयान सबुद प्रमाणबाट समर्थित भएको नदेखिँदा यी प्रतिवादीहरूलाई केवल अदालतको इन्कारी बयानका आधारमा आरोपित कसुरबाट सफाइ दिन मिलेन। प्रतिवादीहरू अहमुद्दिन मियाँ र अख्तर हुसेन मियाँले पीडित ए कुमारीलाई मिति २०७३/४/१ गतेका दिन सामूहिक रूपमा जबरजस्ती करणी गरेको तथ्य स्थापित हुने।

मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. मा कसैले कुनै महिलालाई निजको मन्जुरी नलिई करणी गरेमा वा सोह्र वर्षभन्दा कम उमेरकी बालिकालाई निजको मन्जुरी लिई वा नलिई करणी गरेमा निजले जबरजस्ती करणी गरेको ठहर्छ भन्ने व्यवस्था रहेको, सोबमोजिम जबरजस्ती करणीको कसुर भएकोमा सोही महलको ३ नं. को देहाय (३) मा चौध वर्ष वा सोभन्दा बढी सोह्र वर्षभन्दा कम उमेरकी महिला भए छ वर्षदेखि दश वर्षसम्म कैद सजाय हुने व्यवस्था देखिएको र ऐ. ३क. नं. मा सामूहिक रूपमा जबरजस्ती करणी गर्नेलाई थप ५(पाँच) वर्ष कैद गर्नुपर्ने कानूनी व्यवस्था देखिन्छ। मिसिलबाट पीडित १४ वर्षभन्दा बढी र १६ वर्षभन्दा कम उमेरकी देखिएकोले प्रतिवादीहरूलाई उल्लिखित कानूनी व्यवस्थाबमोजिम ७(सात) वर्ष कैद सजाय गरी ऐ. ३क. नं. बमोजिम थप ५(पाँच) वर्ष कैद गरेको उच्च अदालत विराटनगरको फैसला मनासिब देखिँदा अन्यथा गर्नुपर्ने नदेखिने ।

प्रतिवादीहरू अहमुद्दिन मियाँ र अख्तर हुसेन मियाले पीडित ए कुमारीलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ र ३(३) नं. विपरीत जबरजस्ती करणी गरेको पुष्टि भएबाट निज प्रतिवादीहरूलाई ऐ. महलको ३ नं. को देहाय (३) बमोजिम ७(सात) वर्ष कैद र सोही महलको ३क. नं. बमोजिम सामूहिक जबरजस्ती करणीतर्फ थप ५(पाँच) वर्ष कैदसमेत गरी जम्मा १२(बाह्र) वर्ष कैद हुने र सोही महलको

१० नं. बमोजिम प्रतिवादीहरूबाट पीडितलाई जनही रू.५०,०००।- (पचास हजार) क्षतिपूर्तिसमेत भराइदिने गरी सुरू सुनसरी जिल्ला अदालतबाट मिति २०७५/२/२१ मा भएको फैसला सदर हुने ठहऱ्याई उच्च अदालत विराटनगरबाट मिति २०७५।११।२८ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : राजकुमार दाहाल

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०८० वैशाख १० गते रोज १ शुभम्।

## इजलास नं.१

### ३

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ**, *०७४-CR-१४०१, जबरजस्ती करणी, रामबहादुर चन्द वि. नेपाल सरकार*

मिति २०७३/१०/१३ गते राति ८:०० बजेको समयमा मेरै घर गोठबाट प्रतिवादी रामबहादुर चन्दले पीडितको शरीरमाथि चढी करणी गर्न लागेको अवस्थामा उमापति भट्ट र नारायण चन्दले देखेपश्चात् प्रतिवादी भागेका हुन् भन्नेसमेत बेहोरा खुलाई किटानी जाहेरी परेको देखियो । रातको समयमा जाहेरवालाको घरभित्र आगो बालेको, पीडित आफैँ बोलिरहेको सुनी उमापती भट्टसँगै हेर्न गएको, घटनास्थलमा प्रतिवादी रामबहादुर चन्द पीडितको शरीरमाथि चढेको देखेको, सो समयमा पीडितको तल्लो शरीरमा कुनै कपडा नभएको, प्रतिवादी भागेको भनी प्रत्यक्षदर्शी नारायण चन्द र उमापती भट्टले घटना विवरण कागजमा उल्लेख गरेको देखिन्छ । निजहरूको सो घटना विवरण कागज बेहोरा र जाहेरी दरखास्तलाई जाहेरवाला ४(क) ले समर्थन गरी अदालतमा बकपत्रसमेत गरेको देखिन्छ । पीडित अपाङ्ग रहेको भन्ने सरकारी निकायबाट जारी भएको परिचयपत्रबाट देखिएको छ। पीडितले सोधिएको प्रश्न अनुसारको युक्तियुक्त जवाफ नदिएको, बहकिएको जस्तो अप्रासङ्गिक कुरा गरेको तथ्य खुलाई अदालतले समेत प्रमाणित गरेको देखियो। निज पीडित मानसिक रूपमा अपाङ्ग रहेको कुरालाई अन्यथा मान्नुपर्ने उचित कारण देखिँदैन। प्रत्यक्षदर्शी नारायण चन्द, उमापतीसमेतको भनाइमा विश्वास गर्नु नपर्ने कुनै मनासिब कारणसमेत रहेको पाइएन । घटना विवरण कागज गर्ने खड्कबहादुर चन्दको कागजबाट पनि प्रतिवादीउपरको अभियोग दाबी समर्थित भएको देखिन्छ । अनुसन्धानको क्रममा पीडित र प्रतिवादीबाट लिएको सुरूवाल कट्टु र योनि स्वाब परीक्षण गर्दा योनि स्वाबमा SPERM CELL WERE DETECTED ON EXHIBIT NO 6 भनी उल्लेख भएको छ । प्रतिवादीको मोवाइल पीडितको साथमा रहन पुगेको देखिएको छ । प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानमा पीडितलाई एकपटक करणी गरेको हुँ, नारायण चन्द र उमापती भट्ट वारदातस्थलमा पुग्दा उक्त स्थानबाट भागेको हुँ भनी आरोपित कसुर स्वीकार गरेको देखिन्छ। आफू उक्त वारदातमा जाँदा पीडितले आगो बालेर बसेकी, निज पीडितलाई तिम्रो बुवा घर आएकि भनी सोध्दा दाउराको अगुल्टाले प्रहार गर्दै ढुङ्गासमेत हान्न थालिन् भन्नेसमेत बेहोरा उल्लेख गरी अदालतमा जबरजस्ती करणी गरेकोमा इन्कारी रहेको भए पनि वारदातस्थलमा गएको तथ्य स्वीकार नै गरेको पाइयो । निज प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेको भनी अनुसन्धान अधिकारीसमक्ष कुनै डर, धाक, अनुचित प्रभावमा परी गरेको भन्ने कुरा प्रतिवादीले पुष्टि गर्न सकेको देखिँदैन। यस अवस्थामा मानसिक

रूपमा अपाङ्ग रहेकी पीडितलाई प्रतिवादीले करणी गरेको तथ्य शंकारहित तवरबाट पुष्टि भएको देखिने।

प्रतिवादी रामबहादुर चन्दलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(५) नं. बमोजिम पाँच वर्ष र ३क. नं. बमोजिम पाँच वर्षसमेत गरी कुल १० (दश) वर्ष कैद सजाय तथा जबरजस्ती करणीको महलको १० नं. बमोजिम पीडित ३(क) देवीलाई रू.३०,०००/- प्रतिवादीबाट क्षतिपूर्ति भराइदिने ठहर गरेको सुरू अदालतको फैसला सदर गरेको उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासको मिति २०७४/१२/५ को फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत : शैलेन्द्र खड्का
कम्प्युटर : कृष्ण गिरी
इति संवत् २०७९ साल चैत ६ गते रोज २ शुभम्।

**४**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ**, *०७५-CR-२३५२, जबरजस्ती करणी, परिवर्तित नाम कपिलवस्तु ५१(ग) वि. नेपाल सरकार*

प्रतिवादी परिबर्तित नाम कपिलवस्तु ५१(ग) ले आफ्नै सहोदर बहिनी सुस्त मनस्थिती भएकी वर्ष २६ की पीडित परिवर्तित नाम कपिलवस्तु ५१(क) लाई जबरजस्ती करणी गरेको भन्ने अभियोग दाबी रहेको देखिन्छ। प्रतिवादी र पीडित सहोदर दाजु-बहिनी नाताका मानिस भएको तथ्यमा विवाद देखिँदैन । पीडित सुस्त-मनस्थितिकी मानिस हुन् भन्ने कुरामा पनि विवाद रहेको पाइएन। प्रतिवादीले बहिनीउपर जबरजस्ती करणी गरेको भनी किटानी जाहेरी परेको देखिन्छ । प्रतिवादी कपिलवस्तु ५१(ग) ले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा मिति २०७३/७/१५ गते राति ११ बजेको समयमा मलाई करणी गर्न मन लागेकाले बिस्तारबाट उठी घरको छतमा गई सुतिरहेकी वर्ष २६ की कपिलवस्तु ५१(क) लाई करणी गरेको हो भनी आरोपित कसुर स्वीकार गरेको देखिन्छ। पीडितको कथन अनुसार प्रतिवादीले ज्यान मार्ने धम्की, डर, त्रास देखाएको, बोल्न-चल्न हारगुहार गर्न नदिएको, इच्छाविपरीत जबरजस्ती करणी गरेको भन्ने देखिएको छ । पीडित सुस्तमनस्थितिकी भएकाले अनुसन्धानका क्रममा साङ्केतिक भाषा बुझ्ने कल्पना ढकाल, सीता दर्नाल र मिना परियारसमेतको रोहबरमा पीडित र प्रतिवादीलाई एकै ठाउँमा राखी पीडितले बताएबमोजिम कागज गरेको देखिन्छ । कागज गरिएको परिस्थिति र प्रतिवादी तथा पीडित दाजु-बहिनी नाताका मानिस रहेको सन्दर्भमा हेर्दा अनुसन्धानका सन्दर्भमा प्रतिवादीले गरेको साबिती बयान र पीडितको भनाइमा विश्वास गर्नु नपर्ने कुनै कारण देखिँदैन । पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनबाट पीडितको योनिको झिल्ली च्यातिई योनिमा रगत देखिएको र कपडा पनि भिजेको भन्ने देखिएको छ। बुझिएका मानिसको भनाइबाट समेत प्रतिवादीले आरोपित कसुर गरेको तथ्य समर्थित भएको पाइने।

पीडित सुस्त मनस्थितिकी भएकीले आफूसँग रिसइवी भएका गाउँका मानिसहरूले पीडितलाई उक्साई जाहेरी दिएकी हुन् भनी प्रतिवादीले अदालतसमक्ष बयान गर्दा जिकिर लिएको भए पनि सो कथन विश्वसनीय देखिँदैन । मलखादको विषयलाई लिएर बहिनीलाई प्रयोग गरी दाजुउपर जबरजस्ती करणीको आरोप लगाउने कुरा पत्यारलायक छैन। प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको साबिती बयान निजले डर, त्रास वा दबाबमा परी इच्छाविपरीत गरेको भन्ने देखिने कुनै तार्किक आधार विद्यमान रहेको पाइएन। तसर्थ, निज प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष

गरेको साबिती बयान प्रमाण ऐन, २०३१ को दफा ९बमोजिम प्रमाणयोग्य नै देखिने।

प्रमाणबाट प्रतिवादीले आफ्नै सहोदर बहिनी नाताकी सुस्त-मनस्थिति भएकी व्यक्तिउपर जबरजस्तीको रोहरीतबाट करणी गरेको तथ्य प्रमाणबाट शंकारहित तवरले पुष्टि भएको हुँदा निज प्रतिवादी परिवर्तित नाम कपिलवस्तु ५१(ग) लाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. र ३ नं. को देहाय ५ बमोजिम पाँच वर्ष कैद, ३क. नं. बमोजिम थप पाँच वर्ष कैद, र हाडनाता करणीको महलको १ नं. बमोजिम थप दश वर्ष कैद गरी कुल २० (बिस) वर्ष कैद सजाय हुने ठहर गरेको सुरू जिल्ला अदालतको फैसला सदर गरेको उच्च अदालत तुल्सीपुर, बुटवल इजलासको मिति २०७५/९/१७ को फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत : हरिप्रसाद आचार्य

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७९ साल चैत्र २६ गते रोज १ शुभम्।

**५**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ**, *०७५-CR-२५६६, कर्तव्य ज्यान, मंगल भन्ने टुकुने कामी वि. नेपाल सरकार*

प्रतिवादीहरू रत्नी वि.क. र वीरबहादुर वि.क.लाई सफाइ दिएको फैसलाउपर वादी नेपाल सरकारको यस अदालतमा पुनरावेदन पर्न आएको नदेखिएको हुँदा सो हदमा अहिले विचार गरिरहन परेन। प्रतिवादीमध्येका टुकुने कामीका सम्बन्धमा विचार गर्दा, मृतक भगवती भुजेल साँझको समयमा प्रतिवादी टुकुने कामीको घरमा आई बसेको, निजको साथमा रहेको चाबी लगाएको झोलाभित्र नगद र सुन चाँदी  छ भन्ने ठानेर सम्पत्ति लिने खाने नियतले टुकुने कामीले ढुङ्गाले हानी भगवती भुजेललाई कर्तव्य गरी मारेको र निजैले लाससमेत फालेको कुरामा साबित भई निज प्रतिवादी टुकुने कामीले अधिकारप्राप्त अधिकारीसमक्ष तथा अदालतमा समेत बयान गरेको देखियो। लास, जाँच मुचुल्का, POST MORTEM REPORT, घटनास्थल प्रकृति, जाहेरवालालगायत बुझिएका मानिसहरूको कथन, सह-अभियुक्तको पोलसमेतका समग्र प्रमाणबाट प्रतिवादी टुकुने कामीले अदालतमा गरेको साबिती बयान समर्थित भएको छ। तसर्थ, निजै टुकुने कामीको कर्तव्यबाट भगवती भुजेलको हत्या भएको हो भन्ने कुरामा कुनै सन्देह नरहने।

इनरूवा जाने यात्राको क्रममा रात परेकाले भगवती भुजेल प्रतिवादीको घरमा बास बस्न पुगेकी, निजको साथमा ताला चाबी लगाएको झोला रहेको, सो झोलाभित्र सुन चाँदी आदि धन-सम्पत्ति रहेको भन्ने अनुमान गरी लिने खाने लोभ प्रतिवादी टुकुने कामीमा पलाएको र परिणामस्वरूप यात्राबाट थाकेर आएकी र सुतेकी पाहुनाको टाउकोमा ढुङ्गाले हानी मारेको र झोला खोलखाल गरेको भन्ने घटनाक्रम देखिएको छ। यसलाई विश्वासको घात गरी भएको गम्भीर प्रकृतिको आपराधिक मनसायसहितको निर्मम हत्या भनी मान्नुपर्ने हुन्छ। यस प्रकारको कसुरको विषयमा कानूनबमोजिम हुने ठहर भएको सजायमा सहुलियत दिने गरी घटी सजाय कायम गर्नु मनासिब नदेखिने।

प्रतिवादी टुकुने कामीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने र परिवर्तित कानूनी व्यवस्था मुलुकी अपराध संहिता, २०७४ को सन्दर्भमा सर्वश्वसम्म गर्न नपर्ने भनी उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुंगाबाट मिति

२०७५/९/१५ मा भएको फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत : हरिप्रसाद आचार्य

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७९ साल चैत्र २६ गते रोज १ शुभम्।

## ६

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ**, *०७७-CR-०७१२, अ*

मिति २०६१/७/६ गते प्रतिवादी जीवबहादुर नेपाली र निजको पत्नीबिचको घरझगडा छुट्याउन सम्झाइ फर्कने क्रममा हेमबहादुर नेपालीलाई जीवबहादुरले टाउको र कन्चटमा चिर्पट दाउराले प्रहार गरेको र सोही चोट, पीरको कारणबाट उपचारको क्रममा मिति २०६१/७/७ गते हेमबहादुर नेपालीको मृत्यु भएको तथ्यमा विवाद देखिएन । वारदातको अवस्थामा उपस्थित मानिस तथा घटनाको तत्कालपछि वारदातस्थलमा पुगेका मानिसहरूको भनाइ, जाहेरी बेहोरा, साक्षीहरूको बकपत्र, प्रतिवादी जीबबहादुर नेपालीले अधिकारप्राप्त अधिकारीसमक्ष तथा अदालतमा गरेको बयानलगायतका समग्र प्रमाणबाट प्रतिवादी जीवबहादुर नेपालीले प्रहार गरेको चिर्पटले टाउकोमा चोट परी हेमबहादुर नेपालीको मृत्यु भएको कुरा शंकारहित तवरबाट प्रमाणित भएको देखियो। मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम प्रतिवादीलाई सजाय हुने ठहर गरेको उच्च अदालतको फैसलाउपर निज प्रतिवादी जीबबहादुर नेपालीको यस अदालतमा पुनरावेदनसमेत पर्न आएको देखिँदैन। तसर्थ, उल्लिखित हदसम्म विवाद रहेको नदेखिएकाले सोतर्फ थप विवेचना गरिरहन नपर्ने।

मुलुकी ऐन, ज्यानसम्बन्धीको १४ नं. मा ज्यान मार्नाको मनसाय रहेनछ, ज्यान लिनुपर्नेसम्मको इवी पनि रहेन छ, लुकी चोरीकन हानेको पनि रहेनछ, उसै मौकामा उठेको कुनै कुरामा रिस थाम्न नसकी जोखिमी हतियारले हानेको वा विष खुवाएकोमा बाहेक साधारण लाठा, ढुंगा, लात मुक्का इत्यादि हान्दा सोही चोट पीरले ऐनका म्यादभित्र ज्यान मरेमा दश वर्ष कैद हुने प्रावधान रहेको देखिन्छ । प्रस्तुत मुद्दाका प्रतिवादी जीवबहादुर नेपाली र मृतक हेमबहादुर नेपालीका बिच कुनै प्रकारको रिसइवी वा ज्यान मार्नेसम्मको मनसाय रहेको कुरा कहीँकतैबाट खुल्न आएको देखिएन। प्रतिवादीले लुकी-चोरी प्रहार गरेको भन्ने अवस्था पनि देखिँदैन। प्रतिवादीले कुनै जोखिमी हतियार प्रयोग गरेको नभई सामान्य लाठी प्रहार गरेको देखिएको छ। प्रतिवादीको पति-पत्नीबिच भइरहेको गृह-कलहको कुरामा सम्झाउन वा बिच-बचाउ गर्न गएको अवस्थामा मादक पदार्थ सेवन गरी केही उत्तेजनाको अवस्थामा रहेका प्रतिवादीले तत्काल उठेको रिस वा आवेशको कारणबाट लाठी प्रहार गर्दा कुठाउँमा लाग्न पुगेर हेमबहादुर नेपालीको मृत्यु हुन पुगेको देखिन्छ। यस प्रकारको वारदातलाई आवेशप्रेरित हत्याको वारदात हो भनी मान्नु नै मनासिब र तर्कसङ्गत हुने।

प्रतिवादी जीवबहादुर नेपालीले हेमबहादुर नेपालीलाई तत्काल उठेको रिसको कारणबाट आवेशप्रेरित हत्याको रोहरीतबाट साधारण लाठीले प्रहार गर्दा मृत्यु हुन गएको देखिएको हुँदा निज प्रतिवादी जीवबहादुर नेपालीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम १० (दश) वर्ष कैद हुने ठहर गरेको उच्च अदालत तुल्सीपुर, बुटवल इजलासको मिति २०७६/१०/२८ को फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत : हरिप्रसाद आचार्य

कम्प्युटर : कृष्ण गिरी

इति संवत् २०७९ साल चैत २६ गते रोज १ शुभम्।

**७**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ**, *०७७-CR-०६१२, कर्तव्य ज्यान, नेपाल सरकार वि. दशरथ अहिरसमेत*

प्रतिवादी दशरथ अहिरलाई ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम सजाय हुने ठहर गरेको उच्च अदालतको फैसलाउपर निजको यस अदालतमा पुनरावेदन पर्न आएको देखिँदैन । पति-पत्नीबिचको असमझदारी र घरायसी विवादको परिणामस्वरूप भनाभन, कुटपिट, धकेल-पकेल भएको र निर्मला यादवको टाउकोमा चोट लाग्न पुगेर उपचारको क्रममा निजको मृत्यु भएको देखिन्छ । प्रतिवादी दशरथ अहिरले प्रहरी अनुसन्धानको क्रममा तथा अदालतमा बयान गर्दा मृतकसँग खाना पकाउने/खाने विषयमा वादविवाद भएको र तत्काल उठेको रिसबाट आवेशमा आई बाँसको लाठी / दाउराले प्रहार गरेको, त्यसपछि भागेको भनी उल्लेख गरेको देखिन्छ । बिहान करिब ८ बजेको समयमा घरबाहिर अन्य गाउँका मानिसले समेत देख्न सक्ने ठाउँमा घटना भएको देखिँदा ज्यान मार्ने मनसाय राखेर पूर्वनियोजित कार्य गरेको भन्न मिल्ने अवस्था पनि देखिँदैन । लुकीचोरी हानेको वा जोखिमी हतियार नै प्रयोग गरेको भन्ने तथ्य पनि स्थापित हुन सकेको पाइएन । निर्मला यादवलाई फलामको सरिया प्रहार गरी हत्या गरेको भन्ने जाहेरी कथन प्रतिवादी दशरथ अहिरले प्रहरी अनुसन्धानको क्रममा गरेको बयानलगायत अन्य कुनै प्रमाणबाट समर्थित भएको देखिएन । मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. मा ज्यान मार्नाको मनसाय रहेनछ, ज्यान लिनुपर्नेसम्मको इवी पनि रहेनछ, लुकीचोरीकन हानेको पनि रहेनछ, उसै मौकामा उठेको कुनै कुरामा रिस थाम्न नसकी जोखिमी हतियारले हानेको वा विष खुवाएकोमा बाहेक साधारण लाठा, ढुंगा, लात, मुक्का इत्यादि हान्दा सोही चोटपीरले ऐनका म्यादभित्र ज्यान मरेमा दश वर्ष कैद गर्नुपर्ने व्यवस्था रहेको देखिन्छ । उल्लिखित कानूनी प्रावधान प्रस्तुत वारदातका सन्दर्भमा प्रतिवादी दशरथ अहिरका हकमा आकर्षित हुने नै देखिने ।

अन्य प्रतिवादीहरू मिहिलाल अहिर र नागेश्वर अहिरउपर मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७ नं. को देहाय (३) बमोजिम सजायको मागदाबी लिइएको देखिन्छ । निज प्रतिवादीहरू अधिकारप्राप्त अधिकारीसमक्ष तथा अदालतमा बयान गर्दासमेत कसुरमा इन्कार रहेको पाइयो । निजहरूको इन्कारी बयान साक्षीको बकपत्रबाट समर्थित भएको देखिन्छ । निज प्रतिवादीहरूले निर्मला यादवको ज्यान मार्न दशरथ अहिरलाई वचन दिएको, उक्साएको, मुकदर्शक भएको वा अन्य तवरबाट कसुरजन्य कार्य गरेको भन्ने कुरा कुनै पनि भरपर्दो प्रमाणबाट समर्थित हुन आएको पाइएन । केवल जाहेरवालाले शङ्का र अनुमानका आधारमा गरेको पोललाई नै निर्णायक प्रमाण मानेर कसुरदार ठहर गर्नु न्यायोचित देखिँदैन । तसर्थ, निजहरूले अभियोग दाबीबाट सफाइ पाउने नै देखिने ।

प्रतिवादी दशरथ अहिरले निजकी पत्नी निर्मला यादवलाई आवेशप्रेरित हत्याको रोहरीतबाट टाउकोमा बाँसको लाठी प्रहार गरी मारेको कसुरमा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम १० (दश) वर्ष कैद सजाय हुने र प्रतिवादीहरू मिहिलाल अहिर र नागेश्वर अहिरलाई अभियोग मागदाबीबाट सफाइ दिने गरी सुरू बर्दिया जिल्ला अदालतबाट भएको फैसला सदर गरेको उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासको मिति २०७६/७/२५ को फैसला मनासिब देखिँदा सदर

हुने ।

इजलास अधिकृत : हरिप्रसाद आचार्य

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७९ साल चैत्र २६ गते रोज १ शुभम् ।

८

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ**, *०७९-WH-०२०९, बन्दीप्रत्यक्षीकरण, कृष्णजंग श्रेष्ठ वि. उच्च अदालत पाटन, हेटौंडा इजलाससमेत*

किर्ते मुद्दामा गरिएको न्यायिक कारबाही/सुनुवाइ प्रक्रियामा रिट निवेदक कृष्णजंग श्रेष्ठको उपस्थिति र संलग्नता रहेको तथ्यमा विवाद छैन । मुद्दामा फैसला भएपछि लागेको कैदमा बस्नु नपरोस् भनी निजले न्यायिक प्रक्रियामा समर्पण गर्न नआई छल्न प्रयत्न गरेको देखिएको छ । मुद्दा फैसला भएको लगभग छ वर्षपछि पक्राउ परेको र त्यसपछि मात्र लगत्तै सुविधा माग गरेको देखिएको हुँदा निजले न्यायिक प्रक्रियामा सहयोग र समर्पण गरेको भनी मान्न मिल्ने देखिँदैन । न्यायिक प्रक्रियामा सहयोग र समर्पण नगर्ने व्यक्तिलाई उल्लिखित दफा १५५ बमोजिमको सुविधा प्रदान गर्न नमिल्ने ।

रिट निवेदकले यही मुद्दाका सह-अभियुक्त भोला महतोलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ बमोजिम सुविधा प्रदान गरिएको हुँदा आफ्नो हकमा समेत समान व्यवहार हुनुपर्दछ भनी दाबी गरेको सन्दर्भमा पनि केही प्रस्ट पार्नु आवश्यक हुन आएको छ । वस्तुत: समानताको कुरा निरपेक्ष हुँदैन । यसलाई विषय र सन्दर्भ अनुसार सापेक्षिक रूपमा हेरिनु र मूल्याङ्कन गरिनुपर्दछ । सह-अभियुक्त भोला महतोलाई मिति २०७७/१२/१३ मा दफा १५५ बमोजिमको सुविधा प्रदान गरिएको देखिन्छ । सो समय कोभिड-१९ महामारीको पहिलो चरणको जटिल अवस्था भएकाले राज्यस्तरमा देखा परेको स्वास्थ्य चिन्ता र संवेदनशीलतालाई हेरेर त्यसबेला कानूनी सुविधा प्रदान गर्ने कुरामा केही लचकता अपनाउनु आवश्यक थियो । यस अदालतबाट बन्दाबन्दीको अवधिलाई शून्य अवधि कायम गर्ने भनी आदेश जारी भएको तथ्यबाट पनि तत्कालीन स्वास्थ्य संवेदनशीलताको स्थिति प्रस्ट हुन्छ । अहिले त्यस प्रकारको सङ्क्रमणको महामारी र बन्दाबन्दीको अवस्था कायम छैन । त्यसैले भोला महतोको दृष्टान्त अगाडि सारेर निवेदक कृष्णजंग श्रेष्ठले सुविधा पाउने स्थिति देखिँदैन । कदाचित् भोला महतोलाई सुविधा प्रदान गरिएको कुरालाई समानताको मापदण्डबाट हेर्दा पनि जिल्ला अदालत तहबाट कानूनको त्रुटिपूर्ण प्रयोग भएको दृष्टान्त हेरेर यस अदालतबाट विधि र पद्धतिप्रतिकूल हुने गरी व्याख्या गरी आदेश जारी गर्नु मनासिब हुँदैन । यदि भोला महतोको सन्दर्भमा जिल्ला अदालतबाट आदेश गर्दा कुनै कानूनी वा न्यायिक त्रुटि कायम रहेको थियो भने पनि कानूनको प्रयोग र व्याख्या गर्ने विषयमा यस अदालतबाट सुधारका लागि मार्गनिर्देश गर्नु मनासिब हुन्छ । केवल समान व्यवहार भन्ने कुराको आवरणमा त्रुटिपूर्ण अभ्यासलाई यस अदालतले निरन्तरता प्रदान गर्नु उचित देखिँदैन । सुविधा मागको समय-सन्दर्भ हेर्दा भोला महतोको स्थिति र निवेदक कृष्णजंग श्रेष्ठको स्थितिमा आधारभूत अन्तर-भिन्नता रहेको देखिन्छ । तसर्थ, रिट निवेदकले उठाएको समानतासम्बन्धी प्रश्न मनासिब नदेखिने ।

अतः रिट निवेदक कृष्णजंग श्रेष्ठलाई साधिकार अदालतबाट कानूनबमोजिम भएको फैसला अनुसार सरकारी छाप दस्तखत किर्ते मुद्दामा भएको कैदबापत कानूनी प्रक्रिया पूरा गरेर थुनामा राखिएको देखिएको, निजलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ बमोजिम

सुविधा प्रदान गर्नुपर्नेसम्मको पूर्वावस्था विद्यमान रहेको नदेखिएको र निजलाई गैरकानूनी रूपमा बन्दी बनाएको भन्ने पनि नदेखिएको हुँदा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन। रिट निवेदन खारेज हुने।

वर्तमान सन्दर्भमा हेर्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ बमोजिम सुविधा माग गर्ने र सुविधा प्रदान गर्ने कुरामा विविधता कायम रहेको देखिएको छ। दफा १५५ को प्रयोगको विषयमा न्यायिक दृष्टिकोणहरूका बिच एकरूपता र स्पष्टता कायम हुनु वाञ्छनीय देखिन्छ। यस विषयमा यस अदालतबाट पटकपटक अनेकौँ विवादहरूका सन्दर्भमा व्याख्या र विवेचना भएका पनि छन्। यसरी प्रतिपादित सिद्धान्तहरूको प्रयोग र पालना गर्ने कुरामा द्विविधामा रहिरहनुपर्ने वा अलमलिनुपर्ने उचित कारण देखिँदैन । तथापि, सम्बद्ध सरोकारवालाहरूको बुझाइमा द्विविधा रहेको तथा विधि र पद्धति तर्फभन्दा सामान्य औपचारिकता निर्वाह गर्ने कुरातर्फ बढी झुकाव भएको भन्ने पनि बेला-मौकामा प्रतीत हुने गरेको छ। यस कुरामा तत्काल सुधार हुन वाञ्छनीय भएकाले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ को प्रयोगलाई हलुका, सतही वा रीत पुऱ्याउने प्रक्रियाको रूपमा प्रयोग नगरी यस अदालतबाट समय-समयमा भएका व्याख्या तथा प्रतिपादित सिद्धान्त, विधिशास्त्रीय मान्यता तथा दण्डहीनता नियन्त्रण गर्ने कुरामा रहेको न्यायिक जवाफदेहिता जस्ता कुराहरूको अनुकूल हुने गरी प्रयोग गर्न मातहतका सबै उच्च अदालत तथा जिल्ला अदालतहरूलाई निर्देशन दिनेसमेत ठहर्ने।

इजलास अधिकृत : विनोदप्रसाद घिमिरे

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०८० साल वैशाख २० गते रोज ४ शुभम्।

## ९

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७५-CR-२४९३, कर्तव्य ज्यान, नेपाल सरकार वि. मकरध्वज राई*

मिति २०७४/१२/१२ गते दिउसो अं. ५:०० बजेको समयमा प्रतिवादी मकरध्वज राई आफ्नै घरआँगनमा चित्रा बुन्दै गरेको अवस्थामा निजकी पत्नी  आइसरी राई बाहिरबाट मादक पदार्थ सेवन गरी मातेर आएको, निजले प्रतिवादीसँग निहुँ खोज्दै डोलो बाँसले पटकपटक कुटेको, प्रतिवादीले सोही बाँस खोसी आइसरीलाई हानेको र हुत्याइदिएको, त्यसपछि आइसरी लडेकी, निज नउठेपछि प्रतिवादीले बोकेर भान्सा घरमा लगेको र पानी खुवाउँदा खुवाउँदै निजको मृत्यु भएको भन्ने घटनाक्रम विवरण देखियो। जाहेरी बेहोरा, प्रतिवादी मकरध्वज राईले अनुसन्धान अधिकारीसमक्ष तथा अदालतमा बयान गर्दा आफूले प्रहार गरेको बाँसको चोटपीरबाट आइसरीको मृत्यु भएको हो भनी स्वीकार गरेको, बुझिएका मानिसहरूको कथनसमेत समग्र मिसिल प्रमाणबाट माथि उल्लेख गरिए अनुसारका घटनाक्रम र तथ्यहरू निर्विवाद रूपमा स्थापित भएको देखियो। उल्लिखित वारदातलाई सुरू जिल्ला अदालत तथा उच्च अदालतले मुलुकी ऐन, ज्यानसम्बन्धीको १४ नं. बमोजिम आवेशप्रेरित हत्याको वारदात कायम गरेको देखिन्छ। यसरी भएको फैसलाउपर प्रतिवादीले यस अदालतमा पुनरावेदन गरेको देखिएन। वादी पक्षबाट उक्त वारदातलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(३) नं. बमोजिमको वारदात कायम गरी सजाय गरिनुपर्दछ भनी पुनरावेदन पर्न आएको सन्दर्भमा सम्म अहिले विचार गर्नुपर्ने ।

प्रतिवादी मकरध्वज राई आफ्नो घर आँगनमा चित्रा बुनिरहेको अवस्थामा मृतक आइसरी

राईले मादक पदार्थ सेवन गरी आएर प्रतिवादीलाई बाँसको लाठीले हिर्काएको भन्ने देखिन्छ । यस प्रकारको व्यवहार भएको अवस्थामा आवेशमा आउनु स्वाभाविक नै हुन्छ । त्यसपछि निज प्रतिवादीले आइसरीको हातबाट बाँसको लाठी खोसी हिर्काएको र हुत्याएकोसम्म देखिन्छ। आइसरी भुइँमा लडेपछि बोकेर घरभित्र भान्सामा लगेको, पानी खुवाएकोसमेतका तथ्यहरू खुल्न आएका छन्\ । यसरी भएको घटनालाई ज्यान मार्नेसम्मको मनसाय राखेर गरिएको कार्य भनी मान्न मिल्ने देखिँदैन । जोखिमी हतियारले हानेको वा विष खुवाएको अवस्था पनि छैन । साधारण लाठा, मुक्काले हान्दा सोही चोट पीरले आइसरी राईको मृत्यु भएको देखिएको हुँदा उक्त कार्यलाई ज्यानसम्बन्धीको १३(३) नं. बमोजिमको कसुर नभई १४ नं. बमोजिमको कसुर मान्नु तर्कसङ्गत र न्यायोचित देखिने।

प्रतिवादी मकरध्वज राईले तत्काल उठेको रिसको कारणबाट आवेशमा आई सामान्य लाठाले कुटपिट गर्दा निजकी पत्नी आइसरी राईको मृत्यु भएको देखिएकाले निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. बमोजिम १० (दश) वर्ष कैद सजाय हुने ठहर गरेको उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुंगाबाट मिति २०७५/१०/१३ मा भएको फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत : हरिप्रसाद आचार्य

इति संवत् २०७९ साल चैत्र २६ गते रोज १ शुभम्।

**इजलास नं.२**

१०

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** *०७१-WO-०६२५, उत्प्रेषणसमेत, लक्ष्मणकुमार राना वि. सार्वजनिक खरिद अनुगमन कार्यालय, ताहाचल, काठमाडौंसमेत*

प्रस्तुत विवाद निवेदक र विपक्षीबिच भएको ठेक्का सम्झौताको कुरामध्ये कालोसूचीमा राखेको विषयसँग मात्र सम्बन्धित देखिन्छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ मा कालोसूची राख्ने र फुकुवा गर्नेअन्तर्गतको उपदफा (१) को खण्ड (ग) लाई हेर्दा खरिद सम्झौता कार्यान्वयन गर्दा सारभूत त्रुटि गरेको वा सम्झौताअनुरूपको दायित्व सारभूत रूपमा पालना नगरेको वा खरिद सम्झौताबमोजिमको कार्य सो सम्झौताबमोजिम गुणस्तरको नभएको कुरापछि प्रमाणित भएमा निर्माण व्यवसायीलाई निजको कार्यको गम्भीर्यको आधारमा सार्वजनिक खरिद अनुगमन कार्यालयले एक वर्षदेखि तीन वर्षसम्म कालोसूचीमा राख्न सक्ने छ भन्ने कानूनी प्रावधान रहेको पाइयो। यस्तै सार्वजनिक खरिद ऐन, २०६३ लागु हुनुअगावै आर्थिक प्रशासनसम्बन्धी नियमावली, २०५६ मा कालोसूचीमा राख्नेसम्बन्धी प्रावधान रहेको र हालको सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७६ मा साबिकको सार्वजनिक खरिद ऐन, नियम वा गठन आदेशमा भएको व्यवस्था यसै ऐनबमोजिम गरेको मानिने भन्ने व्यवस्था रहेको हुँदा निवेदक हिराचन-द कन्चनजंगा-बज्रगुरू जे.भि र सार्वजनिक खरिद अनुगमन कार्यालयबिच औरिया पुल निर्माणको ठेक्काको अवधि समाप्त भइसक्दा सार्वजनिक खरिद ऐन लागु नभएकोले नयाँ कानूनबाट निवेदकलाई कालोसूचीमा राख्ने विपक्षीको कार्य कानूनत: त्रुटिपूर्ण छ भन्ने निवेदन जिकिर विवेकसम्मत रहेको नदेखिने।

प्रस्तुत निवेदनमा हिराचन-द-कन्चनजंगा-बज्रगुरू जे.भी. र सार्वजनिक खरिद अनुगमन कार्यालयबिच औरिया पुल निर्माण कार्यको ठेक्का

सम्झौता मिति २०५८।५।२१ मा भएको र उक्त निर्माण कार्य लामो अवधिसम्म सम्पन्न हुन नसकी निर्माण व्यवसायीले आफ्नो दायित्व पूरा नगरेको भन्दै सार्वजनिक खरिद अनुगमन कार्यालयको मिति २०७१।९।१७ को निर्णयानुसार हिराचन-द-कन्चनजंगा-बज्रगुरू जे.भी. लाई सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ को उपदफा (१) को खण्ड (ग) बमोजिम १ वर्षको अवधिको लागि कालोसूचीमा राखेको पाइन्छ । कालोसूचीमा राख्ने सो निर्णयउपरको निवेदनमा प्रस्तुत निवेदनको अन्तिम टुङ्गो नलागेसम्मका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको मिति २०७१।९।१७ को निर्णय कार्यान्वयन नगर्नु, यथास्थितिमा राख्नु भनी विपक्षीहरूको नाममा यसै अदालतबाट मिति २०७१।११।१९ मा अन्तरिम आदेश जारी भएको देखिन्छ। उक्त आदेशद्वारा निवेदकले मागबमोजिमको उपचार तत्काल प्राप्त गरिसकेको अवस्थासमेत छ । यस्तै प्रस्तुत निवेदनमा आज फैसला हुँदा निवेदकलाई कालोसूचीमा राखेको अवधि व्यतित भइसकेको भन्ने देखिन्छ । यसरी निवेदकलाई कालोसूचीमा राखेको अवधि व्यतित भई रिट निवेदनको औचित्य नै समाप्त भइसकेको अवस्थामा निवेदकले निवेदनमा उठाएका अन्य विषयवस्तुमा प्रवेश गरिरहनु नपर्ने भई प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : विनिता भारती

कम्प्युटर : रेखा भट्टराई

इति संवत् २०७८ साल चैत्र १४ रोज २ शुभम्।

**११**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री प्रकाशमान सिंह राउत**, *०७९-WH-००६६, बन्दीप्रत्यक्षीकरण, विजय सुनार वि. उच्च अदालत पाटन, ललितपुरसमेत*

मिसिल संलग्न उच्च अदालत पाटनबाट मिति २०७९।५।२० मा भएको फैसलाको ठहर खण्डमा भएको बेहोरा हेर्दा "...प्रतिवादीको तर्फबाट प्रतिरक्षाका लागि उपस्थित विद्वान् वैतनिक अधिवक्ता श्री शारदा अर्याल..." उपस्थित भई बहस गरेको कुरा उल्लेख गरेको देखिन्छ। निज निवेदक प्रतिवादी विजय सुनुवारले अदालतको फैसलाबमोजिम कैद भुक्तान गरिरहेको देखिन्छ । उच्च अदालतबाट फैसला हुँदा सुरू जिल्ला अदालतको फैसला उल्टी नभई सदर भएको हुँदा उल्लिखित थुना गैरकानूनी भन्न मिलेन । यसरी निवेदक प्रतिवादीको तर्फबाट पेसीको दिन वैतनिक अधिवक्ता उपस्थित भई उच्च अदालत पाटनमा बहस पैरवी गरेको परिप्रेक्ष्यमा निवेदकलाई स्वच्छ सुनुवाइको अधिकार नै दिएन अथवा सुनुवाइको अवसर नपाएको भन्ने अवस्था देखिन आएन । साथसाथै निवेदक प्रतिवादीउपर सामान्य क्षेत्राधिकारअन्तर्गत उच्च अदालतको फैसलाउपर मुद्दा दोहोऱ्याइपाउँको निवेदन सर्वोच्च अदालतमा लाग्न सक्ने कानूनी व्यवस्था रहेको हुँदा निवेदक प्रतिवादीको हकमा प्रभावकारी उपचार विद्यमान भएकै देखिने।

निवेदक प्रतिवादीउपर जबरजस्ती करणी मुद्दामा उच्च अदालत पाटनबाट फैसला हुँदा वैतनिक अधिवक्ता इजलासमा उपस्थित भई बहससमेत गरेको देखिँदा निज प्रतिवादीलाई सुनुवाइको अवसरबाट वञ्चित गरेको र निज गैरकानूनी थुनामा रहेको अवस्था देखिएन । साथै सामान्य क्षेत्राधिकारअन्तर्गत उच्च अदालतको फैसलाउपर सर्वोच्च अदालतमा मुद्दा दोहोऱ्याइपाउँको निवेदन लाग्ने हुँदा प्रभावकारी उपचार विद्यमान भएकै देखिँदा निवेदन मागबमोजिमको बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने अवस्था देखिएन । प्रस्तुत रिट निवेदन

खारेज हुने।

इजलास अधिकृत : शारदादेवी पौडेल

कम्प्युटर : रेखा भट्टराई

इति संवत् २०७९ साल मङ्सिर १९ गते रोज १ शुभम्।

१२

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७६-WO-०२३८, उत्प्रेषणसमेत, बच्चु श्रेष्ठ वि. नेपाल नागरिक उड्डयन प्राधिकरण, प्रधान कार्यालय, बबरमहल, काठमाडौंसमेत*

नेपाल नागरिक उड्डयन प्राधिकरण र अन्तर्गतका कार्यालयहरूमा आर्थिक वर्ष २०७५/०७६ को अन्तिम दिनसम्म रिक्त रहेका निम्न पदहरू कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा गरी पदपूर्ति गर्न लोकसेवा आयोगबाट समर्थन प्राप्त भई आएअनुसार नेपाल नागरिक उड्डयन प्राधिकरण, कर्मचारीहरूको सेवाको सर्त र सुविधासम्बन्धी नियमावली, २०५६ को नियम ६.३ बमोजिम बढुवा हुने सेवा, समूह र उपसमूहको एक तहमुनिको पदमा एकतह पदमा न्यूनतम सेवा अवधि पूरा भएका उम्मेदवारहरूबाट आ.व.२०७३/०७४ देखि आ.व.२०७५/७६ सम्मको ३ पूर्ण का.स.मु. फाराम भरिसकेका र नियमावलीबमोजिम न्यूनतम शैक्षिक योग्यता पुगेका र कारबाहीमा नपरेका र कारबाहीमा परेको भए उक्त अवधि भुक्तान गरिसकेका सम्भाव्य कर्मचारीले २१ दिनभित्र आवश्यक कागजात संलग्न गरी दरखास्त बुझाउनु भनी मिति २०७६।०४।१७ मा वि. नं. ६/०७६/०७७ पद उपनिर्देशक तह १०औँ समेतका विभिन्न पदमा दर्खास्त आहवान गरी विज्ञापन भएकोमा निवेदकसमेत १० जनाले उक्त सूचनालाई स्वीकार गरी दर्खास्त दिएको मिसिल संलग्न दर्ता किताबको प्रमाणित प्रतिलिपिबाट देखिने।

नेपाल नागरिक उड्डयन प्राधिकरणको प्राविधिक सेवा, एअर ट्राफिक समूहतर्फको तह १० उपनिर्देशक पदमा कार्य सम्पादन मूल्याङ्कनको आधारमा बढुवा नियुक्तिका लागि सिफारिस हुनुभएका निवेदक बच्चुराम श्रेष्ठलाई प्राधिकरण सञ्चालक समितिको मिति २०७८।०७।०९ को निर्णयानुसार उक्त पदमा मिति २०७८।०७।०७ गतेदेखि ज्येष्ठता कायम हुने गरी बढुवा नियुक्ति गरी त्रि.अ.वि.ना.उ. कार्यालय, गौचरणमा पदस्थापन गरिएको भनी मिति २०७८।०७।१५ च. नं. ५३४ मा दिइएको बढुवा भई नियुक्ति पत्र पाई हाल उक्त बढुवा भएको उपनिर्देशक पदमा कामकाज गर्दैआएको बेहोरा मिसिल संलग्न निवेदकको नियुक्तिपत्रको प्रतिलिपिबाट देखिने।

अदालतबाट अन्तरिम आदेश जारी नभएको कारण बढुवाको प्रक्रिया नरोकिएको हुँदा सो विज्ञापनको १ पदमा मिति २०७६।०६।२७ मा सन्तोषकुमार पोखरेलको बढुवा भइसकेको र प्राधिकरणले मिति २०७६।०४।१७ मा वि. नं. ६/०७६/०७७, पद उपनिर्देशक, तह १०औँ अन्तर्गत मिति २०७८।०७।०९ को निर्णयानुसार निवेदकको बढुवा भइसकेकोले हाल अवस्था परिवर्तन भइसकेकोले विज्ञापन बदर मागको औचित्य समाप्त भएकोले मेरो बढुवा भएको पदको ज्येष्ठतासमेत मिति २०७६।०४।१७ मा प्रकाशित विज्ञापनबमोजिम बढुवा भएका उम्मेदवार सन्तोषकुमार पोखरेलसरह कायम हुनुपर्ने भन्ने मागदाबी लिई मिति २०७९।०४।२० गते पूरक निवेदन दर्ता गराएतर्फ विचार गर्दा झिकाइआएको बढुवासम्बन्धी फायलमा यी निवेदक र सन्तोषकुमार पोखरेलले बढुवाको लागि प्राप्त गरेको कुल प्राप्ताङ्क हेर्दा निवेदक बच्चु श्रेष्ठले ९९.०६६५ र सन्तोषकुमार पोखरेलले ९९.६६७ अङ्क प्राप्त गरेको मिसिल संलग्न बढुवा सिफारिससम्बन्धी सूचनाहरूबाट देखिएकोले

ज्येष्ठता कायम गरिपाउँ भन्ने निवेदकको मागदाबी पुग्न नसक्ने ।

निवेदक स्वयम् समावेस भएको र हाल निजले बढुवा भई नियुक्तिसमेत पाई कामकाजसमेत गर्दैआएकोले बढुवासम्बन्धी अन्य विषयमा बोल्नु परेन । ज्येष्ठता कायम गरिपाउँ भन्ने निवेदकको जिकिरको हकमा सो स्वीकार गर्न सकिएन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : निर्मलाकुमारी खड्का

कम्प्युटर : रेखा भट्टराई

इति संवत् २०७९ साल भाद्र १२ गते रोज १ शुभम् ।

**१३**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री प्रकाशकुमार ढुङ्गाना**, *०७९-WO-०२८४, उत्प्रेषणसमेत, दिपककुमार बराल वि. नेपाल सरकार, अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत*

नेपाल सरकारले आर्थिक वर्ष २०७९/८० को बजेट वक्तव्यको बुँदा नं. ३२७ मा "बिमा व्यवसायलाई सामाजिक संरक्षणको एक महत्त्वपूर्ण आधारस्तम्भको रूपमा विकास गर्नको लागि गरिब, विपन्न तथा कृषि क्षेत्रलाई समेट्ने गरी लघु बिमा कम्पनी स्थापना गरिने छ । बिमा सूचना केन्द्र स्थापना गरिने छ । बिमा कलेज स्थापना गर्न प्रोत्साहन गरिने छ । बिमा कम्पनीले आफ्नो निश्चित प्रतिशत पूर्वाधार विकास आयोजनामा लगानी गर्नुपर्ने व्यवस्था मिलाइने छ" भन्ने उल्लेख भएको देखिन्छ । उक्त बजेटमा उल्लेख भएअनुसार लघु बिमा कम्पनी स्थापना गर्नका निम्ति बिमा समितिबाट मिति २०७९।०३।३१ मा लघु बीमक संस्थापना तथा दर्तासम्बन्धी निर्देशिका, २०७९ स्वीकृत भई निर्देशिका जारी भएको देखिन्छ । साथै लघुबिमा कम्पनी स्थापना गर्नेसम्बन्धी प्रस्ताव आह्वानको सूचना बिमा समितिबाट मिति २०७९।०५।१० मा प्रकाशित गरेको देखिन्छ । यस विषयमा निवेदकले बिमा ऐन, २०४९ को दफा ८ को खण्ड (घ२) अनुसार बिमा समितलाई नयाँ प्रकारको लघुबिमा कम्पनी संस्थापना गर्नका निम्ति निर्देशिका जारी गर्न अधिकार नदिएको भन्ने जिकिर लिएको पाइन्छ । सो सन्दर्भमा बिमा ऐन, २०४९ को दफा ४७ को उपदफा २ मा यस ऐनको अधीनमा रही समितिले नेपाल सरकारको स्वीकृति लिई आवश्यक विनियम बनाउन सक्ने छ भन्ने उल्लेख भएको पाइन्छ । सो व्यवस्थाबाट बिमा ऐनले समितिलाई विनियम बनाउन सक्ने गरी प्रत्यायोजित विधायिकी अधिकार दिएको भन्ने देखिने ।

लघुबिमा कम्पनी स्थापना गर्न मिल्ने अधिकार बिमा ऐन कानूनले बिमा समितिलाई नदिएको र लघु बिमा कम्पनी स्थापना गर्ने प्रस्ताव आह्वान गरेको सूचनालगायतका काम कारबाही कानूनअनुरूप नभएको भन्ने निवेदन जिकिरतर्फ विचार गर्दा बिमा नियमावली, २०४९ को नियम ४(२) र ५(२) मा बिमा "समितिले आवश्यकता अनुसार जीवन बिमा तथा निर्जीवन बिमा व्यवसायको अन्य किसिमहरूसमेत तोक्न सक्ने छ" भन्ने उल्लेख भएको देखिन्छ । यस्तै हाल आएको बिमा ऐन, २०७९ मा समेत लघुबिमा व्यवसायसम्बन्धी छुट्टै परिच्छेदमा व्यवस्था गरेको पाइन्छ । सो ऐनको परिच्छेद ८ को दफा ७६ को उपदफा १ मा "लघु जीवन बिमा वा लघु बिमा निर्जीवन बिमा व्यवसाय मात्र गर्ने उद्देश्यले बिमा कम्पनी संस्थापना गर्न सकिने छ" भन्ने व्यवस्था उल्लेख भएको पाइन्छ । उल्लिखित कानूनी प्रावधानहरू हेर्दा लघु बिमा कम्पनी संस्थापना गर्नका निम्ति कानूनले नै बिमा समितिलाई अधिकार दिएको भन्ने प्रस्ट देखिँदा बिमा समितिले लघु बिमा कम्पनी स्थापना गर्ने भनी जारी गरेको निर्देशिका एवम् प्रस्ताव आह्वान गरेको सूचना कानूनअनुरूप नभएको भन्ने

निवेदन जिकिरसँग सहमत हुन नसकिने ।

प्रस्तुत निवेदनमा निवेदकले लघुबिमा कम्पनी स्थापना गर्दा ठुलो रकम अपचलन हुने र लगानीकर्ताहरूले दुःख पाउने, संस्थापना भएका कम्पनी नै खारेज हुने अवस्था आउने भन्ने जिकिरसमेत लिएको देखिन्छ । सो सन्दर्भमा हेर्दा लघुबिमा बिमाको प्रकारभित्र नै पर्ने र उक्त बिमाले स-साना बिमाहरू जस्तै चौपायाको बिमा, बाली बिमा, गरिब विपन्नहरूका लागि दिइने ऋण आदि जस्ता बिमाहरूलाई समेटेको हुन्छ । लघुबिमा गरिब, विपन्न र किसानहरूका लागि गरिने हुँदा उक्त बिमालाई सार्थकता दिनका निम्ति प्रदेश स्तरमा स्थापना गर्न लागिएको लघुबिमा कम्पनीले अरू बिमा कम्पनीको सञ्चालनमा कुनै असर नपार्ने नै हुन्छ । लघुबिमा कम्पनी गरिब, विपन्न तथा कृषि क्षेत्रलाई समेट्ने गरी प्रदेशस्तरमा स्थापना गर्न लागिएको भन्ने मिति २०७९।०५।१० को सूचनामा नै प्रस्ट देखिन्छ । उक्त लघुबिमा कम्पनी स्थापना गर्दा कसलाई के कति हानि नोक्सानी हुने वा उक्त कम्पनीको स्थापनाबाट निवेदकको हकमा के कसरी आघात हुन पुग्यो भन्ने निवेदकले निवेदनमा स्पष्ट खुलाएको समेत देखिँदैन । यस स्थितिमा नेपाल सरकारको आ.व २०७९।८० को बजेटमा गरिब, विपन्न तथा कृषि क्षेत्रलाई समेट्ने गरी लघु बिमा कम्पनी स्थापना गर्ने उद्देश्यअनुरूप बिमा समितिले जारी गरिएको निर्देशिका एवम् लघु बिमा स्थापना गर्ने प्रस्ताव आह्वानको सूचना कानूनअनुरूप भए गरेकै देखिने ।

बिमा समितिबाट मिति २०७९।०४।३१ मा जारी लघु बिमक कम्पनी संस्थापना तथा दर्तासम्बन्धी निर्देशिका, २०७९ र मिति २०७९।०५।१० मा प्रकाशित लघु बिमा कम्पनी संस्थापनासम्बन्धी सूचना कानूनबमोजिम भए गरेकै देखिँदा निवेदकको निवेदन मागबमोजिमको आदेश जारी गर्न उचित र आवश्यक देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : विनिता भारती

कम्प्युटर : रेखा भट्टराई

इति संवत् २०७९ साल माघ २९ रोज १ शुभम् ।

**१४**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना**, *०७२-WO-०००३, उत्प्रेषण, सुरेन्द्रकेशर अमात्य वि. त्रिभुवन विश्वविद्यालय सेवा आयोग, कीर्तिपुरसमेत*

मिति २०७१।११।१८ को सेवा आयोगको सिफारिसबमोजिम प्राध्यापक पदमा पदोन्नति हुने विपक्षीहरूको लिखित जवाफ हेर्दा, सेवा आयोगले सिफारिस गर्ने गरी गरेको निर्णयउपर चित्त नबुझाई निवेदकले त्रि.वि. पुनरावेदन आयोगमा पुनरावेदन उजुरी गर्दा आफूलाई विपक्षी नबनाएको र पुनरावेदन आयोगले आफ्नो बारेमा केही उल्लेख नगरेको, आफूलाई नियुक्ति दिने कार्यकारी परिषद्लाई विपक्षी नबनाएको, आफूलाई विपक्षी बनाउनुपर्नाको कुनै आधार तथा कारण निवेदनमा उल्लेख नभएको, आफ्नो नियुक्तिपत्र के कति कारणले बदर हुने हो सोसमेत निवेदनमा उल्लेख नभएको, आफूले के कुन आधारमा निवेदकले भन्दा घटी अङ्क प्राप्त गर्नुपर्ने हो सोको कुनै औचित्य निवेदकले पेस गर्न नसकेको, प्राध्यापक पदमा नियुक्तिका लागि सिफारिस हुन नसक्ने भनी कुनै पनि तथ्यगत र वस्तुनिष्ठ आधार कारण उल्लेख नगरेको, आफ्नो नियुक्तिको लागि सिफारिस गर्ने निर्णय कुन कानूनविपरीत हो उल्लेख नभएको अवस्थामा आफूले विज्ञापित पदमा नियुक्ति पाइसकेपछि र पुनरावेदन आयोगले सेवा आयोगको सिफरिस सदर गर्ने निर्णय गरिसकेपछि दायर भएको रिट निवेदन खारेज होस् भन्नेसमेत बेहोरा लेखिएको पाइने ।

बहसको क्रममा वर्तमान स्थिति बुझ्न

खोजिदा निवेदकका तर्फबाट उपस्थित कानून व्यवसायीहरूले निवेदक सुरेन्द्रकेशर अमात्यले मिति २०७५।१०।१३ देखि अनिवार्य अवकाश प्राप्त गरिसकेको बेहोरा इजलाससमक्ष जानकारी गराउनु भयो । त्रिभुवन विश्वविद्यालय शिक्षक कर्मचारी सेवासम्बन्धी नियम, २०५० को नियम ५० मा "शिक्षक तथा कर्मचारीलाई निजको उमेर ६३ वर्ष पूरा भएपछि विश्वविद्यालय सेवाबाट अनिवार्य अवकाश दिइने छ" भन्ने व्यवस्था रहेको पाइन्छ । मिसिल संलग्न निवेदकको नागरिकताको प्रतिलिपि हेर्दा निजले मिति २०३४।०४।२४ मा प्राप्त गरेको उक्त नागरिकताको प्रतिलिपिमा निजको उमेर २१ वर्ष लेखिएको देखिँदा निजले शिक्षक, कर्मचारी सेवासम्बन्धी नियम, २०५० बमोजिम अवकाश प्राप्त गर्ने उमेर ६३ वर्ष नाघिसकेकोले त्रिभुवन विश्वविद्यालय शिक्षक कर्मचारी सेवासँग सम्बन्धित उक्त नियमावलीको नियम ५० बमोजिम अनिवार्य अवकाश प्राप्त गरिसकेको देखियो। यी रिट निवेदकले ६३ वर्षको उमेर पूरा गरी अनिवार्य अवकाश प्राप्त गरिसकेको अवस्थामा प्रस्तुत रिट निवेदनको औचित्य समाप्त भइसकेको देखियो । तसर्थ, निवेदन मागबमोजिमको आदेश जारी गरिरहनुपर्ने अवस्था विद्यमान नदेखिएकाले रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : दीपशिखा मुनाकमी

कम्प्युटर : पद्मा आचार्य

इति संवत् २०७९ साल फागुन १८ गते रोज ५ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७२-WO-०००५, उत्प्रेषण, नारायणप्रसाद महर्जन वि. त्रिभुवन विश्वविद्यालय सेवा आयोग, कीर्तिपुरसमेत
- ०७२-WO-०००४, उत्प्रेषण, मनिकरत्न ताम्राकार वि. त्रिभुवन विश्वविद्यालय सेवा आयोग, कीर्तिपुरसमेत

## १५

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री सुष्मालता माथेमा**, *०७१-CI-११८७, निषेधाज्ञा मिश्रित परमादेश, जिल्ला सुनसरी, धरान नगरपालिका, वडा नं.१२ स्थित जनसरोकार मञ्च नेपाल धरान, सुनसरीसमेत वि. जिल्ला प्रशासन कार्यालय, सुनसरी, इनरूवासमेत*

निवेदकको मागबमोजिमको आदेश जारी भई सट्टा भर्नाबापत जग्गा पाएका साबिक जिल्ला सुनसरी बाँझगरा गा.पा. हालको पाँचकन्या गा.वि.स. वडा नं. ९ पूरै र साबिक घोपा गा.पा. को हाल विष्णु पादुका गा.वि.स. को वडा नं. ७ का पूरै जग्गाहरूको लगत कट्टा गरी वन सिमाना कायम गरी सर्दु जलाधार क्षेत्रको जग्गाको संरक्षण गर्नु गराउनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने ठहर्छ । प्रत्यर्थी विपक्षीहरूमध्ये विर्खे राईसमेतले दिएको २०५८ सालको रिट नं. ३३९३ तथा सामती लिम्बुसमेतले दिएको संवत् २०६५ सालको WO-०५०९ रिट निवेदनमा विपक्षीहरू सफा हात नलिई विलम्बसमेत गरी रिट निवेदन दिएको र उल्लिखित रिट निवेदनमा क्रमशः मिति २०६१।१।१५ र २०६७।१२।१७ मा भएको उक्त सर्वोच्च अदालतको आदेशको रूलिङसँग यो इजलास सहमत हुन नसकेको र उल्लिखित रिट निवेदनहरूमा यस अदालतबाट पुनरावलोकनको निस्सा नदिएको भए तापनि पुनरावलोकनको निस्सा दिने कार्य आफैँमा रूलिङ नहुँदा सर्वोच्च अदालतबाट भएका उक्त आदेशसँग सहमत हुन नसकिएकोले सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २३(२)(ङ) बमोजिम

प्रस्तुत मुद्दा पूर्ण इजलासमा पेस गर्नू।
इजलास अधिकृत : शारदादेवी पौडेल
कम्प्युटर : रेखा भट्टराई
इति संवत् २०७९ साल माघ २४ गते रोज ३ शुभम्।

**१६**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७१-RB-०२७२, करारको उपर्युक्त आदेश, इच्छाबहादुर डंगोल वि. भारतीय कम्पनी कानूनअन्तर्गत संस्थापित भई मनोरमागंज इन्दोर-४५२००१ भारत {MANORAMAGANJ, INDORE-४५२००१ INDIA} मा कार्यालय भएको साङ्गी ब्रदर्स प्रा. लि. (SANGHI BROTHERS INDORE-४५२००१. PVT. LTD. CONTACT: FAX NO. ०३९१७३१२४९२७४१ E-MAIL: HANSRAJJOSHI@SBIL.IN)*

पुनरावेदन अदालत पाटनबाट समझदारी पत्र (MEMORANDUM OF UNDERSTANDING) को दफा १९ र दफा २२ को व्यवस्था विपरीत हुने गरी 9N-AJW हेलिकप्टर व्यापारिक प्रयोजन (COMMERCIAL ACTIVITIES ) का लागि प्रयोग नगर्नु र तेस्रो पक्षलाई बिक्री गर्ने कार्यको पहलसमेत नगर्नु नगराउनु भनी साङ्गी ब्रदर्स (इन्डोर) प्रा.लि. को निवेदन मागबमोजिम करार ऐन, २०५६ को दफा ८७ को उपदफा (२) बमोजिम आदेश जारी भएपश्चात् साङ्गी ब्रदर्स प्रा.लि. ले आफू र मुक्तिनाथ एयरलाइन्स प्रा. लि. बिच मिति १७ जुलाई २०१३ मा सम्पन्न भएको समझदारी पत्र (MOU) कार्यान्वयनमा विवाद उत्पन्न भएकोले उक्त विवाद समाधानका निम्ति भारतको मध्यस्थता JUSTICE MUKUL MUDGAL (FORMER CHIEF JUSTICE, PANJAB & HARYANA HIGH COURT) समक्ष पेस भएको देखिन्छ। उक्त विवादमा SANGHI BROTHERS (INDORE) PVT. LTD. लाई प्रभु हेलिकप्टर प्रा.लि. ले भा.रू. ८४,६७,७७६।- (अक्षरेपि चौरासी लाख सत्सठी हजार सात सय छयहत्तर रूपियाँ) र सो रकमको भुक्तानी मितिसम्मको प्रचलित ब्याजदरको अतिरिक्त वार्षिक थप २ प्रतिशत ब्याज रकमसमेत तिर्नु बुझाउनुपर्ने उल्लेख गरी भारतीय मध्यस्थ कर्ताबाट सन् २७।१२।२०१७ (मिति २०७४।९।१२) मा निर्णय (ARBITRAL AWARD) भएको देखिन्छ। उक्त निर्णय कार्यान्वयनको सन्दर्भमा यसै लगाउको रिट नं. ०७६-W०-०३३० को निवेदनमा आज यसै इजलासबाट रिट खारेज भएको अवस्थासमेत रहेको।

तत्काल प्रचलित करार ऐन, २०५६ को दफा ८७ मा अदालतले आदेश दिन सक्ने भन्दै सोही दफाको उपदफा (१) मा करारको कुनै पक्षले सो करारको प्रकृति अनुसार गर्न नहुने कुनै काम कारबाही वा व्यवहार गर्न लागेको कारणबाट करारको परिपालना सम्भव नहुने भएमा त्यस्तो काम कारबाही वा व्यवहार रोकिपाउन जिल्ला अदालतमा उजुरी दिन सक्ने छ भन्ने व्यवस्था रहेको पाइयो। यस्तै उपदफा (२) मा उपदफा (१) बमोजिम उजुरी परेमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सो करारबाट उत्पन्न विवादको समाधान सो करार वा प्रचलित कानूनबमोजिम हुने गरी कुनै पक्षलाई निजको कुनै खास काम कारबाही वा व्यवहार तत्काल रोक्ने गरी उपर्युक्त आदेश जारी गर्न सक्ने छ भन्ने व्यवस्था रहेको पाइयो। उपदफा (३) मा त्यसरी आदेश जारी भएकोमा त्यस्तो पक्षले उपदफा २ बमोजिमको आदेशको पालना गरेको कारणबाट हुन गएको थप हानि नोक्सानीसमेत मर्का पर्ने पक्षले पाउने छ भन्ने व्यवस्था रहेको पाइयो। उक्त व्यवस्था करारको परिपालनालाई सम्भव र सहज बनाउने तत्कालीन उपचारको व्यवस्था हो। यसको उद्देश्य

करारको मूल व्यवस्थामा रहेको उपचारसम्बन्धी व्यवस्थालाई निस्तेज गराउने होइन। करारमा के सर्त राख्ने र विवाद भएमा उपचारको कुन मार्ग अपनाउने भन्नेमा तत्कालीन करार ऐन, २०५६ को दफा ४ ले पक्षहरू स्वायत्त हुने देखिन्छन्।

करार ऐन, २०५६ को दफा ८७ बमोजिमको उपचार अस्थायी प्रकृतिको हो र करारबमोजिम प्राप्त हुने मूल उपचार भनेको तत्कालको अवस्थामा क्षतिपूर्ति दफा ८३, ८४, ८५ र ८६ अन्तर्गतको उपचार हो भन्ने कुरालाई यस अदालतले स्वीकार गरेको देखिन्छ । उक्त प्रतिपादित सिद्धान्तसमेतको रोहमा हेर्दा पुनरावेदक मुक्तिनाथ एयरलाइन्स र साङ्गी ब्रदर्सबिच १७ जुलाइ, २०१३ मा भएको सम्झौता हेर्दा उक्त सम्झौताको दफा २४ मा सम्झौता उल्लङ्घन भएमा भारतीय मध्यस्थता ऐनबमोजिम गरिने छ भन्ने व्यवस्था रहेको देखिन्छ । सो व्यवस्थाबमोजिम साङ्गी ब्रदर्स मध्यस्थताको लागि गइसकेको र साङ्गी ब्रदर्स प्रा. लि. र मुक्तिनाथ एयरलाइन्स प्रा. लि. बिच विवाद भएको विषयमा मध्यस्थबाट निर्णय (ARBITRAL AWARD) नै भइसकेको र हालको परिस्थितिसमेत परिवर्तन भइसकेको अवस्थामा पुनरावेदन अदालत पाटनको मिति २०७१।९।३० को आदेशको प्रयोजन समाप्त भएको हुँदा हाल सो निर्णय आदेश परिवर्तन गर्नुपर्ने नदेखिने।

9N-AJW हेलिकप्टर व्यापारिक प्रयोजन (COMMERCIAL ACTIVITIES ) का लागि प्रयोग नगर्नु र तेस्रो पक्षलाई बिक्री गर्ने कार्यको पहलसमेत नगर्नु नगराउनु भनी करारको उपर्युक्त आदेश जारी हुने गरी ठहऱ्याएको पुनरावेदन अदालत पाटनको मिति २०७१।०९।३० को फैसला/ आदेशको प्रयोजन समाप्त भएकोले परिवर्तन गर्नुपर्ने अवस्था र प्रयोजनसमेत नदेखिँदा सदर हुने।

इजलास अधिकृत : विनिता भारती
कम्प्युटर : रेखा भट्टराई
इति संवत् २०७९ साल जेष्ठ १२ रोज ५ शुभम्।

- यसै लगाउका ०७१-WO-०८६७, उत्प्रेषणसमेत, मुक्तिनाथ एयरलाइन्स प्रा. लि. वि. साङ्गी ब्रदर्स प्रा.लि. भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

## १७

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री सुष्मालता माथेमा**, *०७०-CI-००७०, हालैको बकसपत्र लिखत दर्ता बदर, प्रानमाया त्वायनासमेत वि. तुल्सीभक्त त्वायना*

पुनरावेदक प्रतिवादीका ससुरा तथा प्रत्यर्थी वादीका दाजु शंखबहादुर त्वायनाको मिति २०५९।८।२४ मा परलोक भई निज शंखबहादुर त्वायनाको हक खाने निजको श्रीमती विष्णुकुमारी त्वायना, छोराहरू कृष्णगोपाल त्वायना, राम गोपाल त्वायना, राजा त्वायना र विष्णुहरी त्वायना गरी ५ जना हकदार रहेकोमा कुनै विवाद देखिँदैन। प्रमाणमा पेस भएको वादी तुल्सीभक्त त्वायना प्रतिवादी विष्णुकुमारी त्वायनासमेत भएको संवत् २०६४ सालको दे. मि. नं. १५४/८७९ को अंश चलन मुद्दामा पुनरावेदक प्रतिवादी प्रानमाया त्वायना रामगोपाल त्वायनाको पत्नी रहे भएको भन्ने देखिन्छ। प्रस्तुत मुद्दाको प्रमाणमा रहेको अंशचलन मुद्दाको फिराद र प्रस्तुत हालैको बकस पत्र लिखत दर्ता बदर मुद्दाको फिराद मिति २०६४।०७।२६ मा भक्तपुर जिल्ला अदालतमा दायर भएको देखिन्छ । यसरी भक्तपुर जिल्ला अदालतमा अंश मुद्दा, यो लिखत बदर मुद्दा र यिनै वादीको श्रीमती गंगालक्ष्मीले चन्द्रकेशरीलाई कि. नं. १०२८ र १०३० का २ कित्ता गरी ०-९-

३-० जग्गा मिति २०६४।०६।१८ हालैको बकसपत्र पारित गरिदिएको र धितो राखेकोमा लिखत बदर मुद्दा र जालसाज मुद्दासमेत दायर भएकोमा भक्तपुर जिल्ला अदालतले उपर्युक्त सबै मुद्दाहरू एकैसाथ फैसला गर्दा अंश मुद्दामा वादी दाबी पुग्ने र लिखत बदर तथा जालसाजीतर्फका मुद्दाहरूमा वादी दाबी नपुग्ने ठहर गरेकोमा सोमध्ये विष्णुकुमारी वादी रहेको मुद्दामा यी प्रत्यर्थी वादीको श्रीमती गंगालक्ष्मीलाई विष्णुकुमारी त्वायनाका अंशियार होइन भन्दै वादी दाबी नपुग्ने गरी भएको फैसला पुरावेदन अदालतसमेतबाट सदर भई अन्तिम भई बसेको र तुल्सीभक्त त्वायना वादी भएको प्रस्तुत हालैको बकसपत्र बदर मुद्दामा पुनरावेदन अदालतमा बाँकी रहेको अवस्थामा अंश मुद्दामा भक्तपुर जिल्ला अदालतको तहसिल शाखाबाट मिति २०६८।१२।०१ मा मिलापत्र भएको देखिन्छ। सो मिलापत्र हुँदा यी तुल्सीभक्तले लिखत बदरतर्फको आफ्नो वादी दाबी यथावत कायम छ भन्न सकेको पाइँदैन। उक्त अंश चलन मुद्दामा यी प्रत्यर्थी वादी तुल्सीभक्त त्वायनाले यी पुनरावेदक प्रतिवादीमध्येको प्रानमाया त्वायनालाई प्रतिवादी बनाएको पनि नपाइने।

प्रत्यर्थी वादी र यी पुनरावेदक प्रतिवादी प्रानमाया नाताले कान्छा ससुरा र भतिजी बुहारी पर्ने देखिन्छ। पुनरावेदक प्रतिवादी प्रानमायाले आफ्नो पति रामगोपालले पाउने भाग हिस्साबाट कानूनबमोजिम अंश पाउने अंशियार हुन् भन्ने देखिन्छ। यसर्थ यी पुनरावेदक प्रतिवादी प्रत्यर्थी वादीको प्रत्यक्ष अंशियार रहे भएको देखिँदैन। अर्थात् अंश मुद्दाको रोहमा हेर्दा जुन हैसियत वादीको पत्नी गंगालक्ष्मीको छ प्रस्तुत मुद्दाको पुनरावेदक प्रतिवादी प्रानमाया त्वायनाको पनि उस्तै हैसियत देखिन्छ। मुद्दाका यी पक्ष विपक्षहरू समान पुस्ताका अंशियार पनि नदेखिएकोले निज पुरावेदक प्रतिवादीका नाममा रहेको विवादित सम्पत्तिको प्रत्यक्ष हिस्सेदार यी प्रत्यर्थी वादी रहेको देखिँदैन। अर्थात् वादीकी श्रीमती गंगालक्ष्मी अंश मुद्दामा अंशियार कायम नहुने र निजले गरेको व्यवहार कायम हुने तर समान हैसियतको प्रानमाया त्वायनाले गरेको व्यवहार कायम नहुने भन्दा दोहोरो मापदण्ड बन्न जान्छ, जुन न्यायपूर्ण नहुने।

प्रमाणमा पेस भएको अंशचलन मुद्दा (संवत् २०६४ सालको दे. मि. नं. १५४/८७९) तह तह चली अन्तिम भई फैसला कार्यान्वयनको सिलसिलामा पुगी उक्त मुद्दाका वादी तुलसीभक्त त्वायना तथा प्रतिवादीहरू कृष्णगोपाल त्वायनासमेतका बिच भक्तपुर जिल्ला अदालतको तहसिल शाखाबाट मिति २०६८।१२।०१ मा आ-आफ्नो नाउँमा जग्गा नामसारी गर्ने गरी मिलापत्र भएको अवस्था देखिन्छ। यसरी यी प्रत्यर्थी वादीले ती पुनरावेदक प्रतिवादीका सासू, जेठाजु, देवरहरू तथा पतिका बिचमा कानूनबमोजिम अंश पाउने ठहरी आ-आफ्नो भाग हिस्सा आ-आफ्नो नाममा नामसारी गर्ने गरी मिलापत्रसमेत भइसकेको, सो मिलापत्र हुँदा यो लिखत बदर मुद्दामा आफ्नो दाबी कायम रहने कुरा उल्लेख नगरेको अवस्था रहेको र अंशचलन मुद्दामा (संवत् २०६४ सालको दे. मि. नं.१५४/८७९) प्रतिवादीहरूबाट पेस भएको तायदाती फाँटवारीमा विवादित कि. नं. २८४९ को जग्गा उल्लेख नभएको अवस्थामा यी प्रत्यर्थी वादीले अंश दपोटतर्फ मुद्दा दायर गरेको पनि देखिएन। अंश चलन मुद्दा भक्तपुर जिल्ला अदालतबाट मिति २०६७।०३।१६ मा फैसला भई मिति २०६८।१२।०१ मा सुरू अदालतबाट मिलापत्र गरी अन्तिम भएको अवस्थामा प्रतिवादी नबनाइएको व्यक्तिबाट भएको बिक्री व्यवहार खलबल्याउनु न्यायको रोहमा उचित नदेखिने।

भक्तपुर जिल्ला अदालतबाट मिति

२०६७।०३।१६ गते फैसला गर्दा प्रतिवादी प्रानमाया त्वायनाले सो सम्पत्ति खरिद गर्दा पैतृक सम्पत्ति तथा यी प्रत्यर्थी वादीको सम्पत्तिसमेत प्रयोग गरेको भन्ने नदेखिएको, मिति २०६२ सालमा खरिद गरेको सम्पत्ति मिति २०६४।०५।२७ मा प्रतिवादीहरूबिच हालैको बकसपत्र लिने दिने गरी भएको लिखत बेमनासिब भन्न मिलेन भन्दै वादी दाबी नपुग्ने गरी भक्तपुर जिल्ला अदालतबाट मिति २०६७।०३।१६ मा फैसला भएकोमा सो फैसला उल्टी गरी दाबीबमोजिम लिखत र दर्ता आधा बदर भई वादीको नाममा आधा सम्पत्ति दर्तासमेत हुने ठहर गरी तत्कालीन पुनरावेदन अदालत पाटनबाट भएको मिति २०६९।०४।२८ को फैसला मिलेको नदेखिँदा उल्टी भई वादी दाबी नपुग्ने गरी भएको सुरू भक्तपुर जिल्ला अदालतको फैसला सदर हुने ।

इजलास अधिकृत : निर्मलाकुमारी खड्का

कम्प्युटर : रेखा भट्टराई

इति संवत् २०७९ साल वैशाख ६ गते रोज ३ शुभम् ।

१८

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री सुष्मालता माथेमा**, *०७५-WO-१०७८ (०७५-FN-०५५९), उत्प्रेषणसमेत, मन्दिप खड्कासमेत वि. पोखरा विश्वविद्यालय, पोखरा, ढुंगेपाटनसमेत*

पोखरा विश्वविद्यालयको प्राज्ञिक परिषद्द्वारा निर्धारित विद्यार्थी भर्नासम्बन्धी मापदण्ड निर्धारण कार्यमा पोखरा विश्वविद्यालय आफैँमा एकरूपता रहेको देखिँदैन । यस विषयमा मिसिल संलग्न रहेको पोखरा विश्वविद्यालयको स्नातक तहको छात्रवृत्तिसम्बन्धी मिति २०७५।०४।०९ को सूचना हेर्दा "व्यवस्थापन र मानविकी तथा सामाजिक शास्त्र दुवै सङ्कायको भर्नाको लागि अक्षराङ्कन पद्धति अनुसार कक्षा ११ र १२ का लागि छुट्टा छुट्टै न्यूनतम C GRADE प्राप्त गरेको"लाई मान्यता दिने भन्ने देखिन्छ । सोही छात्रवृत्ति छनोट समितिको मिति २०७५।०४।२५ को सूचनामा +२ परीक्षामा D+ GRADE प्राप्त गरेकोलाई पास मानेको तर व्यवस्थापन विषयको लागि +२ परीक्षामा छुट्टाछुट्टै न्यूनतम C GRADE र मानविकी तथा सामाजिक शास्त्रको विषयको लागि+२ परीक्षामा छुट्टा छुट्टै न्यूनतम D+ GRADE प्राप्त गरी उत्तीर्ण गरेको हुनुपर्ने भनी हेरफेर गरेको देखिन्छ । यसै क्रममा अक्षराङ्कन पद्धतिलाई C GPA र GPA मा हेरिने र प्रतिशतमा अस्पष्टता भएको कारण त्रिभुवन विश्वविद्यालयले संशोधन गरी C GPA मा D+ प्राप्त गरेका विद्यार्थीलाई भर्ना गरेको तथ्यलाई हेरी पोखरा विश्वविद्यालयले पनि D+ GRADE का विद्यार्थीहरू भर्ना गर्ने भनी मिति २०७५।०९।०६ मा सामूहिक रूपमा विद्युतीय माध्यममार्फत पोखरा विश्वविद्यालयको सम्बन्धन प्राप्त विभिन्न कलेजहरूलाई पत्राचार गरेको आधारमा D+ GRADE प्राप्त गरेका विद्यार्थीहरू भर्ना लिएको भन्ने जिकिर विपक्षी कलेजहरूको लिखित जवाफमा उल्लेख भएको देखिन्छ । यस्तै पोखरा विश्वविद्यालयबाट सम्बन्धन प्राप्त कलेजहरूले आफ्नो लिखित जवाफमा नेपालको कानूनअनुसार नेपालमा सञ्चालित नेपाली विश्वविद्यालय र विदेशी विश्वविद्यालयबाट अध्ययन गरी आएका विभिन्न शैक्षिक डिग्रीको समकक्षता (EQIVALENT) निर्धारण गर्ने साधिकार निकाय त्रि.वि रहेको अवस्थामा त्रि. वि.ले D+ लाई व्यवस्थापन सङ्कायसमेतमा भर्ना लिइरहेको हुँदा पोखरा विश्वविद्यालयले स्वायत्तताको नाममा स्वेच्छाचारीरूपमा व्याख्या गर्न र नीति बनाउन मिल्दैन भन्ने जिकिर लिएकोसमेत देखिँदा पोखरा विश्वविद्यालयको विद्यार्थी भर्नासम्बन्धी मापदण्ड एवम् नीति समकक्षताको सन्दर्भमा निर्धारित मापदण्डअनुकूल नदेखिने ।

पोखरा विश्वविद्यालयको विद्यार्थी

भर्नाका लागि न्यूनतम मापदण्डसम्बन्धी मिति २०७९।०५।२४ को सूचनामा "व्यवस्थापन सङ्कायअन्तर्गत रहेका स्नातक तहका कार्यक्रमहरूमा विद्यार्थी भर्नाका लागि NEB बाट २०७८ सालसम्म SLCE (कक्षा १२) उत्तीर्ण गरेका विद्यार्थीहरूका लागि अक्षराङ्कन पद्धति अनुसार न्यूनतम CGPA १.८ तथा कक्षा ११ र १२ का प्रत्येक विषयमा न्यूनतम GRADE 'D+' प्राप्त गरेको हुनुपर्ने छ" अथवा "NEB बाट २०७९ सालमा SLCE (कक्षा १२) उत्तीर्ण गरेका विद्यार्थीहरूका लागि अक्षराङ्कन पद्धति अनुसार न्यूनतम GPA १.८ तथा कक्षा १२ का प्रत्येक विषयमा न्यूनतम GRADE 'D' प्राप्त गरेको हुनुपर्ने छ" भनी उल्लेख भएको देखियो। उक्त सूचना हेर्दा NEB बाट २०७८ सालसम्म SLCE (कक्षा १२) मा अक्षराङ्कन पद्धति अनुसार न्यूनतम C GPA १.८ तथा कक्षा ११ र १२ का प्रत्येक विषयमा न्यूनतम GRADE 'D+' ल्याउने विद्यार्थीहरूलाई व्यवस्थापन विषयमा भर्ना गर्नका निम्ति मान्यता दिएको अवस्थामा सोपूर्व २०७५ सालमा भर्ना भई अध्ययनरत विद्यार्थीहरूको हकमा उक्त न्यूनतम मापदण्ड लागु नहुने भन्दा असमान व्यवहार हुन जाने र समानताको हकमा समेत प्रतिकूल असर पर्ने देखिँदा यी निवेदकहरूको हकमा समेत उक्त न्यूनतम मापदण्ड लागु गर्नु न्यायपूर्ण हुने।

रिट निवेदकहरू पोखरा विश्वविद्यालयबाट सम्बन्धन प्राप्त विभिन्न कलेजहरूमा भर्ना भई नियमित पठनपाठनमा समेत सरिक भएको र परीक्षा दिने क्रममा पोखरा विश्वविद्यालयबाट परीक्षा सारी रजिस्ट्रेसन वितरणमा रोक लगाएको अवस्थामा यस अदालतबाट मिति २०७६।०१।१२ मा यी निवेदकहरूलाई रजिस्ट्रेसन अस्थायी रूपमा स्वीकृत गरी प्रोभिजनल रूपमा फाराम भर्न दिई परीक्षामा सहभागी गराउनु भन्ने अन्तरिम आदेश जारी भएको देखिन्छ। उक्त आदेश अनुसार विपक्षी कलेजहरूले यी निवेदकहरूको रजिस्ट्रेसन फाराम अस्थायीरूपमा स्वीकृत गरी परीक्षामा समेत सामेल हुन दिएको भन्ने विपक्षीहरूको लिखित जवाफबाट देखिएबाट पोखरा विश्वविद्यालयले व्यवस्थापन सङ्कायको भर्नाका लागि +२ को परीक्षामा प्रत्येक विषयमा C GRADE प्राप्त गरेकै हुनुपर्ने अन्यथा रजिस्ट्रेसन स्वीकृत नगरिने भन्दै निवेदकहरूलाई परीक्षा दिनबाट वञ्चित गरिनु समानता र शिक्षाको हकमा समेत प्रतिकूल असर पर्ने प्रस्ट देखिँदा पोखरा विश्वविद्यालयको मिति २०७५।०२।१८ र मिति २०७५।०४।२४ को निर्णयहरू, मिति २०७६।०१।०८ मा कान्तिपुर दैनिकमा प्रकाशित सूचना एवम् सो सूचनासँग सम्बन्धित तत्पश्चात् गरिएका अन्य निर्णयहरू कायम रहन नसक्ने।

पोखरा विश्वविद्यालयको प्राज्ञिक परिषद्ले स्नातक तह व्यवस्थापन विषयमा विद्यार्थी भर्नासम्बन्धी SLCE (कक्षा १२) को परीक्षामा अक्षराङ्कन पद्धति अनुसार न्यूनतम C GPA १.८ तथा कक्षा ११ र १२ का प्रत्येक विषयमा न्यूनतम GRADE D+ ल्याउनेलाई मान्यता दिइने भन्ने निर्णय गरेको देखिँदा यी रिट निवेदकहरूको हकमा उक्त निर्णय लागु हुने नै हुँदा मिति २०७५।०२।१८ र मिति २०७५।०४।२४ को प्राज्ञिक परिषद्को निर्णय र सो आधारमा प्रकाशित मिति २०७६।०१।०८ को सूचनासमेत उत्प्रेणको आदेशले बदर हुने ठहर्छ। प्रस्तुत निवेदन सार्वजनिक सरोकारको विषयसँग सम्बन्धित निवेदन भएको हुँदा यस्तै परिस्थिति भएका सोही अवधिमा भर्ना भएका माथि उल्लिखित निर्णयबाट प्रभावित विद्यार्थीहरूको हकमा समेत मानवीय दृष्टिबाट हेरी रजिस्ट्रेसन नगरेका विद्यार्थीहरूको रजिस्ट्रेसन गरी परीक्षा लिने, नतिजा निकाल्नेसमेतका कार्य गर्नु गराउनु भनी

विपक्षीहरूका नाउँमा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृत : विनिता भारती

कम्प्युटर : रेखा भट्टराई

इति संवत् २०७९ साल फाल्गुन २ गते रोज ३ शुभम्।

**१९**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री सुष्मालता माथेमा**, *०७३-CR-१५०५, अदालतको अवहेलना, निरज प्रजापति वि. पदमनिधि सोतिसमेत*

पुनरावेदक वादी निवेदक रहेको उत्प्रेषण परमादेश (०७२-WO-०९२०) को रिट निवेदन उच्च अदालत पाटनमा दर्ता भएको र उक्त निवेदनका साथ साथै प्रस्तुत अदालतको अवहेलना मुद्दा निर्णय दर्ता बदर हक कायम मुद्दामा भएको फैसलाबमोजिम नगरेको भनी परेकोमा सो मुद्दामा वादी दाबी नपुग्ने ठहर गर्दा मिसिल संलग्न मिति २०६७।१०।०५ को नक्सा नं. ७, ७A, ७B, ७C र ७D का जग्गाहरू वादीको भोगमा रहेको भन्ने देखिन्छ । नक्सा मुचुल्कासमेतबाट नक्सा नं. ७, ७A, ७B, ७C र ७D का जग्गा कि. नं. ४४ भित्रको जग्गा देखिन आई सो जग्गा वादीको साबिक कि. नं. ११ बाट भिड्ने जग्गा देखिएको स्थितिमा साबिक कि.नं. ११ लाई भिडाइ पुनरावेदक वादीले कि. नं. ४४ को जग्गा दर्ता गराइलिन सक्ने नै देखिन आएको र नक्सा मुचुल्कासमेतबाट कि. नं. ४८८ को न. नं. १५ र १६ मा कि. नं. ४४ को जग्गा घुसेको देखिन नआई साबिक कि. नं. ११ को नदेखिएको स्थितिमा दाबी पुग्न नसक्ने गरी सुरूले गरेको फैसला सदर गरी फैसला भएको र सोही मितिमा अवहेलनातर्फ पनि वादी दाबी नपुग्ने गरी फैसला भएको देखिन्छ । दाबीको कि.नं. ४४ को जग्गा कि. नं. ९ सँग भिड्न आएको र सो जग्गा सरकारका नाउँमा दर्ता भइसकेको अवस्थामा निवेदन मागबमोजिम आदेश जारी गर्न मिलेन भनी उत्प्रेषण परमादेशको आदेश जारी गरिपाउँ भन्ने निवेदन खारेज गरेउपर निवेदकले चित्त बुझाई बसेको र यस अदालतमा पुनरावेदन र दोहोऱ्याइपाउँ भन्ने निवेदन दायर भएको देखिएन । यसरी हेर्दा जुन विषयमा रिट निवेदन गरेको हो उक्त रिट निवेदन नै खारेज भई अन्तिम रहेको अवस्थामा विपक्षीहरूको कार्यबाट अदालतको अवहेलना भयो भन्न नमिल्ने ।

हक कायममा वादी दाबी नपुगेको र रिट निवेदनसमेत खारेज भएको अवस्थामा विपक्षीहरूले अवहेलना गरेको भन्न मिल्ने देखिएन। उच्च अदालत पाटनले अवहेलनातर्फ वादी दाबी नपुग्ने ठहऱ्याई मिति २०७३।११।१८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : निर्मलाकुमारी खड्का

कम्प्युटर : पद्मा आचार्य

इति संवत् २०७९ साल मंसिर ८ गते रोज ५ शुभम्।

**२०**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री कुमार रेग्मी**, *०७५-CR-०५९४, ०७५-CR-११२४, मानव बेचबिखन तथा ओसार पसार, नेपाल सरकार वि. मायादेवी (धवल) धोवी, माया धोवी (धवल) वि. नेपाल सरकार*

पीडितहरूको जाहेरी दरखास्त र निजहरूले अनुसन्धानसमक्ष गरेको प्रमाणित बयान, प्रतिवादी मायादेवी धवलले अनुसन्धान अधिकृतसमक्ष गरेको बयान, माइती नेपाल रूपन्देहीको कर्मचारीको कागज र बकपत्र, घटना विवरण कागजसमेतको प्रमाण कागज हेर्दा पीडित भैरहवा ११ र १२ लाई भारतमा लगी बेचबिखन गर्ने कार्य सङ्गठित रूपमा योजना भएको र यस वारदातमा सुरूदेखि नै संलग्न हुने प्रहरी सहायक निरीक्षक निर्मला श्रेष्ठले फोनबाट प्रतिवादी मायादेवीलाई बोलाई पीडितहरू भैरहवा ११ र १२

लाई बुटवलदेखि भैरहवा बेलहिया नाकासम्म साथै लैजान अह्राएबमोजिम सो कार्यमा संलग्न रहेको प्रस्ट देखिन्छ । पुनरावेदक प्रतिवादी एक सामान्य जीवनयापन गर्ने पछाडि परेको धोवी वर्गको व्यक्ति भएको र झारफुक गर्ने क्रममा कनिष्ठ प्रहरी अधिकृत निर्मला श्रेष्ठसँग चिनजान भई बेलाबखतमा निजले काम दिने गरेको भन्ने स्वयम्को बयानमा उल्लेख भएबाट निज प्रस्तुत मुद्दाको वारदात घटाउनमा सुरूदेखि नै संलग्न नभई सहयोगी अर्थात् मतियारको भूमिकामा सम्म रहेको भन्ने देखियो । सो क्रममा निजले पीडितहरूलाई बुटवलदेखि बेलहिया नाकासम्म लगेको र सोही ठाउँमा पक्राउ परेको देखियो । काठमाडौंदेखि योजना बनाउने व्यक्तिहरू वा भारततर्फका व्यक्तिहरूसँग निजको कुनै सम्पर्क रहेको नदेखिई केवल निर्मलासँग मात्र सम्पर्क रही निजले लाए अह्राएबमोजिम संलग्न भएको पाइएको यस स्थितिमा निज पुनरावेदक प्रतिवादीलाई मानव बेचबिखन तथा ओसार पोसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१) को खण्ड (ङ) (२) बमोजिम सजाय हुने ठहऱ्याएको उच्च अदालत पाटनको फैसला सो हदसम्म नमिली निजको हैसियत मतियारको सम्म देखिँदा निजको हकमा दफा १५(१) (ज) को अवस्थासम्म देखिई सोहीबमोजिम सजाय हुनुपर्ने ।

पीडितहरू भैरहवा ११ र १२ लाई भारत लगी बेचबिखन गर्ने कार्यमा यी पुनरावेदक प्रतिवादीको मतियारसम्मको भूमिका देखिँदा निजको हकमा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१) को खण्ड ङ(२) बमोजिम १० वर्ष कैद र रू.५०,०००।– जरिवाना ठहऱ्याएको उच्च अदालत पाटनको मिति २०७४।०५।०५ को फैसला नमिलेकोले केही उल्टी भई निज प्रतिवादीले सोही ऐनको दफा १५(१) को खण्ड (ज) को कसुर गरेको अवस्था देखिँदा निज प्रतिवादी मायादेवी धोवी (धवल) लाई ५ (पाँच) वर्ष कैद र रू.२५,०००।- जरिवाना हुने ।

इजलास अधिकृत : विनिता भारती

कम्प्युटर : पद्मा आचार्य

इति संवत् २०७९ साल मंसिर २८ गते रोज ४ शुभम् ।

## २१

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री कुमार रेग्मी**, *०७४-CR-०४६८, ०७५-RC-०००७, शरीर बन्धक तथा कर्तव्य ज्यान, यज्ञराज कामी वि. नेपाल सरकार, नेपाल सरकार वि. अनुभव भन्ने हिरा कार्की*

मिसिल संलग्न रहेको घटनास्थल लास, जाँच मुचुल्का हेर्दा कञ्चनपुर र डडेल्धुरा जिल्लाको सिमानामा जोडिएको पुरनपानी जङ्गलमा हातखुट्टा बाँधेको शरीरमा पूरै निलडाम, दायाँ छातीमा हतियारको घाउ भएको, निज बिशाल जैनको मृत अवस्थाको लास फेला परेको भनी उल्लेख भएको देखिन्छ । यस्तै मृतक विशाल जैनको छातीबाट ७ वटा गोलीका छर्रा फेला परेको भन्ने मिसिल संलग्न रहेको शव परीक्षण प्रतिवेदनबाट देखिन्छ । यसरी मिसिल संलग्न रहेको जाहेरी दरखास्त, घटनास्थल लास जाँच मुचुल्का र शव परिक्षण प्रतिवेदनबाट मृतक विशाल जैनको मृत्यु अपहरणपश्चात् गरिएको कर्तव्यबाट भएको भन्ने देखिने ।

पुनरावेदक प्रतिवादी यज्ञराज कामी र अर्का प्रतिवादी अनुभव भन्ने हिरा सार्कीको के कस्तो संलग्नता छ भनी विचार गर्दा, प्रतिवादी यज्ञराज वि.क.ले सुरू अदालतसमक्ष बयान गर्दा आफू कसुर अपराधमा संलग्न भएको कुरामा पूर्ण इन्कार रही बयान गरे तापनि सर्वोच्च अदालतबाट कसुरदार ठहर भइसकेका प्रतिवादी अविरल भन्ने धनबहादुर रानाले अदालतसमक्ष गरेको बयानको स.ज. ९ मा म, यज्ञराज कामी, गणेश धामी, जीवन

वि.क., टेकराज जोशी, संघर्ष र हिरा सार्की उक्त अपहरण तथा हत्याको वारदातमा संलग्न भएको हौँ भनी लेखाइदिएको देखिन्छ । यस्तै अर्का प्रतिवादी गणेशबहादुर धामीले अदालतसमक्ष गरेको बयान स.ज. ९ मा धनबहादुर रानाले लेखाएबमोजिम प्रतिवादी यज्ञराज कामी, हिरा सार्की र अन्य व्यक्तिको कसुरमा संलग्नता भएको भनी उल्लेख गरेको पाइन्छ । मिसिल संलग्न रहेको अर्का प्रतिवादी टेकराज जोशीले अनुसन्धान अधिकृतसमक्ष गरेको स.ज. नं. ७ को बयानमा प्रतिवादी हिरा सार्कीले मृतक विशाल जैनलाई अपहरण गरिसकेको र मानिस थोरै भएकोले प्रतिवादी यज्ञराज वि.क.लाई सहयोगको लागि पठाएको भन्ने उल्लेख गरेको पाइन्छ । निज टेकराज जोशीले अदालतसमक्ष गरेको स.ज. नं. ४ को बयान हेर्दा आफूले सहयोग गरी वारदातमा संलग्न नभएको भनी इन्कारी बयान गरे तापनि उक्त वारदातमा संलग्न रहेका प्रतिवादीसँग आफ्नो फोन सम्पर्क भई मृतकको अपहरणबारेमा थाहा पाएको भन्ने जानकारी भएको स्वीकार गरेको देखिन्छ । कसुरदार ठहर भएका प्रतिवादीहरूको उल्लिखित बयानको बेहोरालाई यी पुनरावेदक प्रतिवादी यज्ञराज कामीले अन्यथा भनी अदालतसमक्ष प्रमाणित गर्न सकेकोसमेत नदेखिने ।

प्रतिवादीहरू गणेशबहादुर धामी र धनबहादुर रानाले प्रतिवादी यज्ञराज कामी र हिरा सार्कीउपर गरेको पोल, प्रतिवादी टेकराज जोशीले अनुसन्धान एवम् अदालतसमक्ष गरेको बयानसमेतलाई हेर्दा यी प्रतिवादीहरू यज्ञराज कामी र हिरा सार्की मृतक विशाल जैनको अपहरण गरी कर्तव्य गर्ने कार्यमा प्रत्यक्ष संलग्नता रहेको भन्ने देखियो । मृतक विशाल जैनको सङ्घर्ष भन्ने व्यक्तिको गोली प्रहारबाट मृत्यु भएको भन्ने तथ्य उल्लेख भएको पनि मृतकलाई मार्ने कार्यमा यी प्रतिवादीहरूले सहयोग पुऱ्याएको र अपहरण गरी जङ्गल पुऱ्याउने कार्य सङ्गठितरूपमा संलग्न भएको देखिन्छ । सङ्गठितरूपमा साझा योजना बनाई काम भएकोमा प्रत्येक सहभागी घटनामा जिम्मेदार हुने भएबाट समेत निज प्रतिवादी यज्ञराज कामी र हिरा सार्कीलाई हुने सजायको हकमा हेर्दा उच्च अदालत दिपायलले फैसला गर्दा ज्यानसम्बन्धी महलको १३(४) बमोजिम जन्मकैद सजाय हुनुपर्नेमा सोही महलको १३(३) नं. प्रयोग गरेको हदसम्म आनुसाङ्गिक परिवर्तित गरी सजायको परिणाममा जन्मकैद हुने ठहऱ्याएको उच्च अदालत दिपायलको फैसला मिलेकै देखिने ।

पुनरावेदक प्रतिवादी यज्ञराज कामी र साधकको रोहमा हेरिएका अनुभव भन्ने हिरा सार्की मृतक विशाल जैनलाई अपहरण गरी मार्ने कार्यमा सङ्गठितरूपमा संलग्न रही वारदातमा सहयोग पुऱ्याएको भन्ने देखिन आएकोले यी प्रतिवादीहरूलाई अपहरणतर्फ साबिक मुलुकी ऐनको अपहरण तथा शरीर बन्धकको महलको १ नं. बमोजिमको कसुरमा ३ नं. बमोजिमको कसुर कायम भई तथा कर्तव्य ज्यानतर्फ ज्यानसम्बन्धी महलको १ नं. को कसुरमा १३(४) बमोजिम सजाय हुने देखिँदा ज्यानसम्बन्धी महलको १३(४) नं. बमोजिम जन्मकैद हुने देखिई सजायको परिणाममा जन्मकैद हुने ठहर गरेको उच्च अदालत दिपायलबाट मिति २०७४।०३।१८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : विनिता भारती

कम्प्युटर : पद्मा आचार्य

इति संवत् २०७९ साल मंसिर २८ गते रोज ४ शुभम् ।

२२

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री कुमार रेग्मी**, *०७३-CI-०४९८, अंश चलन, दीप प्रधान चित्रकार वि. विमल चित्रकार*

प्रतिवादी र निजहरूका नाबालिका

छोरीबाहेक अन्य अंशियार नै नरहेको अवस्थामा सो घरजग्गा वादीले एकासगोलकी श्रीमतीलाई हालैदेखिको बकसपत्रको लिखत पारित गरिदिएको देखिन्छ । उक्त बकसपत्रको लिखतमा "दाइजो" वा "पेवा" भनी उल्लेख भएको पाइँदैन भने सो घरजग्गा आफ्नो दाइजो वा पेवा हो भनी प्रतिवादीले जिकिर लिन पनि सकेको अवस्था छैन । "प्रतिवादी अन्जुले पाएको जग्गा बकसपत्रको देखिए पनि आफ्नै पत्नीले पतिबाट बकसपत्र पाएको देखिएकोले प्र. अन्जुको नाममा रहेको सो जग्गा बन्डा गर्न नपर्ने भन्न नमिल्ने" (ने.का.प. २०६२ अङ्क-२ नि.नं.७४९४), त्यसै गरी "एकासगोलका अंशियारबिच एकले अर्कोबाट सगोलको सम्पत्ति बकसपत्र पाएकै अवस्थामा पनि सो सम्पत्तिमा सबै अंशियारको भाग लाग्ने" (ने. का.प. २०७१ अङ्क-५ नि.नं.९१६८) भनी यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतको रोहमा वादी विमल चित्रकारले अंशबाट प्राप्त गरेको पैत्रिक सम्पत्ति आफ्नी श्रीमती प्रतिवादी दीपा प्रधान चित्रकारलाई बकसपत्र गरिदिएकै आधारमा सो घरजग्गामा वादीको कुनै हक नलाग्ने र श्रीमतीको एकलौटी हुने भन्न नमिल्ने ।

विवादित जग्गाहरूको स्रोत हेर्दा कि.नं. ३४४२ को जग्गा मिति २०६९।१०।२५ मा र.नं.३२४७ग मार्फत प्रमा होल्डिङ्गस प्रा.लि. बाट रू. ८,१९,०००।- मा यी प्रतिवादी दीपा प्रधानको नाममा र कि.नं. १०४ को जग्गा मिति २०६६।११।२६ मा र.नं. ५७०७ मार्फत रू. ६,५०,०००।– मा मणीबहादुर खत्रीबाट यी प्रतिवादी दीपा प्रधान, करूणा महर्जन, ज्ञानकुमारी शाक्य र जमुना महर्जनसमेत चार जनाको संयुक्त नाममा राजीनामाको लिखतबाट प्राप्त भएको देखिन्छ । प्रतिवादी दीपा प्रधानले आफ्नो प्रतिउत्तरमा उक्त जग्गाहरू आफूले विवाहपूर्व नेपालको अल्फाविटा कम्पनी तथा चाइनाको MULTINATIONAL COMPANY मा काम गरेको र विवाहमा पाएको गरगहनासमेत बिक्री गरी प्राप्त गरेको रकमबाट खरिद गरेको भनी जिकिर लिएको देखिन्छ । तर यी प्रतिवादीले विवाह हुनुभन्दा पहिले कुनै सम्पत्ति आफ्नो नाममा प्राप्त गरेको देखिँदैन । त्यसैगरी निजले के कुन गरगहना बिक्री गरी के कति रकम प्राप्त गरेको थियो भन्ने कुरा पनि मिसिल संलग्न कागजातबाट खुल्न सकेको पाइँदैन । बरू पति विमल चित्रकारले घरमै खाद्य प्रशोधनसम्बन्धी कारखाना सञ्चालन गरेको कुरालाई दीपा प्रधान चित्रकारले स्वीकार गरेको देखिने ।

कि.नं. ३४४२ को राजीनामामा मूल्य रू.८,१९,०००। लेखिए पनि सो जग्गा रू.३८,००,०००। लाखमा खरिद गरिएको र सो खरिद गर्न पुनरावेदक विमल चित्रकारले प्रतिवादी दीपा प्रधानको स्टान्डर्ड चार्टड बैंक जावलाखेल, नेपाल इन्भेष्टमेन्ट बैंक पुल्चोक र दीपा प्रधानकै सञ्चालनमा रहेको रेमिन कन्सल्टेन्ट प्रा.लि.नामको कम्पनीको स्टान्डर्ड चार्टर्ड बैंक जावलाखेलको खातामा गरी जम्मा रू.२३,२८,०००।- जम्मा गर्नुको साथै प्रयाग सहकारी संस्थाबाट रू.२,००,०००।– ऋण लिएको भनी वादी विमल चित्रकारले पुनरावेदन अदालत पाटनमा पेस गरेको पुनरावेदन तथा निजले पुनरावेदन अदालत पाटनमा गरेको अ.वं. ७८ नं. बमोजिमको बयानमा उल्लेख गरेको पाइन्छ । वादीको उक्त कथनलाई प्रतिवादीको खातामा जम्मा भएको भौचर तथा प्रयाग सहकारी संस्थाबाट मिति २०६९।१०।५ मा रू.२,००,०००। मा प्रतिवादी दीपा प्रधानसमेत साक्षी बसी ऋण लिएको तमसुकको प्रतिलिपिबाट समेत समर्थित भएको पाइन्छ । त्यसैगरी कि.नं. १०४ जग्गा मिति २०६६।११।२६ मा खरिद गर्दा आफूले मिति २०६६।७।१७ मा सैंवुको जग्गा बिक्री गरेको भनी वादीले लिएको जिकिरलाई मिति

२०६६।७।१७ मा रू.९,३०,०००।- मा वादी विमल चित्रकारले ललितपुर सैंवु गाउँ विकास समिति, वडा नं. ९ (क) कि.नं. २५ को ०-१४-२-० को जग्गा रामकृष्ण श्रेष्ठलाई बिक्री गरेको राजीनामा लिखतले समर्थन गरेको अवस्था देखिँदा उक्त जग्गाहरू यी पुनरावेदक/प्रतिवादीको मात्र एक्लो ज्ञान, सिप र प्रयासबाट आर्जित रकमबाट खरिद भएको होला भनी अनुमान गर्न नसकिने।

मुलुकी ऐन, अंशबन्डाको महलको १८ नं. ले एकाघर सगोलमा बसेको अंशियारहरूले कमाएको धन र लगाएको ऋण सगोलको हुने भनी व्यवस्था गर्नुका साथै प्रमाण ऐन, २०३१ को दफा ६क मा "एकाघरसँगका अंशियारमध्ये जुनसुकै अंशियारको नाममा भएको सम्पत्ति सगोलको सम्पत्ति हो भनी अदालतले अनुमान गर्ने छ" भन्ने कानूनी व्यवस्था गरेको अवस्थामा लोग्नेको अंशबाट प्राप्त गरेको कि.नं. २४७ को घरजग्गा पत्नीलाई बकसपत्र गरिदिएको, लोग्नेको नामको कि.नं. २५ बिक्री गर्दा प्रतिवादीले विरोध नगरेको, सहकारी संस्थाबाट ऋण लिएको र लोग्ने वादीले प्रतिवादीको नाममा रहेको विभिन्न बैंकको खातामा रकम जम्मा गरी दिएको समयको आसपासमा पत्नी प्रतिवादीको नाममा कि.नं. १०४ र ३४४२ का जग्गाहरू खरिद गरेको देखिएको अवस्थामा पत्नीकै नाममा दर्ता रहेकै कारण सो सम्पत्तिमा लोग्नेको कुनै हक रहँदैन र पत्नीबाट पतिले अंशसमेत पाउँदैन भन्न नमिल्ने।

कि.नं. २४७ को घरजग्गा बन्डा लाग्ने गरी भएको हदसम्म सुरूको फैसला सदर गरी कि.नं. १०४ र ३४४२ को जग्गा प्रतिवादीको निजी आर्जन ठहर गरेको सुरू ललितपुर जिल्ला अदालतको फैसलालाई केही उल्टी गरी कि.नं. १०४ र ३४४२ को जग्गामासमेत छोरी दुचु चित्रकारको विवाह खर्च पर सारी वादीले प्रतिवादीबाट ३ भागको १ भाग अंश छुट्ट्याई लिन पाउने ठहर गरेको पुनरावेदन अदालत पाटनको मिति २०७२।१२।१५ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : कर्णबहादुर राई
कम्प्युटर : रेखा भट्टराई
इति संवत्२०७९ साल चैत्र ९ गते रोज ५ शुभम्।

- यसै लगाउका ०७७-CI-०५६८, माना चामल, विमल चित्रकार वि. दीपा प्रधान चित्रकार भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

**२३**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७०-WO-०३६६, उत्प्रेषण / परमादेशसमेत, डा. अच्युतविक्रम हमाल वि. लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगर काठमाडौंसमेत*

लोक सेवा आयोगले मिति २०७०/२/८ मा विज्ञापन नं. २६३०/०६९-०७० को सूचना प्रकाशित गरी नेपाल स्वास्थ्य सेवा, मेडिसिन समूह, जनरल मेडिसिन उपसमूह, नवौँ तहको कन्सल्टेन्ट फिजिसियन पदमा एक जना अधिकृत माग गरी विज्ञापन गरेको देखिन्छ। उक्त विज्ञापनमा दरखास्त दिने अन्तिम मिति २०७०/२/२८ र दोब्बर दस्तुर तिरी मिति २०७०/३/४ गतेसम्म दरखास्त दिन सकिने गरी सूचना आह्वान गरेको देखिन्छ भने आवश्यक न्यूनतम योग्यताको हकमा "खुल्ला प्रतियोगिताद्वारा पूर्ति गरिने अधिकृत नवौँ र अधिकृत एघारौँ तहका पदको लागि अनुसूची-६ मा उल्लिखित न्युनतम योग्यता प्राप्त गरेको र सम्बन्धित क्षेत्रको अधिकृतस्तरमा नवौँ तहको हकमा पाँच वर्ष र एघारौँ तहको हकमा सात वर्ष अनुभव प्राप्त गरेको हुनुपर्ने छ" भनी उल्लेख गरेको देखिन्छ। उपर्युक्त उल्लिखित कानूनी व्यवस्था एवम् लोक सेवा आयोगले गरेको

विज्ञापनको आधारमा हेर्दा दोब्बर दस्तुर बुझाई दरखास्त दिने म्याद मिति २०७०/३/४ गतेसम्ममा माथि उल्लिखित योग्यता हासिल गरिसकेको व्यक्ति मात्र उक्त पदको लागि उम्मेदवार हुन योग्य हुने।

निवेदकले त्रिभुवन विश्वविद्यालय, काठमाडौंबाट INTERNAL MEDICINE मा स्नातकोत्तर उपाधि हासिल गरेको भन्ने कुरालाई निजले पेस गरेको ACADEMIC TRANSCRIPT ले पुष्टि गरेको र सो सम्बन्धमा विवादसमेत नहुँदा निजको शैक्षिक योग्याता सम्बन्धमा यहाँ बोलिरहनुपर्ने अवस्था देखिएन। निज निवेदक डा. अच्युतविक्रम हमालले सम्बन्धित क्षेत्रको अधिकृतस्तरमा पाँच वर्ष काम गरेको अनुभव प्राप्त गरेको छ वा छैन भन्ने सम्बन्धमा हेर्दा, निज AMDA NEPAL, PHCP FOR BR, BIRTAMOD, JHAPA मा काम गर्ने गरी मेडिकल अधिकृत (तह-७) को पदमा ७ मे २००८ (२३ वैशाख २०६५) मा नियुक्ति भएको भन्ने कुरा निजको नियुक्तिपत्रको प्रतिलिपिबाट देखिन्छ भने सो कुरालाई AMDA NEPAL, JORPATI-४, KATHMANDU को मिति २०७०/६/२२ को पत्रले समेत पुष्टि गरेको अवस्था छ। तर यी निवेदकले AMDA NEPAL दमकसँग ५ वर्षे अनिवार्य BOND भएकोमा विगत केही महिनादेखि उक्त कार्यालयमा कार्यरत नरहेको, सम्बन्धित कार्यक्षेत्रमा पाँच वर्षे कार्यअनुभव पनि नरहेको भन्दै मिति २०७०/६/२३ मा विपक्षी डा. सुरेश थापाले छानबिनसमेतको माग गरी परीक्षाफल प्रकाशित गर्नको लागि लोक सेवा आयोगसमक्ष निवेदन पेस गरेको मिसिलसंलग्न कागजातबाट देखियो। यी निवेदकको कार्य अनुभव सम्बन्धमा लोक सेवा आयोगले AMDA NEPAL सँग जानकारी माग गर्दै पत्राचार गरेकोमा AMDA NEPAL ले मिति २०७०/६/२२ को पत्रबाट सोको जवाफ पठाएको देखिन्छ। AMDA NEPAL ले पठाएको पत्रको बेहोरा हेर्दा यी निवेदक अच्युतबिक्रम हमाल उक्त संस्थामा २०६५/१/२३ मा मेडिकल अधिकृत पदमा नियुक्ति भई कार्यरत रहेकै अवस्थामा चिकित्साशास्त्र अध्ययन संस्थान (शिक्षण अस्पताल) महाराजगन्जमा स्नातकोत्तर तह INTERNAL MEDICINE विषयको अध्ययनको लागि प्रवेश परीक्षमा सहभागी भई छनौट भएपछि अध्ययन पूरा गरेपछि कम्तीमा पाँच वर्ष अविच्छिन्न रूपमा AMDA NEPAL ले खटाएको स्थानमा काम गर्ने सर्तमा तीन वर्षे छात्रवृत्तिमा पठाएको, निजले सो अध्ययन पूरा गरी मिति २०६९/३/१८ मा हाजिर हुन आएपछि निज निवेदकलाई AMDA NEPAL अन्तर्गत सञ्चालित आम्दा अस्पताल दमकमा खटाइएको भनी उल्लेख गरेको देखिन्छ। यी निवेदक AMDA NEPAL अन्तर्गत सञ्चालित भुटानी शरणार्थीहरूका लागि प्राथमिक स्वास्थ्य उपचार परियोजना, बिर्तामोड, झापामा काम गर्दैको अवस्थामा तीन वर्षको लागि छात्रवृत्तिमा अध्ययन गर्न गएको भन्ने कुरालाई AMDA NEPAL ले राखेको विभिन्न सर्तहरू स्वीकार गर्दै निजले मिति २०६६/१/२७ मा गरिदिएको कबुलियतनामा कागजको प्रतिलिपिसमेतले पुष्टि गरेको।

यी निवेदक मिति २०६९/३/१८ मा हाजिर भएपछि खटाइएको स्थानमा हाजिर भए नभएको र के कुन अवधिसम्म कार्यरत रहेको भन्ने विषयमा खुलाई पठाइदिनको लागि लोक सेवा आयोगले AMDA NEPAL लाई पुनः पत्राचार गरेको देखियो। सोको जवाफमा AMDA NEPAL ले मिति २०७०/७/६ को पत्रसाथ यी निवेदकको २०६९ असारदेखि २०७० कार्तिक महिनासम्मको हाजिरी विवरण नै पठाइदिएको देखिन्छ। उक्त हाजिरी विवरण हेर्दा यी निवेदक २०६९ असार १९ देखि हाजिर भएकोमा २०६९ श्रावणमा १६ दिन, भाद्रमा ३१, असोजमा

२५ दिन, पौषमा ६ दिन, २०७० वैशाखमा ३ दिन बिदा लिएको र त्यसपछि कार्यालयमा अनुपस्थित रही २०७० असोज २४ देखि पुनः हाजिर भएको भन्ने देखिने।

यी निवेदकले नियुक्ति पाएको मिति २०६५/१/२३ देखि दोब्बर दस्तुत बुझाउने दिन २०७०/३/४ सम्मको अवधि गणना गर्ने हो भने निजको सेवा अवधि ५ वर्ष १ महिना ११ दिन हुन आउँछ। तर यी निवेदकले ३ वर्ष स्नातकोत्तर तहको अध्ययन गर्न लिएको बेतलबी बिदा र अध्ययन पूरा गरी मिति २०६९/३/१८ मा हाजिर भएपछि लोक सेवा आयोगले गरेको विज्ञापनको दरखास्त दिन पाउने अन्तिम म्याद मिति २०७०/३/४ सम्मको अवधिमा पनि निजले २०६९ भाद्रमा ३१ दिन र २०६९ आश्विनमा २५ दिन गरी जम्मा ५६ दिन बेतलबी बिदा लिएको निजको हाजिरी विवरणबाट देखिन्छ । निजले बेतलबी बिदा लिएको अवधि कट्टा गर्ने हो भने निजको सेवा अवधि सहजै पाँच वर्ष नपुग्ने र सो पदको उम्मेदवार हुन निजको योग्यता नै नपुगेको अवस्था देखिने।

अब बेतलबी बिदामा बसेको अवधि निवेदकको सेवा अवधिमा गणना हुने हो वा होइन भन्ने तेस्रो प्रश्नको सम्बन्धमा हेर्दा, यी निवेदकले आम्दा नेपालअन्तर्गत काम गरेको र MD को अध्ययन गरेको समयावधि एउटै भएपछि नवौँ तहको लागि चाहिने अनुभवको योग्यता सम्बन्धित क्षेत्रको अधिकृतस्तरमा पाँच वर्षको अनुभव प्राप्त गरेको भनी गणना गर्न मिल्ने नमिल्ने भन्ने सम्बन्धमा प्रश्न खडा भएपछि लोक सेवा आयोगले सो सम्बन्धमा छलफल तथा निर्णयको लागि प्रस्ताव पेस गरी निर्णय गरेको भन्ने देखिन्छ। लोक सेवा आयोगको मिति २०७०/६/११ को निर्णय हेर्दा "उम्मेदवारको अनुपस्थित भएको अवधि र बेतलबी बिदा कटाउँदा पाँच वर्ष सेवा अवधि नपुग्ने हुँदा निजको दरखास्त फाराम, लिखित परीक्षा र अन्तर्वार्तासमेत रद्द गरी अन्तिम योग्ताक्रम सूचीबाट निजको नाम हटाउने" भनी उल्लेख भएको देखिने।

प्रस्तुत रिट निवेदन स्वास्थ्य सेवासँग सम्बन्धित रहेको देखियो । यस सेवालाई निर्देशित गर्ने कानूनको रूपमा हेर्दा स्वास्थ्य सेवा ऐन, २०५३ र स्वास्थ्य सेवा नियमावली, २०५५ रहेको पाइन्छ। निवेदकले स्नातकोत्तर तहमा अध्ययन गर्न लिएको बिदा उक्त ऐन तथा नियमावलीमा भएको व्यवस्थाबमोजिम रहेको पाइँदैन । साथै निजले काम गरेको संस्थाको विनियमावलीको यो यस विनियमबमोजिम आफूले लिएको बेतलबी बिदा सेवा अवधिमा गणना हुने हो भनी खुलाउनसमेत नसकेको अवस्था छ। यसरी निवेदकले कुन कानूनको अधीनमा रही अध्ययनको लागि बेतलबी बिदा लिएको हो र सो बिदाको अवधि निजको सेवा अवधिमा गणना हुने हो भनी स्पष्ट रूपमा दाबी नै लिन नसकेको अवस्था हुँदा निजले लिएको बेतलबी बिदाको अवधिलाई आफ्नो कार्यक्षेत्रमा काम गरी अनुभव प्राप्त गरेको भन्न नमिल्ने।

निवेदन मागदाबीबमोजिमको आदेश जारी हुनुपर्ने हो वा होइन भन्ने सम्बन्धमा हेर्दा, यी निवेदकले मेडिसिन समूह, जनरल मेडिसिन उपसमूहको नवौँ तहको कन्सल्टेन्ट फिजिसियन पदमा आवेदन दिएको देखिन्छ । सोको लागि मेडिसिनमा स्नातकोत्तर उपाधि प्राप्त गरेको र सम्बन्धित क्षेत्रको अधिकृतस्तरमा पाँच वर्ष सेवा गरेको अनुभवसमेत हुनुपर्ने भनी कानूनले योग्यता निर्धारण गरेको र सोही आधारमा लोक सेवा आयोगले विज्ञापन गरेको देखिन्छ। यी निवेदकले मेडिसिनमा स्नातकोत्तर उपाधि प्राप्त गरेको भए पनि सम्बन्धित क्षेत्रको अधिकृतस्तरमा पाँच वर्षको अनुभव प्राप्त

नगरेको भन्ने कुरालाई आम्दा नेपालको लिखित जवाफ, मिसिलसंलग्न पेस भएको निवेदकको हाजिरी विवरणसमेतले पुष्टि गरेको अवस्था छ । यसरी उक्त पदको लागि योग्यता नै नपुगेको अवस्थामा परीक्षामा सामेल भएको पाइएपछि लोक सेवा आयोगले निजको दरखास्त फाराम, लिखित परीक्षा र अन्तर्वार्तासमेत रद्द गरी अन्तिम योग्ताक्रम सूचीबाट निजको नाम हटाउने भनी गरेको निर्णय कानूनसम्मत देखिँदा निवेदन मागबमोजिमको आदेश जारी हुनुपर्ने अवस्था देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : कर्णबहादुर राई

कम्प्युटर : पद्मा आचार्य

इति संवत् २०७९ साल साउन ३१ गते रोज ३ शुभम् ।

**२४**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७९-WH-०१३९, बन्दीप्रत्यक्षीकरण, सुर्यमान थापा (मगर) वि. नेपाल सरकार, गृह मन्त्रालय, कारागार कार्यालय, धादिङ, धादिङवेशीसमेत*

निवेदकले निवेदनसाथ पेस गरेको नागरिकतामा निजको नाम पुन्टे मगर र निजको बाबुको नाम पाडे मगर उल्लेख भएको देखिन्छ भने २०४१।११।२८ मा नागरिकता लिँदा निजको उमेर २४ वर्ष भन्ने उल्लेख भएको देखिन्छ । नुवाकोट जिल्ला अदालतमा चलेको कुटपिट मुद्दाका प्रतिवादीमध्येका गुन्टे मगरको उमेर ३० वर्ष उल्लेख भई निजलाई "टुल्केको छोरा अन्दाजी वर्ष ३० को गुन्टे मगर" भन्ने उल्लेख गरिएको देखिन्छ । उक्त कुटपिट मुद्दामा गुन्टे मगरका नाममा मिति २०४४।११।१८ मा म्याद तामेल हुँदा निजको एकाघरको बाबु टुल्के दर्लामी मगरले बुझी लिएको देखिन्छ । उक्त मुद्दामा नुवाकोट जिल्ला अदालतबाट २०४४।०७।२१ मा फैसला हुँदा गुन्टे मगरलाई पाँच महिना कैद र रू.२५००/- जरिवाना हुने ठहरेको पाइन्छ । सो फैसलामा कहीँकतै गुन्टे मगर भन्ने पुन्टे मगर भनी उल्लेख भएको देखिएन । यस स्थितिमा नुवाकोट जिल्ला अदालतबाट २०४५।०७।२१ मा फैसला भई लगत कायम भएको गुन्टे मगर यी निवेदक पुन्टे मगरको नाम, बाबुको नाम र उमेरसमेतको हिसाबबाट एउटै व्यक्ति हुन् भन्न सकिएन । यस अदालतका मिति २०७९।११।१८ का आदेशबमोजिम उक्त मुद्दाका वादी मेघनाथ अधिकारीलाई प्रहरीमार्फत झिकाई अदालतका अधिकृत कर्मचारीको रोहबरमा सनाखत गर्न लगाई पठाउनु भनी धादिङ जिल्ला अदालतलाई लेखी गएकोमा निज मेघनाथ अधिकारीको मिति २०५७।११।१७ मा नै मृत्यु भएको भन्ने जिल्ला प्रहरी कार्यालय नुवाकोटको पत्र प्राप्त भएको भनी धादिङ जिल्ला अदालतको मिति २०७९।१२।०१ को पत्रसाथ कागजात प्राप्त भएको देखियो । यस स्थितिमा मिसिलमा विद्यमान कागजातहरू हेर्दा मेघनाथ अधिकारी वादी भई चलेको कुटपिट मुद्दा (२०४४ सालका स.फौ.१०/५९) मा नुवाकोट जिल्ला अदालतका २०४५।०७।२१ मा फैसलाले लगत कायम भएको गुन्टे मगर यी निवेदक पुन्टे मगर नै भन्ने स्थापित नभएबाट यी निवेदकको थुना गैरकानूनी देखिन आयो । अतः फैसलामा नै उल्लेख नभएका गुन्टे मगर भन्ने पुन्टे मगर यी व्यक्ति हुन् भनी मिति २०७९।१०।१६ मा दिएको कैदी पुर्जी त्रुटिपूर्ण देखिँदा उत्प्रेषणका आदेशले बदर भई यी निवेदक पुन्टे मगरको हकमा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७ बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी भई थुनाबाट मुक्त हुने ।

इजलास अधिकृत : सदन अधिकारी

कम्प्युटर : रेखा भट्टराई

इति संवत् २०७९ साल चैत्र ३ गते रोज ६ शुभम् ।

## २५

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. डा.श्री मनोजकुमार शर्मा,** *०७८-WH-०२०२, बन्दीप्रत्यक्षीकरण, मकेश्वर महतो वि. महोत्तरी जिल्ला अदालत, जलेश्वरसमेत*

महोत्तरी जिल्ला अदालतबाट फौ.नं. ०७४१ (०६८-CR-०५२) भएको अपहरण तथा शरीर बन्धक मुद्दाका फरार प्रतिवादी यी निवेदकको नामको म्याद मिति २०६९।१।८ मा घर दैलोमा टाँसी तामेल भएको र तत्पश्चात् सो मुद्दामा सुनुवाइ गरी मिति २०७०।१।९ मा भएको फैसलाबमोजिम कैदमा राखिएको देखिन्छ । मिति २०६९।१।८ मा तामेल भएको बेरितको म्याद बदर गरिपाउँ भनी यी निवेदकले सुरू महोत्तरी जिल्ला अदालतमा नै निवेदन दिएकोमा सो अदालतले मिति २०७६।९।४ मा मिति २०६९।१।८ को म्याद साक्षीहरूको रोहबरमा निज प्रतिवादीको घर दैलोमा टाँसी रीतपूर्वक तामेल भएको देखिँदा म्याद बदर गर्न मिलेन भनी आदेश गरेको देखियो । सो आदेशउपर निवेदकद्वारा उच्च अदालत, जनकपुरमा कैफियत प्रतिवेदन (कै.प्र.नं. ०७६-RE-०३६७) पेस गर्नुका साथै ०७६-WO-०२९५ को रिट पनि दायर गरिएको देखियो । सो प्रतिवेदनउपरको आदेशमा उच्च अदालत, जनकपुरले "मिति २०६९।१।८ मा तामेल भएको म्याद बदरसमेतको लागि यिनै निवेदकले दायर गरेको ०७६-WO-०२९५ को रिट खारेज हुने ठहरी आज यस इजलासबाट फैसला भएकोले सो आधारबाट तहाँको मिति २०७६।९।४ को आदेश बेरितको नदेखिँदा परिवर्तन गरिरहनु परेन" भन्ने बेहोराको आदेश मिति २०७७।११।२६ मा गरेको पाइने ।

उक्त रिट निवेदनमा उच्च अदालत, जनकपुरबाट भएको आदेशउपर यिनै निवेदकले मुद्दा दोहोर्‍याइपाउँ भनी निवेदन दिएकोमा आज मुद्दा दोहोर्‍याई हेर्ने अनुमति प्रदान भएको छ । सामान्य क्षेत्राधिकारअन्तर्गत नियमित प्रक्रियाबाट उपचार पाउनेमा सोही दोहोर्‍याई हेर्ने अनुमति भएको मुद्दाबाट ठहरेबमोजिम हुने नै हुन्छ । तर सोपूर्व यी प्रतिवादी विरूद्ध अपहरण तथा शरीर बन्धक मुद्दामा महोत्तरी जिल्ला अदालतबाट भएको फैसला बदर भएको अवस्था नहुँदा निवेदकको थुनालाई गैरकानूनी भन्न मिलेन । म्यादको कारण गैरकानूनी थुनामा रहेको मान्ने हो भने म्यादको आधारमा फैसला गर्ने महोत्तरी जिल्ला अदालतलाई मात्र होइन, सो म्यादलाई चुनौती दिई जाँदा आफ्नो जिकिर अस्वीकार गरी रिट खारेज गर्ने उच्च अदालत, जनकपुरलाई पनि विपक्षी बनाउनुपर्नेमा प्रस्तुत रिट निवेदनमा सो गरेको पनि नपाइँदा महोत्तरी जिल्ला अदालतबाट भएको फैसला कार्यान्वयनको सिलसिलामा कैदमा परेको विषयलाई गैरकानूनी मान्न नसकिने ।

अतः उपर्युक्त आधार, कारणहरूबाट महोत्तरी जिल्ला अदालतको मिति २०७०।१।९ को फैसला यथावत् रहँदासम्म निवेदक गैरकानूनी थुनामा रहेको भन्न नमिलेकोले बन्दी प्रत्यक्षीकरणको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृत : दीपशिखा मुनाकमी

कम्प्युटर : पद्मा आचार्य

इति संवत् २०७९ साल कात्तिक ४ गते रोज ६ शुभम् ।

## २६

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. डा. श्री मनोजकुमार शर्मा**, *०७२-CI-०३३७, अपुताली हक कायम, मन्दरदेवी राना वि. रूकमणी रानासमेत*

प्रतिवादी मन्दरदेवी रानाले चनी रानाउपर मिति २०६४/५/६ मा दायर गरेको नाता कायम मुद्दामा निजहरूबिच लोग्ने स्वास्नीको नाता

सम्बन्ध स्थापित हुने गरी मिति २०६४।५।१७ मा मिलापत्र भइसकेपछि निज मन्दरदेवी रानाले चनी रानाउपर मिति २०६६।११।९ मा अंश मुद्दा दर्ता गरेको देखिन्छ । उक्त मुद्दामा चनी रानाले मिति २०६७/१/२८ मा प्रतिसउत्तर फिराएपछि कैलाली जिल्ला अदालतबाट मिति २०६६।११।८ लाई मानो छुट्टिएको मिति कायम भएको देखिन्छ । चनी रानाको २०६७/२/९ मा मृत्यु भइसकेपछि यी पुनरावेदिका मन्दरदेवी रानाले पेस गरेको चनी रानाको नाम दर्ताको कि.नं. १६९, १७२, २१५, २१८, २२१, ३१५, ५०६ र ऐ. वडा नं. ३ को कि.नं. २२२ का तायदातीमा उल्लिखित जग्गाहरूबाट २ भागको १ भाग अर्थात् ४-०-० मध्ये २-०-० जग्गा अंशबापत यी पुनरावेदिकाले पाउने ठहरी मिति २०६८/३/२९ मा फैसला भएको देखिने।

पुनरावेदिका मन्दरदेवी राना र निजका पति चनी रानाबिच लोग्ने स्वास्नीको सम्बन्ध निज मन्दरदेवी रानाले मिति २०६४/५/६ मा दायर गरेको नाता कायम मुद्दाको मिलापत्रबाट स्थापित भएको देखिन्छ । उक्त नाता कायम मुद्दाको फिराद पत्रको बेहोरामा आफूहरू २०६४/३/१५ देखि वैवाहिक सम्बन्ध कायम गरी लोग्ने स्वास्नीको रूपमा बस्दै आए पनि चनी रानाले विवाह दर्ता गर्न इन्कार गरेको, आफूलाई स्वास्नीको रूपमा स्वीकार नगर्ने बरू घरबाट निकाला गर्ने धम्की दिएको भनी उल्लेख गरेको देखिन्छ । उक्त मुद्दामा निजहरूको लोग्ने स्वास्नीको नाता सम्बन्ध स्थापित हुने गरी मिति २०६४।५।१७ मा मिलापत्र भइसकेपछि पति चनी रानाले निजको जेठी श्रीमतीतर्फका विवाह भइसकेका छोरी-ज्वाइँहरूलाई हातमा लिई आफूलाई घरबाट निकाला गर्नेसम्मको धाकधम्की दिने गरेको, मिति २०६६/१०/१ का दिन माघी पर्व मनाउन आएका छोरी ज्वाइँहरूले आफूलाई अपशब्द प्रयोग गरेपछि पति चनी रानासँग इज्जतआमद अनुसार खानलाउन वा अंश माग गर्दा दिन इन्कार गरेको कारण उल्लेख गर्दै निज मन्दरदेवी रानाले चनी रानाउपर पुनः मिति २०६६।११।९ मा अंश मुद्दा दर्ता गरेको देखिन्छ । उक्त मुद्दामा २०६६।११।८ लाई मानो छुट्टिएको मिति कायम भइसकेपछि चनी रानाको मिति २०६७/२/९ मा मृत्यु भएको देखिन्छ । लोग्ने र स्वास्नी दुई जना मात्र अंशियार रहेकोमा लोग्नेको मृत्यु भइसकेको अवस्थामा समेत यी पुनरावेदिका मन्दरदेवी रानाले उक्त मुद्दाको कारबाहीलाई निरन्तरता दिएको अवस्था पाइन्छ । त्यसैगरी मृतक चनी रानाको हेरचाह तथा काजकिरिया सम्बन्धमा विवाद भएपछि सो सम्बन्धमा यथार्थता बुझ्नको लागि मिति २०६९/८/२२ मा सरजमिन मुचुल्का हुँदा सरजमिनका अधिकांश व्यक्तिहरूले चनी रानाको सेवा सत्कार, औषधी उपचार, पालनपोषण र मृत्युपश्चात् सदगत काजकिरिया निजका तीनै जना छोरीहरूले गरेको भनी लेखाइदिएको अवस्था पाइने।

पुनरावेदिका मन्दरदेवी राना मृतक चनी रानाकी श्रीमती भएको र प्रत्यर्थी/वादीहरू विवाह भइसकेका छोरीहरू रहे भएको कुरामा विवाद छैन। साबिक मुलुकी ऐन, अपुतालीको २ नं. ले मर्नेको लोग्ने, स्वास्नी, छोरा, अविवाहिता छोरी, छोराको छोरा वा निजको अविवाहित छोरी भएसम्म अरूले अपुताली पाउँदैन भनी अपुताली पाउने हकवालाको क्रममा पत्नीलाई शीर्ष स्थानमा राखेको देखिए पनि त्यस्तो हकवालाले हेरविचार नगरेको अवस्थामा अपुतालीको ३ नं. ले हेरचाह, स्याहार सम्भार गर्ने विवाहित छोरीले अपुताली पाउने भनी स्पष्ट व्यवस्था गरेको पाइन्छ । यी पुनरावेदिका मन्दरदेवी राना र मृतक चनी रानाको बिचमा विवाहको सुरूवातदेखि नै आपसमा मनमुटाव रहेको देखिएको, आपसी मनमुटावकै कारण नाता कायम तथा अंश मुद्दा

दायर गरेको देखिएको, सो मुद्दामा मानो छुट्टिएको मिति कायम भइसकेपछि पति चनी रानाको मृत्यु भएको अवस्थामा निज मृतकलाई आफैँले हेरचाह, स्याहार सम्भार एवम् काजकिरियासमेत गरेको भन्ने मन्दरदेवी रानाको भनाइ विश्वासलायक देखिँदैन। यस अवस्थामा अपुतालीको २ नं. ले तोकेको हकवालाको प्राथमिकताको क्रम लागु हुने नभई हेरचाह, स्याहार सम्भार गर्ने विवाहित छोरीले अपुताली पाउने भन्ने अपुतालीको ३ नं. को व्यवस्था लागु हुने देखिँदा सुरू कैलाली जिल्ला अदालतले वादी दाबी नपुग्ने ठहर गरेको फैसलालाई उल्टी गरी चनी रानाको अपुताली हक निजका छोरीहरू अर्थात् वादीहरूले पाउने ठहर्‍याएको पुनरावेदन अदालत दिपायलको फैसलालाई अन्यथा भन्न नमिल्ने।

सुरू कैलाली जिल्ला अदालतले वादी दाबी नपुग्ने ठहराएको मिति २०७०।११।१ को फैसलालाई उल्टी गरी वादी दाबी अनुसार अपुताली हक कायम हुने ठहर गरेको पुनरावेदन अदालत दिपायलको मिति २०७२/२/२५ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : कर्णबहादुर राई

कम्प्युटर : पद्मा आचार्य

इति संवत् २०७९ साल पुष १९ गते रोज ३ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७२-CI-०३३८, नामसारी जालसाज बदर, मन्दरदेवी राना वि. देवकी राना
- ०७२-CR-०३८९, ०७२-CR-०८०५, जालसाजी, भजनीदेवी राना वि. रूकमणी रानासमेत, मन्दरदेवी राना वि. रूकमणी रानासमेत
- ०७२-CR-०३५०, ०७२-CR-०८०४, जालसाजी, विशनकुमारी शाही (सिंह) वि. रूकमणी रानासमेत, मन्दरदेवी राना वि. रूकमणी रानासमेत

**२७**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.डा. श्री मनोजकुमार शर्मा**, *०६८-CI-०६८१, खिचोला मेटाई घर भत्काई चलन, हिरालाल राउत कुर्मी वि. रामसवारीदेवीसमेत*

साबिक कि.नं.४१ को क्षेत्रफल ०-२-४ जग्गा कित्ताकाट भई कायम कि.नं. ७७२ को ०-०-१५-१२/२ जग्गा प्रत्यर्थी वादी जोगेन्द्र चौधरीको नाममा कायम भएको देखिन्छ । वादीको साबिक कि नं. ४१ को पश्चिमतर्फ पुनरावेदक प्रतिवादीको साबिक कि.नं. ४० को जग्गा रहेकोमा निजहरूको दाजुभाइबिचमा अंशबन्डा हुँदा उक्त कि.नं. ४० को जग्गा कित्ताकाट भई कायम कि.नं. ६९४ को क्षेत्रफल ०-२-१० जग्गा यी पुनरावेदक प्रतिवादी हिरालाल राउत कुर्मीको नाममा दर्ता कायम हुन आएको देखियो। हिरालाल राउत कुर्मीले आफ्नो नाउँ दर्ताको कि.नं. ६९४ जग्गा कित्ताकाट गरी कायम कि.नं. ७९२ को क्षेत्रफल ०-०-५ जग्गा आफ्नो श्रीमती मंगलमतीदेवीलाई बकसपत्र लिखत गरिदिएको र ७९३ को क्षेत्रफल ०-२-५ जग्गा विपक्षी हिरालाल राउत कुर्मीका नाउँमा कायम रहेको भन्ने तथ्यमा विवाद देखिएन। नयाँ नापीमा पुनरावेदक मंगलमती देवीको साबिक कि.नं. ७९२ को जग्गा कि.नं. ८२ मा नापी भई क्षेत्रफल ०,००८५ वर्ग मिटर कायम भएको र हिरालाल राउत कुर्मीको साबिक कि.नं. ७९३ को जग्गा कि.नं. ८३ मा नापी भई क्षेत्रफल ०,०७६५ वर्ग मिटर कायम भएको भन्ने देखिन्छ। प्रत्यर्थी वादीले नापीको समयमा मंगलमतीदेवीको कि.नं. ८२ को पूरै जग्गा र हिरालाल राउत कुर्मीको कि.नं. ८३ को जग्गामध्ये क्षेत्रफल ०-०-२ जग्गा आफ्नो साबिक कि.नं. ७७२ को जग्गाबाट चापी घुसाई नापी गराई

घरसमेत निर्माण गरेको हुँदा खिचोला मेटाइ चलन पाउँ भनी फिराद दायर गरेबाट प्रस्तुत मुद्दाको विवाद सिर्जना भएको देखिन्छ । यस अवस्थामा वादीको साबिक कि.नं. ७७२ मध्येको जग्गा आफ्नो जग्गामा घुसाई यी पुनरावेदक प्रतिवादीहरूले खिचोला गरेका हुन् वा हैनन् भन्ने विषय नै प्रस्तुत मुद्दाबाट निर्क्योल गर्नुपर्ने ।

सामान्यतया खिचोला प्रकृतिको मुद्दामा वादी प्रतिवादीको जग्गाको स्रेस्ता पुर्जा र जग्गाको क्षेत्रफल, सर्भे नक्सा, ट्रायल चेक, विवादित जग्गामा भएको भौतिक संरचना र स्थलगत नापनक्सा तथा सर्जमिनसमेतलाई आधार मानी खिचोला भए नभएको कुरा निर्धारण गर्नुपर्ने हुन्छ । प्रस्तुत मुद्दामा नयाँ नापीको समयमा प्रत्यर्थी वादीको जग्गासमेत पुनरावेदक प्रतिवादीहरूले आफ्नो जग्गामा मिसाई नापी गराएको सम्बन्धमा नक्सा संशोधन र नापी निर्णय दर्ता बदर मुद्दासमेत परी यसै खिचोला मुद्दाको लगाउमा रहेको देखिन्छ । लगाउको नापी निर्णय दर्ता बदर मुद्दामा सुरू अदालतबाट भई आएको स्थलगत नापनक्सा मुचुल्का हेर्दा मंगलमतीदेवीको नाम दर्ताको विवादित कि.नं. ७९२ को जग्गा न.नं. १ मा देखाई सोको नाप पूर्वतर्फ क्रमशः ३०, ३५ फिट, पश्चिमतर्फ ६६ फिट, उत्तर १० फिट, बिचमा ८ फिट र दक्षिण मोहडा २३ फिट देखाई नापी शाखाबाट प्रमाणित नक्सा अनुसार उक्त जग्गा वादीको साबिक कि.नं. ४१ भित्रको जग्गा हो भनी उल्लेख भएको देखिन्छ । उक्त जग्गामा प्रतिवादीले ईँटाको दिवाल र टिनको छाना भएको १ कोठे घर बनाई पान पसल बनाई भोग गरेको र सोही जग्गाको पश्चिमतर्फ फुसको घर बनाई भोग गरेको भन्नेसमेत उल्लेख भएको देखियो । नापी शाखाबाट प्राप्त हुन आएको ट्रायल चेक हेर्दा विवादित कि.नं. ७९२ को दक्षिण मोहडा १८ फिट मात्र उल्लेख भएको देखिन्छ । त्यस्तै प्रत्यर्थी वादीको साबिक कि.नं. ४१ को जग्गा न.नं. ६ मा देखाई सोको नाप पूर्व १०७ फिट, पश्चिम क्रमशः ३५,८६ फिट, उत्तर ७६ फिट र दक्षिण ३८ फिट उल्लेख भएको देखियो । जबकि नापी शाखाबाट प्राप्त हुन आएको ट्रायल चेक हेर्दा प्रत्यर्थी वादीको साबिक कि.नं. ४१ को जग्गाको दक्षिण मोहडा ६४ फिट रहेको भन्ने देखिन्छ । यसरी स्थलगत नाप नक्सा मुचुल्काबाट प्रत्यर्थी वादीको साबिक कि.नं. ४१ को जग्गाको दक्षिण मोहडाको जग्गा घटेको र पुनरावेदक प्रतिवादी मंगलमतीदेवीको कि.नं. ७९२ को जग्गाको दक्षिण मोहडाको जग्गा बढेको देखियो । प्रत्यर्थी वादीले साबिकदेखि नै आफ्नो स्रेस्ताभन्दा बढी 'नरबढी' जग्गा भोग गरी आएको भनी उल्लेख गरेको देखिएको र ट्रायल चेकबाट समेत सो कुरा पुष्टि भइरहेको अवस्थामा दाबीको जग्गा प्रतिवादीहरूले खिचोला गरेको रहेनछ भन्न नमिल्ने ।

प्रत्यर्थी वादी जोगेन्द्र चौधरीले मालपोत कार्यालय पर्सामा यसै विवादित जग्गाको सम्बन्धमा नक्सा संशोधन गरिपाउँ भनी दिएको निवेदनमा नापी कार्यालय पर्साबाट प्राप्त हुन आएको पत्र बेहोरा हेर्दा जोगेन्द्र चौधरी मलाहको कि.नं. ४१ बदर भई कि.नं. ७७०, ७७१, ७७२ र ७७३ कायम भई साबिक नक्सा अनुसार ठिकै देखिएको र बालकिसुन राउत कुर्मीको नाम दर्ताको साबिक कि.नं. ४० बदर भई कि.नं. ६९३ र ६९४ कायम भएको देखिन्छ । कि.नं. ६९४ बदर भई कि.नं. ७९२ र ७९३ कायम भएको देखिएकोमा साबिक कि.नं. ६९४ को फाइल नक्सा तयार गर्दा गल्ती भएकोले प्रस्तावित ट्रेस नक्सा अनुसार नै सुधार हुनुपर्ने देखिएको" भनी उल्लेख भएको देखियो । यसरी जग्गा नाप जाँच गर्ने निकायले नै नापीको समयमा नक्सा तयार गर्दा त्रुटि भएको कुरा स्वीकार गरेको अवस्थामा दाबीको जग्गासमेत आफ्नो जग्गामा चापी घुसाई खिचोला नगरेको भन्ने

पुनरावेदन जिकिर खम्विर हुन सकेको नदेखिने ।

विवादित जग्गाको सम्बन्धमा यिनै पुनरावेदक प्रतिवादी हिरालाल राउत कुर्मीसमेतले प्रत्यर्थी वादी जोगेन्द्र चौधरीसमेत उपर दायर गरेको यसै लगाउको ०६८-CI-०२१७ को नक्सा संशोधन मुद्दा र ०६८-CI-०६८२ को नापी निर्णय दर्ता बदर मुद्दामा आज यसै इजलासबाट नक्सा संशोधन हुने र नापी निर्णय बदर हुने ठहर गरेको पुनरावेदन अदालत हेटौंडाको फैसला सदर हुने ठहरी फैसला भएको अवस्था छ । प्रस्तुत मुद्दाको विवादित विषयवस्तु र उक्त नक्सा संशोधन र नापी निर्णय दर्ता बदर मुद्दाको विवादित विषयवस्तु एउटै रहे भएको हुँदा सोही मुद्दामा लिएका आधार र कारणबाट यसमा पनि वादीले दाबीबमोजिम खिचोला मेटाई घर भत्काई चलनसमेत पाउने ठहर गरेको पुनरावेदन अदालत हेटौंडाको मिति २०६७।११।०८ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : लालबहादुर कार्की

कम्प्युटर : पद्मा आचार्य

इति संवत् २०७९ साल भदौ ६ गते रोज २ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएको छ :

- ०६८-CI-०६८२, नापी निर्णय बदर दर्ता बदर दर्ता, हिरालाल राउत कुर्मी वि. रामसवारी देवीसमेत
- ०७८-CI-०२१७, नक्सा संशोधन, हिरालाल राउत कुर्मी वि. रामसवारी देवीसमेत

२८

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. डा.श्री मनोजकुमार शर्मा**, *०७८-WO-११८०, उत्प्रेषण / परमादेश, सरस्वती ढुङ्गेलसमेत वि. श्री उच्च अदालत विराटनगर, इलाम इजलास, इलामसमेत*

निवेदकको जग्गा रोक्का राख्न मिल्ने हो वा होइन र रोक्का रहेको जग्गा फुकुवा नगर्ने झापा जिल्ला अदालत एवम् उच्च अदालत विराटनगर, इलाम इजलासको आदेश कानूनसम्मत छ वा छैन र रोक्का जग्गा फुकुवाको लागि आदेश जारी हुनुपर्ने हो वा होइन भन्ने सम्बन्धमा हेर्दा वैदेशिक रोजगार न्यायाधिकरणको फैसलाबमोजिम प्रतिवादी गोपालप्रसाद ढुङ्गेलबाट बिगो भराउने प्रयोजनको लागि निज प्रतिवादी गोपालप्रसाद ढुङ्गेलकी पत्नी दिपा ढुङ्गेल र यी निवेदकहरूको नाम दर्ताको जग्गा रोक्का राख्नको लागि मालपोत कार्यालयमा पत्राचार गरेको देखिन्छ । उक्त पत्रको बेहोरामा प्रतिवादीको निवेदन परेका बखत पुनर्विचार गर्ने गरी कुनै किसिम वा बेहोराबाट बिक्री वितरण वा हक हस्तान्तरण हुन नपाउने गरी भन्ने शब्दावली प्रयोग भएको देखिँदा वैदेशिक रोजगार न्यायाधिकरणको फैसलाबमोजिमको बिगो बुझाउनुपर्ने प्रथम दायित्व सो मुद्दाका प्रतिवादी गोपालप्रसाद ढुङ्गेलको रहेको, निजले आफ्नो दायित्व पूरा नगरेको खण्डमा रोक्का रहेको जग्गाबाट बिगो भराउने प्रयोजनको लागि यी निवेदकको समेत जग्गा रोक्का राखेको भन्ने आसय रहेको पाइने ।

गोपालप्रसाद ढुङ्गेलले जाहेरवालाहरूबाट लिएको बिगो र सोको पचास प्रतिशत हर्जानासमेत गरी जम्मा रू.१,३५,००,०००।– (एक करोड पैँतिस लाख) भराइदिनुपर्ने गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७५/१०/६ मा फैसला भएको छ भने यी निवेदक आमाबाबुबाट निज गोपालप्रसाद ढुङ्गेलले मिति २०७६/१/११ मा आफ्नो भाग अंश भर्पाई गरी लिएको कुरा मिसिल संलग्न प्रतिलिपि कागजातबाट देखिन्छ। गोपालप्रसाद ढुङ्गेलले जाहेरवालाहरूसँग जनही तिस लाखका

दरले जम्मा नब्बे लाख रूपियाँ लिएको कुरामा स्वीकार गरेको देखिएको, हर्जानासहित बिगो रकम भराइदिने गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट फैसला हुँदाको अवस्थासम्म निजहरूबिच अंश बन्डा भएको नदेखिएकोबाट जाहेरवालाको रकम लिँदा खाँदाको समयमा निज गोपालप्रसाद ढुङ्गेल र यी निवेदक आमाबाबु एकासगोलमा नै रहेको भन्ने देखिन आयो । यसरी एकासगोलमै रहँदाको अवस्थामा वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०७५/१०/६ बमोजिम गोपालप्रसाद ढुङ्गेलबाट भराइदिनुपर्ने ठहर भएको हर्जानासहितको बिगो भराइपाउँ भनी फैसला कार्यान्वयनको चरणमा जाहेरवालाको निवेदन परेपछि फैसलाबमोजिमको बिगो भराइदिने प्रक्रियाअन्तर्गत झापा जिल्ला अदालतका तहसिलदारले निवेदकसमेतको जग्गा रोक्का राख्न पत्राचार गरेको देखिने।

जहाँसम्म छोराको व्यवहारमा बाबुआमा श्रीमतीको सम्पत्ति रोक्का राखियो भन्ने जिकिर छ, झट्ट हेर्दा त्यसो हो कि त भन्ने पनि देखिन्छ । तर यहाँ रिट निवेदक र निजका छोराबिच भएको व्यवहार हेर्दा वैदेशिक रोजगार न्यायाधिकरणबाट फैसला भएपछि छोटो समयभित्र अंश भर्पाई गरी जग्गा लिने, लिएको जग्गा श्रीमतीलाई हस्तान्तरण गर्ने आदि कार्य गरी गोपालप्रसाद ढुङ्गेलको नाममा कुनै अचल सम्पत्ति नराख्ने अभिप्रायबाट कामहरू भएको देखिन्छ । विपक्षीतर्फका विद्वान् वरिष्ठ अधिवक्ताले अंश भर्पाई गरेको जग्गाको अवस्थिति देखाउँदै गोपालप्रसाद ढुङ्गेलले सडक मोहडातर्फको जग्गा छाडी, पछाडिको कतै बाटो नभएको जग्गा अंश भर्पाईबाट लिएको भनी सर्भे नक्सासमेत पेस गर्नुभएको सन्दर्भमा हेर्दा असल मन र अभिप्रायबाट काम भएको र रिट निवेदकहरू सफा हात लिई आएका रहेछन् भन्न मिलेन । यस स्थितिमा तल्लो अदालतमा साधारण क्षेत्राधिकारअन्तर्गत भएको काम कारबाहीमा हस्तक्षेप गरी फैसला कार्यान्वयन रोक्नु न्यायपूर्ण हुने देखिएन । बन्दी प्रत्यक्षीकरण बाहेकका अन्य रिटहरू स्वविवेकीय रिट हुन् । रिट जारी हुन न्याय मरेको देखिनुपर्छ । वर्षौंसम्म मुद्दा लडी फैसला कार्यान्वयनको तहमा पुगेको विषयमा रिट क्षेत्रबाट हस्तक्षेप गर्नु न्यायको रोहमा समेत उचित नहुने।

साधारण अधिकार क्षेत्राधिकारअन्तर्गत तह तहको फैसला कार्यान्वयनको कारबाहीलाई असाधारण अधिकार क्षेत्रबाट रोक्न मिल्ने नदेखिँदा निवेदकहरूको मागदाबीबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : कर्णबहादुर राई

कम्प्युटर : रेखा भट्टराई

इति संवत् २०७९ साल भाद्र १ गते रोज ४ शुभम् ।

## इजलास नं.३

### २९

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०७३-CI-१६३४, अंश नामसारी चलन, कमलादेवी प्रसाईं वि. कृष्णदेवी प्रसाईं*

अंशजस्तो कुनै खास परिवारमा जन्मेको वा परिवारको सदस्य भएको आधारमा प्राप्त हुने सम्पत्तिसम्बन्धी नैसर्गिक हकको विषयलाई प्राङ्न्यायको सिद्धान्तको हवाला दिई निस्तेज गर्न वा अंश नपाउने भनी व्याख्या गर्न सकिएन । अंश हक भएको परिवारको सदस्य भएको नाताले व्यक्तिले कानूनबमोजिम अंश पाएको वा परित्याग गरेको टड्कारो स्थितिबेगर अंशको हक गुमेको अनुमानित तर्क गरी अंशको हकलाई निरर्थक वा उपभोग अयोग्य

हुने गरी कुनै व्याख्या गर्नु न्यायको रोहमा उचित नहुने।

प्रस्तुत फिराद अंशियार कायम गरी ऐनबमोजिम सम्पत्तिको तायदाती फाँटवारी लिई बन्डा छुट्याई पाउने उद्देश्यले नपरेको र को को अंशियार हुन्, तिनीहरूको बिचको के कति अंश भाग बन्डा छुट्याउने भन्ने दाबी रहेको नभई कानूनबमोजिम मुद्दा परी वादीले अंश पाउने गरी अन्तिम भई बसेको सुरू झापा जिल्ला अदालतको (०५८ सालको दे.नं. ६८२) अंश चलन मुद्दाको फैसलाबमोजिम वादीले अंश पाउने ठहरेको जग्गा नै फैसलाबमोजिम दर्ता फोड गरी आ-आफ्नो नाउँमा नामसारी गराइपाउन माग दाबी रहेको देखिन्छ। यसरी अन्तिम फैसलाले कायम गरेको फैसलाबमोजिम पाएको जग्गा दर्ता फोड गरी आ-आफ्नो नाउँमा नामसारी गराइपाउन वादी आएको पाइएबाट मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको ८५ नं.ले प्रस्तुत फिराद लाग्न नसक्ने भन्ने जिकिर पुष्टि हुन सक्दैन। यसर्थ माथि उल्लिखित तथ्यबाट यस अदालतबाट मुद्दा दोहोर्‍याइपाउने अनुमति प्रदान गर्दा यसै लगाउको मुद्दामा उल्लेख भएका आधार र कारणसँग सहमत हुन नसकिने।

तसर्थ, सुरू झापा जिल्ला अदालतबाट वादी दाबीबमोजिम अंश नामसारी दर्ता ठहर हुने गरी भएको मिति २०७१।१।२५ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्‍याई साबिक पुनरावेदन अदालत इलामबाट मिति २०७३।३।१४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : निराजन पाण्डे

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०८० साल जेठ ३२ गते रोज ५ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७३-CI-१६३५, बकसपत्र लिखत दर्ता बदर, लिखत दर्ता बदर, निर्णय दर्ता बदर, जग्गा नामसारी चलन, कमलादेवी प्रसाईँ वि. कृष्णदेवी प्रसाईँ
- ०७३-CI-१६३६, बकसपत्र लिखत दर्ता बदर, लिखत दर्ता बदर, निर्णय दर्ता बदर, जग्गा नामसारी चलन, कमलादेवी प्रसाईँ वि. कृष्णदेवी प्रसाईँ
- ०७३-CI-१६३७, दूषित दर्ता निर्णय बदर, कमलादेवी प्रसाईँ वि. कृष्णदेवी प्रसाईँ

**३०**

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री कुमार रेग्मी**, *०७४-CR-१५७०, बन्दीप्रत्यक्षीकरण, भरतराम चौधरी वि. दाङ देउखुरी जिल्ला अदालत लगत तहसिल फाँट घोराही दाङसमेत*

सुरू जिल्ला अदालतबाट भरत चौधरीको नाममा तामेल भएको म्यादमा मानिस र निजको घरद्वार, जग्गा जमिन र अन्य जहान परिवारसमेत त्रिभुवननगर नगरपालिका वडा नं. १ मा नभएको भनी सार्वजनिक पिपलबोटमा तामेल भएको देखियो। अब यी पुनरावेदकले भरतराम चौधरीले आफ्नो गाउँ छोडी फरार भएको भन्ने सम्बन्धमा हेर्दा निजको विवाह उक्त चोरीको वारदात भएको एक महिनाभित्रै मिति २०४७।११।२६ मा सामाजिक परम्परा अनुसार गाउँ समाजमा नै भएको भन्ने कुरा मिति २०५३।२।२० को विवाह दर्ता प्रमाण पत्रबाट देखिन्छ। यस्तै मिति मिति २०४९।६।१७ मा जेठी छोरी अविनाकुमारी चौधरीको र मिति २०५२।३।१५ मा कान्छी छोरी रविनाकुमारी चौधरीको जन्म घरमा नै भएको मिति २०५३।२।३० को जन्म दर्ताको प्रमाणपत्रहरू मिसिल संलग्न रहेको छ भने मिति २०६७।२।२७ मा मालपोत कार्यालय दाङमा बन्डा पत्र हुँदा निजको परिवार स्थाई वतनमा नै रहेको भन्ने देखिन्छ। यसै गरी मिति २०५३।२।३१ जिल्ला

प्रशासन कार्यालय दाङबाट पत्नी जुगनीकुमारी चौधरीले नागरिकताको प्रमाण पत्र लिएको, पक्राउ पर्नुपूर्व विभिन्न मितिहरूमा निजले जग्गा बिक्रीसमेत गरेको देखिँदा यी पुनरावेदक वारदातको समय र त्यसपछि फरार रहेको नभई नियमित रूपमा आफ्नो स्थायी वतनमा आउने जाने गरेको र सामाजिक कार्य/जीवनमा सरिकसमेत रहेको देखिने।

साधिकार निकाय वा पदाधिकारीबाट दोषी प्रमाणित नहुँदासम्म आरोपित व्यक्तिलाई निर्दोष सम्झनुपर्दछ भन्ने फौजदारी न्यायको मान्य सिद्धान्त रहिआएको छ । घटनापश्चात् आरोप किटानी वा आशङ्का आधारित हुने गर्दछ । किटानी आरोपमा पनि प्रमाणको परीक्षण बाँकी नै हुन्छ भने आशंकाको अवस्थामा त झन् प्रत्यक्षलगायत परिस्थितिजन्य प्रमाणको सङ्कलन, विश्लेषण र परीक्षणको काम बाँकी नै हुन्छ । घटनामा यथार्थता पनि हुन सक्छ र यथार्थताभन्दा भिन्न पनि हुन सक्छ । घटनामा यथार्थता भए पनि आरोपित व्यक्तिको संलग्नता हुन पनि सक्छ र नहुन पनि सक्छ । न्यायिक परीक्षण हुँदाका बखत कुनै पनि व्यक्तिको संलग्नता भएको मान्न शंकाको कुनै पनि गुन्जायस रहनु हुँदैन, शङ्का हुन सक्ने अवस्थामा अनुसन्धानबाट पत्ता लागेका प्रमाण कागजातको सहायताले त्यस प्रकारका शङ्का निवारण गर्न सक्नुपर्ने अभियोजन पक्षको दायित्व रहन्छ अन्यथा यसको सुविधा विपक्षीले प्राप्त गर्ने कानूनी मार्ग रहेको छ । आरोपका पछाडि वैयक्तिक आग्रह, पूर्वाग्रह, रिसइवी, प्रतिशोध, आपसी प्रतिस्पर्धा वा इर्ष्याभाव जे पनि हुन सक्दछ । कुनै व्यक्तिलाई नाम मिलेकै कारण पक्राउ गरिहाल्नु न्यायको मर्म र मनसाय विपरीत हुन्छ । त्यसैले आरोपको स्वतन्त्र पुष्टि नहुँदासम्म आरोप लागेकै कारण र आधारमा मात्र व्यक्तिलाई अपराधी वा कसुरदार हो भन्ने निष्कर्षमा पुग्न मिल्दैन। त्यसरी अग्रिम रूपमा निष्कर्षमा पुग्ने हो भने एकातिर समग्र न्यायिक प्रक्रिया नै निरर्थक हुन जान्छ र सत्यको अन्वेषण हुन सक्दैन भने अर्कोतिर व्यक्तिको निर्दोषितामा पनि ग्रहण लाग्न जाने खतरा रहन्छ । यसै मान्यताको आधारमा दश अपराधी छुटुन्, तर एक जना पनि निर्दोषले सजाय नपाओस् भन्ने फौजदारी न्यायको सिद्धान्तको मान्यताको पनि विकास भएको हो । कुनै व्यक्तिलाई पक्राउ गर्दा त्यस्तो व्यक्तिको वैयक्तिक स्वतन्त्रताको प्रश्न स्वाभाविक रूपमा उठने हुँदा संविधान प्रदत्त मौलिक हकमा प्रभाव पर्ने वा पार्ने कुनै पनि कार्य वा कारबाही गर्दा प्रारम्भिक रूपमा नै आरोपको पुष्टि हुन सक्ने वा नसक्ने विषयमा सम्बन्धित निकाय निश्चित हुन आवश्यक हुने।

फौजदारी मुद्दामा राज्य पक्ष भई व्यक्तिका विरूद्ध अभियोजन गरेको हुन्छ । आफूले मुद्दा कसलाई चलाएको हो भन्ने विषयमा राज्य र यसका निकायहरू यकिन र प्रस्ट हुनुपर्दछ। अनुसन्धानको क्रममा कोही व्यक्ति फरार भएको हुन सक्ने भए तापनि त्यस्तो व्यक्तिको खोजतलासमा कोसिस गरेको र ति व्यक्तिहरूको विवरण अद्यावधिक गरी अभिलेखिकरण गर्ने दायित्व पनि अनुसन्धानकर्ताको नै हुन आउदछ। राज्य र यस मातहतका निकायहरू शक्ति र अधिकार सम्पन्न भएकोले आफैँले अनुसन्धान र अभियोजन गरेको व्यक्तिको पहिचानका बारेमा द्विविधा देखिनु भनेको हाम्रो फौजदारी न्याय प्रणालीको विकास, कार्यान्वयन र स्थायीत्वमा समेत प्रश्न लाग्न सक्ने अवस्थाको सिर्जना हुन सक्छ। द्विविधायुक्त फैसला कार्यान्वयनको विषयले मानव अधिकारको विषयसँग पनि सम्बन्ध राखेको हुन्छ, जसको सम्मान गर्न सबै तयार हुनुपर्ने हुन्छ । अरू कसैले गरेको कसुरमा निर्दोष व्यक्ति थुनामा बस्नुपर्ने अवस्था आउनु भनेको राज्यका निकाय र न्याय प्रणाली शिथिल भएको र यसका अवयवहरूले जिम्मेवारी पूरा गर्न

नसकेको भन्ने कुराको पुस्ट्याईँ हुने भएकाले व्यक्तिको पहिचानसँग सम्बन्धित विषयको विवाद (MISTAKE OF IDENTITY) मा अदालत बढी संवेदनशील हुनुलाई अपेक्षित नै मान्नुपर्ने ।

निवेदक भरतराम चौधरीलाई जंगबहादुर रोका क्षेत्रीको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी भरत चौधरीसमेत भएको चोरी मुद्दामा आरोपित भरत चौधरी भन्ने शङ्काकै आधारमा कैदी पुर्जी दिई थुनामा राखिएको कार्य कानूनविपरीतको देखिँदा उच्च अदालत तुलसीपुरबाट निवेदन मागबमोजिम नहुने गरी भएको मिति २०७४।९।१ को आदेश मिलेको नदेखिँदा उल्टी भई यी पुनरावेदकलाई थुनामा राख्ने गरी सुरू दाङ देउखुरी जिल्ला अदालतबाट भएको च.नं.२४११ मिति २०७४।८।१ गतेको कैदी पुर्जीलगायतका निजलाई थुनामा राख्ने गरी भएका सम्पूर्ण काम कारबाहीहरू बदर हुने ठहर्छ । तसर्थ, यी पुनरावेदक भरतराम चौधरीलाई अन्य मुद्दा वा कारणबाट थुनामा राख्नुपर्ने नभए प्रस्तुत मुद्दाको रोहबाट आजै थुनामुक्त गरी जंगबहादुर रोका क्षेत्रीको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी भरत चौधरीसमेत भएको चोरी मुद्दामा यी पुनरावेदकको नामको लगतसमेत कट्टा गर्नु भनी प्रत्यर्थीहरूको नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

इजलास अधिकृत : निराजन पाण्डे

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०८० साल जेठ ३१ गते रोज ४ शुभम् ।

## इजलास नं.४

### ३१

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना**, *०७२-WO-०५९४, उत्प्रेषणयुक्त परमादेशसमेत, नारायणप्रसाद तिम्सिना वि. परीक्षा नियन्त्रण कार्यालय, महेन्द्र संस्कृत विश्वविद्यालय परिवर्तित नाम नेपाल संस्कृत विश्वविद्यालय, दाङसमेत*

रिट निवेदकले लिएको रा.वि.से. कार्यक्रम अन्तर्गत ९० अङ्क उल्लेख गराई ट्रान्सक्रिप्ट लिए तापनि यी निवेदकले तत्कालीन म.सं.वि.बाट २०४९ सालमा सञ्चालित रा.वि.से. कार्यक्रममा सम्मिलित भई १०० पूर्णाङ्कमा ८३ अङ्क प्राप्त गरेको कुरा पुष्टि हुन आयो । निजले रा.वि.से.कार्यक्रमबाट प्राप्त ८३ अङ्कबाट ट्रान्सक्रिप्ट नलिई त्रि.वि.वि.बाट २०४९ सालमा नै गरेको रा.वि.से.कार्यक्रम विषयमा प्राप्त गरेको ९० अङ्क समावेश गरी प्रथम श्रेणीको ट्रान्सक्रिप्ट बनाई लगेको र निजले केही समयपछि प्रथम श्रेणीको मूल प्रमाणपत्र माग गर्दा म.सं.वि.को अभिलेख अनुसार द्वितीय श्रेणीको मूल प्रमाणपत्र दिन सकिने प्रथम श्रेणीको दिन नसकिने भनी जानकारी पाएपश्चात् आफूले पहिला प्राप्त गरेको प्रथम श्रेणीको सक्कल ट्रान्सक्रिप्ट फिर्ता गरी मिति २०६९।०२।२४ मा अर्को ट्रान्सक्रिप्ट र मूल प्रमाणपत्र पाउँ भनी निवेदन गरी ने.सं.वि. बाट पहिले उपलब्ध गराएको प्रथम श्रेणीको ट्रान्सक्रिप्ट रद्द गरी ने.सं.वि.को रा.वि.से.का. मा प्राप्त गरेको ८३ अङ्क राखी द्वितीय श्रेणीको ट्रान्सक्रिप्ट र सोही मितिको मूल प्रमाणपत्र बुझिलिएको देखिने ।

मिति २०६९।०३।११ मा बाल्मीकि विद्यापिठ आंशिक प्राध्यापकको रूपमा कार्यरत नारायण प्रसाद तिम्सिनाले तत्कालीन महेन्द्र संस्कृत विश्वविद्यालयबाट २०५५ सालमा सर्वदर्शन विषयमा आचार्य तह उत्तीर्ण गरेको प्रथम र द्वितीय श्रेणीका २ वटा प्रमाणपत्र प्राप्त गरेको हुँदा छानबिन गरिपाउँ भनी अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा उजुरी परेपछि सो आयोगले मिति २०७०।०३।१० मा नेपाल संस्कृत विश्वविद्यालयका उपकुलपतिलाई संबोधन

गर्दै तत्कालीन महेन्द्र संस्कृत विश्वविद्यालयबाट २०५० सालमा रा.वि.से. गरी सोबापत ८३/१०० अङ्क प्राप्त गरेका नारायण प्रसाद तिम्सिनाले मिति २०५६।०२।०४ मा जारी शैक्षिक प्रगति-विवरण-प्रपत्र (ट्रान्सक्रिप्ट) मा रा.वि.से. विषयमा (त्रि.वि.) जनाई ९०/१०० अङ्क उल्लेख गर्ने कार्य प्रक्रियामा संलग्न कर्मचारी/पदाधिकारी र तत्कालीन विद्यार्थी निज नारायण प्रसाद तिम्सिनासमेत उपर तत्काल प्रचलित ऐन कानूनबमोजिम आवश्यक कारबाही गर्न लेखी पठाउने भनी मिति २०७०।०३।०७ मा निर्णय भएको हुँदा उक्त निर्णय कार्यान्वयन गरी ३ महिनाभित्र आयोगलाई जानकारी दिनु हुन भनी पत्राचार भएको देखिने।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले कारबाही गर्नु भनी लेखी पठाएपछि ने.स.वि. कार्यकारी परिषद्बाट मिति २०७०।०६।१४ मा तत्कालीन परीक्षा नियन्त्रक शिवचन्द्र न्यौपानेलाई स्पष्टीकरण सोध्ने र सह प्रशासक शरद गौतम तथा सहायक प्रशासक केशवकुमार दाहाललाई आइन्दा यस्तो कार्य नगर्न सचेत गराउने र आंशिकमा कार्यरत नारायणप्रसाद तिम्सिनालाई भविष्यमा अयोग्य नहुने गरी आंशिक शिक्षकको सेवाबाट हटाउने निर्णय भई सो निर्णयबमोजिम स्पष्टीकरण सोध्ने र सचेत गराउने कार्य भए गरेको देखिन्छ। यसरी अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०७०।०३।०७ मा निर्णयका आधारमा नेपाल संस्कृत विश्वविद्यालयबाट यी निवेदकलाई भविष्यमा अयोग्य नहुने गरी आंशिक शिक्षकको सेवाबाट हटाउने गरी मिति २०७०।०६।१४ मा भएको निर्णयउपर चित्त नबुझे पुनरावेदनको रोहबाट सम्बन्धित निकायमा पुनरावेदन गर्नुपर्नेमा वैकल्पिक उपचारको बाटो अवलम्बन नगरी रिटको माध्यमबाट यस अदालतमा प्रवेश गर्नु अधिकारको क्षेत्रात्मक त्रृटि (JURISDICTIONAL ERROR) हुने देखिने।

निवेदकले म.सं.वि.बाट २०४९ सालमा सञ्चालित रा.वि.से. कार्यक्रमबाट प्राप्त ८३ अङ्क कायम हुने गरी ट्रान्सक्रिप्ट लिनुपर्नेमा म.सं.वि.का केही कर्मचारीहरूलाई झुक्यानमा पारी त्रि.वि.बाट सञ्चालित रा.वि.से. कार्यक्रमबाट प्राप्त ९० अङ्क कायम गराई प्रथम श्रेणीको ट्रान्सक्रिप्ट लिएको देखिँदा निजले म.सं.वि.बाट २०४९ सालमा सञ्चालित रा.वि.से. कार्यक्रमबाट प्राप्त ८३ अङ्क कायम हुने र सोहीबमोजिमको द्वितीय श्रेणीको ट्रान्सक्रिप्ट प्राप्त गर्ने देखिएको हुँदा त्रि.वि.बाट सञ्चालित रा.वि.से.कार्यकमबाट प्राप्त ९० अङ्क कायम गराई प्रथम श्रेणीको ट्रान्सक्रिप्ट पाउँ भनी लिएको दाबी जिकिरलाई कानूनसम्मत मान्न मिलेन। प्रस्तुत रिट निवदेन खारेज हुने।

प्रस्तुत रिट निवेदन खारेज हुने ठहरे तापनि निवेदक स्वयंले २०६९।०२।२४ मा ८३ अङ्क राखी ट्रान्सक्रिप्ट लिइसकेपछि पनि निज नारायणप्रसाद तिम्सिनालाई प्रथम र द्वितीय श्रेणीका दुई वटा ट्रान्सक्रिप्ट जारी गरी प्रत्यर्थी नेपाल संस्कृत विश्वविद्यालयले गम्भीर लापरबाही गरेको देखियो। यसप्रकारको लापरवाहीजन्य कार्यबाट विद्यार्थीको शैक्षिक वृत्तिविकास तथा रोजगारीमा समेत असर पर्न गई लाभान्वित विद्यार्थीहरूलाई अपूरणीय क्षति पुग्न जाने हुँदा विद्यार्थीहरूलाई प्रदान गर्ने ट्रान्सक्रिप्ट जारी गर्दा विश्वविद्यालयसँग सम्बन्धित नीतिगत, कानूनी तथा प्रक्रियागत व्यवस्थाको पूर्ण परिपालनाका साथ प्रचलित कानूनको अधीनमा रही ट्रान्सक्रिप्टलगायत शैक्षिक प्रमाणपत्रहरू जारी गर्न तथा सोबमोजिमको विवरण अद्यावधिक गरी राख्नु भनी प्रत्यर्थी नेपाल संस्कृत विश्वविद्यालयका नाममा

निर्देशनात्मक आदेश जारी गरिदिएको ।

इजलास अधिकृत : उदवीर नेपाली

कम्प्युटर : चन्द्रा तिमल्सेना

इति संवत् २०७९ साल असार २१ गते रोज ३ शुभम् ।

**३२**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०७३-WO-१३७१, उत्प्रेषण / परमादेश, सुदिप मिश्र वि. प्रशासकीय अदालत, सिंहदरबार काठमाडौंसमेत*

रिट निवेदक निजामती सेवाको पदमा कार्यरत रहेकोमा विवाद रहेन । निजामती सेवालाई बढी सक्षम, सुदृढ, सेवामूलक र उत्तरदायी बनाउन निजामती सेवाको गठन, सञ्चालन र सेवाको सर्तसम्बन्धी व्यवस्था गर्न निजामती सेवा ऐन, २०४९ कार्यान्वयनमा रहेको छ। उक्त ऐनले निजामती सेवाहरूको गठन, निजामती सेवाको पदपूर्ति, सरूवा र बढुवा, तलब भत्ता र सुविधा, बिदा, अवकाश, उपदान तथा निवृत्तिभरणको साथै कर्मचारीले पालना गर्नुपर्ने आचरणगत नियमहरू, सेवाको सुरक्षा, विभागीय सजाय र सोउपर पुनरावेदन सुन्नेजस्ता विभिन्न प्रावधानहरूको व्यवस्था गरिएको पाइने ।

रिट निवेदकलाई मिति २०७०।०३।०१ गतेदेखि नै लागु हुने गरी सिँचाइ विभागले पदाधिकार रहेको कार्यालयमा काज फिर्ता गरेकोमा उक्त कार्यालयमा हाजिर हुन नगई ९० दिनभन्दा बढी गैरहाजिर रहेकोले च. नं.९३, मिति २०७०।०६।१७ गतेको पत्रबाट तत्कालीन पश्चिमाञ्चल सिँचाइ विकास डिभिजन नं. ४ बाग्लुङबाट स्पष्ट कारणसहित हाजिर हुन आउनु होला भन्ने पत्राचार गरेको र सोको जानकारी निवेदकले पाएको भन्ने निजकै निवेदनको बेहोराबाट समेत देखिन्छ । निज रिट निवेदकले महानिर्देशकको मौखिक आदेशानुसार मिति २०७०।०३।२६ सम्म काजमा रहेको, कार्यालयमा हाजिर गरेको भनी उल्लेख गरेको भए तापनि उक्त कुराको वस्तुनिष्ट प्रमाण पेस गर्न सकेको नदेखिने ।

निवेदकले मिति २०७०।०६।२१ मा ५० दिन बिरामी बिदा माग गरी हाजिर हुनपाउँ भनी निवेदन दिएको, मिति २०७१।०९।३० मा एक वर्ष असाधारण बिदा र बाँकी दिन सञ्चित बिदाबाट कट्टी हुने गरी बिदाको निवेदन दिएको र मिति २०७२।०३।२४ मा दुई वर्षको असाधारण बिदा र बाँकी दिन अन्य सञ्चित बिदाबाट कट्टा हुने गरी बिदाको निवेदन दिएको र सो स्वीकृत भए नभएको जानकारी प्राप्त नगरेको भन्ने जिकिर लिएको देखियो । सो सम्बन्धमा हेर्दा, निजको बिदाको निवेदन कार्यालयमा लगातार ९० दिनभन्दा बढी अनुपस्थित रहेपछि कार्यालयले स्पष्टीकरण सोधेको र सो स्पष्टीकरणको जवाफसहित मिति २०७०।०७।१२ मा मात्र पेस गरेको देखिन्छ । उक्त स्पष्टीकरण सोधिसकेपछि पेस गरेको बिदाको विषयमा निर्णय गरी निज रिट निवेदकलाई बिरामीको कारण देखाई बिरामीको प्रमाणपत्र साथै राखी तपाइँले पेस गरेको उक्त निवेदन चित्त बुझ्दो प्रमाणसहित स्पष्टीकरण प्राप्त हुन नआएकोले भनी पुनः स्पष्टीकरण सोधेकोसमेतबाट निजलाई जानकारी दिएको पुष्टि हुने ।

रिट निवेदक सुदिप मिश्रले निजामती सेवा ऐन, २०४९ मा व्यवस्था भएको सेवाका सर्तको उल्लङ्घन गरेको देखिएको, ९० दिनभन्दा बढी अवधिसम्म सम्बद्ध कार्यालय र अख्तियारवाला अधिकारीलाई सूचना नदिई अनुपस्थित रहेको, स्पष्टीकरण सोधिसकेपछि मात्र बिदा माग गरेको, कारबाहीको क्रममा सोधिएको स्पष्टीकरणसमेत समयमा पेस नगरेको, पेस गरेको स्पष्टीकरण बेहोरासमेत सन्तोषजनक वा चित्त बुझ्दो नदेखिएको अवस्थाको समुचित विवेचना गरी लोक सेवा आयोगसँग निजामती सेवा ऐन, २०४९ को दफा

६८ बमोजिम परामर्श लिई निजामती सेवा ऐन, २०४९ को दफा ६१ को उपदफा (१) को खण्ड (छ) बमोजिमको कसुरमा सोही ऐनको दफा ५९(ख)(१) बमोजिम भविष्यमा सरकारी सेवाका निमित्त अयोग्य नठहरिने गरी मिति २०७०।०३।०१ देखि लागु हुने गरी सेवाबाट हटाउने निर्णय भएको देखियो। बर्खास्त गर्ने निर्णय गर्दा सुनुवाइको मौका प्रदान गर्नेलगायतका विधिसम्मत प्रक्रिया अपनाइएको देखिन्छ । यस अवस्थामा विभागीय सजाय दिनसक्ने अधिकारीले निजामती सेवा ऐन र नियमावलीबमोजिमको अख्तियार प्रयोग गरी विधिसम्मतरूपमा गरेको निर्णयलाई अन्यथा भयो भनी मान्न मिल्ने नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी हुनसक्ने नदेखिने।

रिट निवेदक सुदिप मिश्रलाई निजामती सेवा ऐन, २०४९ को दफा ६१(१)(छ) अनुसार भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी भएको विभागीय सजायको प्रक्रिया र मिति २०७०।०३।०१ को निर्णयमा कुनै कानूनी त्रुटि विद्यमान नदेखिएको, सो निर्णयउपर रिट निवेदकको प्रशासकीय अदालतमा पुनरावेदन परेकोमा सो अदालतबाट मिति २०७४।०१।२५ मा उक्त विभागीय सजायको कारबाहीको निर्णय सदर हुने ठहर गरेको फैसला अन्यथा नभई कानूनसम्मत देखिन आएकोले निवेदकको निवेदन मागबमोजिमको आदेश जारी गरिरहनुपर्ने अवस्था विद्यमान देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : उदवीर नेपाली

कम्प्युटर : सरस्वती दाहाल

इति संवत् २०७९ असार २२ गते रोज ४ शुभम्।

**३३**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री कुमार रेग्मी**, *०७८-WH-०१६०, बन्दीप्रत्यक्षीकरण, ललिजङ बम वि. महानगरीय प्रहरी वृत्त सिंहदरबार,काठमाडौंसमेत*

निवेदक सनेश शाहीलाई विपक्षीले पक्राउ पुर्जी नदिई, मुद्दा हेर्ने अधिकारीबाट हिरासतमा राख्ने अनुमतिसमेत नलिई गैरकानूनी तवरले बन्दी बनाएको हुँदा विपक्षीका नाउँमा बन्दी प्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ भनी निवेदन जिकिर लिएको पाइन्छ। प्रतिवादी सनेश शाहीलाई आपराधिक उपद्रव मुद्दाको क्रममा महानगरीय प्रहरी परिसरबाट अनुसन्धानको क्रममा जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंको च. नं. १२०१ मिति २०७८।११।१३ गतेको पत्रानुसार मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४(६) बमोजिम अनुसन्धानको लागि हिरासतमा राख्न सक्षम अदालतको अनुमति लिई अनुसन्धान भइरहेको हुँदा रिट निवेदन खारेज गरिपाउँ भनी विपक्षीहरूको लिखित जवाफ पर्न आएको देखिन्छ । मिति २०७८।११।०८ गते निवेदक प्रतिवादी सनेश शाहीसमेतले नेपाल प्रहरीको बा १ झ. ७८८८ नं. को टाटा पिकअप कार ड्युटीमा रहेको अवस्थामा इँटा ढुङ्गा प्रहार गरी कारको सिसा तोडफोड गरी क्षति पुर्‍याई आपराधिक उपद्रव गरेकोले निवेदकसमेतउपर परेको प्रहरी प्रतिवेदनको आधारमा काठमाडौं जिल्ला अदालतबाट म्याद थप भई अनुसन्धान कारबाही अघि बढेको देखिन्छ । निवेदक सनेश शाहीसमेतलाई मिति २०७८।११।०८ गते प्रहरी प्रतिवेदनको आधारमा आपराधिक उपद्रव मुद्दामा तत्काल पक्राउ पुर्जी जारी गरी सोही दिन थुनुवा पुर्जीसमेत दिई प्रहरी हिरासतमा राखेको पाइयो । निवेदकलाई थुनुवा पुर्जी दिएपश्चात् मिति २०७८।११।०८ देखि लागु हुने गरी प्रथम पटक ५ (पाँच) दिन र पटकपटक गरी पाँचौ पटकसम्म जम्मा २३ दिन निवेदकलाई प्रहरी हिरासतमा राखी अनुसन्धान कार्य गर्नको लागि काठमाडौं जिल्ला

अदालतबाट अनुमति प्रदान भएको मिसिल संलग्न कागजातबाट देखिन आउँछ । यसरी निवेदकलाई लागेको आरोपको सम्बन्धमा कानूनबमोजिम अनुसन्धान तहकिकात भइरहेको, पक्राउ भएपश्चात् थुनुवा पुर्जी दिइएको, मुद्दा हेर्ने अधिकारीबाट बन्दीलाई हिरासतमा राखी थप अनुसन्धान कार्य गर्न अधिकार प्राप्त अधिकारीबाट पटकपटक अनुमतिसमेत लिएको मिसिलबाट देखिँदा निजलाई थुनुवा पुर्जी दिई अख्तियारवालाको अनुमति लिई फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९, १३ र १४ को प्रक्रिया पूरा गरी कानूनबमोजिम म्याद थप गरी अनुसन्धान प्रयोजनार्थ थुनामा राखेको देखिने।

कानूनविपरीत थुनामा राखिएको भएमा, प्रवृत्त धारणा बनाई वा बदनियत वा कपटपूर्ण तवरले थुनामा राखिएको भएमा वा अनिवार्यरूपमा पालना गर्नुपर्ने कार्यविधि पालना नगरी कानूनको उचित प्रक्रियाको त्रुटि देखिएको अवस्थामा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने अवस्था रहन्छ । प्रस्तुत मुद्दामा मिसिल संलग्न प्रमाणहरू हेर्दा निवेदक प्रतिवादी सनेश शाहीसमेतले गरेको गैरकानूनी कार्यउपर निजसमेतलाई पक्राउ गरी जिल्ला अदालतको अनुमतिबाट अनुसन्धानको क्रममा थुनामा राखेको देखिन्छ । यसरी अदालतको आदेशपूर्वको निवेदकको थुनाको अवस्था जे जस्तो भए पनि निवेदकलाई साधिकार निकाय र अधिकारीको आदेशबाट प्रहरी हिरासतमा राखिएको देखिएकोले निवेदक बन्दीको थुना गैरकानूनी रहे भएको देखिन आएन । निवेदकले देखाएको कारण मनासिब नदेखिने।

निवेदक सनेश शाहीलाई आपराधिक उपद्रव मुद्दाको अनुसन्धानको सिलसिलामा थुनुवा पुर्जी दिई अधिकार प्राप्त अधिकारीको अनुमति लिई प्रहरी हिरासतमा राखी अनसुन्धान कार्य भएको देखिँदा निवेदन मागबमोजिम सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७(क) को अवस्था विद्यमान नरहेको हुँदा बन्दी प्रत्यक्षीकरणको आदेश जारी गरिरहनु परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : निराजन शर्मा

कम्प्युटर : सरस्वती दाहाल

इति संवत् २०७८ साल चैत्र २ गते रोज ६ मा शुभम्।

**३४**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री सुष्मालता माथेमा**, *०७८-WH-०१५१, बन्दीप्रत्यक्षीकरण, आवद्ध आभा पराजुली वि. कारागार कार्यालय सुर्खेतसमेत*

वारदातका दिन निवेदक प्रतिवादीको उमेर १७ वर्ष ८ महिना २९ दिन देखिँदा बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३०(३) बमोजिम बाल अदालत गठन भई नसकेको अवस्थामा बाल इजलासबाट मुद्दा सुनुवाइ र कारबाही हुनुपर्ने देखिन्छ । साबिकको बालबालिकासम्बन्धी ऐन, २०४८ मा समेत बाल अदालत र बाल इजलासको व्यवस्था भएको र साबिकको बाल न्याय कार्य (कार्यविधि) नियमावली, २०६३ को नियम ६ ले दिएको अधिकार प्रयोग गरी सम्माननीय प्रधान न्यायाधीशज्यूले जिल्ला अदालतको वरिष्ठतम न्यायाधीशलाई बालबालिकासँग सम्बन्धित मुद्दा हेर्न तोकिएको र २०० भन्दा बढी मुद्दा सङ्ख्या भएको जिल्ला अदालतमा दोस्रो वरियताका जिल्ला न्यायाधीशलाई समेत सो मुद्दा हेर्न तोकिएको पाइन्छ। प्रचलित बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ८७ ले साबिकको बालबालिकासम्बन्धी ऐन, २०४८ बमोजिम भएको काम कारबाही कायमै रहने व्यवस्था गरेको र बाल अदालत हालसम्म गठन भई नसकेको अवस्थामा जिल्ला अदालतको वरिष्ठतम

न्यायाधीशले बालबालिकासम्बन्धी मुद्दा हेर्ने व्यवस्था नै कायम रहेको पाइयो । उक्त व्यवस्थाविपरीत २०० भन्दा कम बालबालिकासम्बन्धी मुद्दा सङ्ख्या रहेको सुर्खेत जिल्ला अदालतका वरिष्ठतम न्यायाधीशले नभई अन्य न्यायाधीशबाट प्रस्तुत मुद्दाको कारबाही र किनारा गरेको देखियो । यसै सन्दर्भमा ०७७-WH-०३०४, ०७७-WH-०३९७, ०७८-WH-०००८, ०७८-WH-०१०८, ०७८-WH-०१०९ र ०७८-WH-०११८ को बन्दीप्रत्यक्षीकरण मुद्दामा जिल्ला अदालतको वरिष्ठतम बाहेकका न्यायाधीशबाट भएको फैसलाउपर उठेको अधिकारक्षेत्रको प्रश्नमा यस अदालतबाट बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३०, ३१, ३२ र दफा ७५ अनुसार मुद्दाको किनारा कारबाही नगरी बाल इजलासबाहेक अर्को इजलासबाट गरेको सुनुवाइ र फैसलामा अधिकारक्षेत्रात्मक त्रुटि भएको आधारमा बन्दीप्रत्यक्षीकरणको रिट जारी हुने देखिँदा उल्लिखित कानूनी व्यवस्था तथा यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतका आधारमा सुर्खेत जिल्ला अदालतबाट मिति २०७६।०७।१९ मा भएको फैसलामा क्षेत्राधिकारको रही प्रारम्भदेखि नै बदर (VOID AB INITIO) हुने देखिँदा सो फैसला, सोही फैसलाउपरको पुनरावेदन सुनी उच्च अदालत सुर्खेतबाट मिति २०७७।१०।२८ मा भएको फैसला र उक्त फैसला कार्यान्वयनको क्रममा जारी भएको च.नं. ६५९० मिति २०७८।०३।२७ लगत नं. २६९९ को कैदी पुर्जीसमेत उत्प्रेषणको आदेशले बदर गरी निवेदक परिवर्तित नाम थर ६४ छिन्चु ७५(०) लाई तत्काल थुनामुक्त गरिदिनु भनी विपक्षीहरूको नाउँमा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७ बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश सो हदसम्म जारी हुने ठहर्छ । अब रिट निवेदकलाई निजउपर सुर्खेत जिल्ला अदालतमा दायर भई तत्कालीन अवस्थामा चलेको जबरजस्ती करणी मुद्दामा सोही अदालतबाट बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा २४ र ३० समेतको प्रक्रिया पूरा गरी तारेखमा राखी मुद्दाको कारबाही अगाडि बढाउनु भनी परमादेशसमेत जारी हुने ।

इजलास अधिकृत - नारायण सापकोटा

कम्प्युटर : चन्द्रा तिमल्सेना

इति संवत् २०७८ चैत्र ११ गते रोज ६ शुभम् ।

### ३५

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७६-CR-०४१९, ०७६-CR-०४७५, ०७६-CR-०६९७, ०७६-CR-०९२९, ०७८-CR-०३३२, कर्तव्य ज्यान र ज्यान मार्ने उद्योग, भगवान् भन्ने सञ्जय इस्माली मगर वि. नेपाल सरकार, नेपाल सरकार वि. नविन भन्ने प्रेमराज खड्का, करण भन्ने शिव चौधरी वि. नेपाल सरकार, दिपककुमार कर्ण वि. नेपाल सरकार, मेघबहादुर थापा वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीहरू भगवान् भन्ने सञ्जय इस्माली मगर र करण भन्ने शिव चौधरीको पुनरावेदन जिकिरको सम्बन्धमा विचार गर्दा प्रतिवादीहरूमध्ये बाबु थापा भन्ने मेघबहादुर थापाले मा. न्या. रणबहादुर बमबाहेक अरू कसैलाई मार्ने उद्देश्य थिएन भनी बयान गरे तापनि पुनरावेदक प्रतिवादी करण भन्ने शिव चौधरीले मैले न्यायाधीशको बडिगार्डलाई हानी ढालेको हो । निजलाई नढाली न्यायाधीशलाई मार्न नसकिने हुँदा पहिले निज बडिगार्डलाई हानिएको हो भनी आफूले बडिगार्ड (PSO) महेश गिरीलाई मार्नकै लागि गोली प्रहार गरेको हो भनी कसुरमा साबित भई बयान गरेको देखिन्छ । प्रतिवादी भगवान् भन्ने सञ्जय इस्माली मगरले मा. न्या. रणबहादुर बमलाई मार्न धेरै चोटि पिछा गरेको, पहिलोपटक हान्न खोज्दा प्रहरीको

गाडी आएर असफल भएको, वारदातका दिन सल्लाह मुताबिक घटनास्थलमा गाडी रोकिसकेपछि अङ्गरक्षक कारबाट ओर्लिएर मसँग विवाद गर्दै गर्दा सरी भनी म हिँड्न लाग्दा पछाडिबाट निजले समाउन आएजस्तो लाग्यो र मैले बडिगार्डतर्फ गोली चलाएँ भनी आफूले नै माननीय न्यायाधीशका अङ्गरक्षक (PSO) महेश गिरीलाई गोली प्रहार गरेको हुँ भनी कसुरमा साबित हुँदै बयान गरेको पाइन्छ । म र शिव भन्ने करण चौधरी एउटै मोटरसाइकलमा बसी मैले मोटरसाइकल चलाई मृतक रणबहादुर बम चढेको गाडीको अगाडि गई गाडी रोकी हामी दुबै जना बाइकबाट ओर्लिसकेपछि बडिगार्ड (PSO) ले बाइक चलाउने तरिका यही हो ? भन्नासाथ मैले बडिगार्ड (PSO) लाई नियन्त्रणमा लिनलाई २ गोली चलाएँ र निजलाई लखेट्दै गएँ। शिव भन्ने करण चौधरीसँग २ वटा पेस्तोल थियो । उसले गाडीभित्र रहेका मा.न्या. रणबहादुर बमलाई लगातार गोली हान्यो । मैले बडिगार्ड (PSO) लाई लखेट्दै अन्दाजी ३० मिटरजति टाढा पुगी पर्चासमेत छरी हामी त्यहाँबाट भागेका हौँ। मैले मा.न्या. रणबहादुर बममाथि आक्रमण गरेको नभई शिव भन्ने करण चौधरीलाई संयोग मात्र पारिदिएको भनी वारदात घटाएको कुरा पुनरावेदक प्रतिवादी भगवान् भन्ने सञ्जय इस्माली मगरले पुनरावेदनपत्रमा नै उल्लेख गरेको देखिने। प्रतिवादी करण भन्ने शिव चौधरीले आफ्नो पुनरावेदनमा योजनाअनुरूप मृतक मा.न्या. रणबहादुर बम चढेको गाडी वारदातस्थलमा आएको देख्नासाथ मैले योजनाबमोजिम मोटरसाइकलले गाडीलाई ठोक्काउन खोज्दा गाडी रोकियो । त्यसपछि म मोटरसाइकल रोकी ओर्लिएँ। गाडीबाट बडिगार्ड (PSO) बाहिर निस्किएर चलाउन आउँदैन भनी कराउनेबित्तिकै मैले फायर खोली निजलाई प्रहार गरेँ । निजलाई लाग्यो र गुहार भनी भाग्न थाले। भगवान् भन्ने सञ्जय इस्माली मगरले पनि फायर खोली पछाडि बस्नेलाई प्रहार गर्न थाले। हामी दुबैले पेस्तोल खाली हुने गरी फायर गरेका थियौँ। मृतक मा.न्या. रणबहादुर बमको मृत्यु भलै मसमेतको कर्तव्यले भए तापनि यो अपराध निज बाबु थापा भन्ने मेघबहादुर थापाको आपराधिक मनसाय र तयारीको प्रतिफल हो । यसमा मेरो आपराधिक मनसाय र तयारी थिएन भन्ने बेहोरा उल्लेख गरेको पाइने।

यसै गरी पुनरावेदक प्रतिवादी दिपककुमार कर्णको पुनरावेदन जिकिरको सम्बन्धमा विचार गर्दा, प्रतिवादी भगवान् भन्ने सञ्जय इस्माली मगरले सह-प्रतिवादी बाबु भन्ने मेघबहादुर थापाको योजना अनुसार आफूसमेत वारदातमा संलग्न भई माननीय न्यायाधीश रणबहादुर बमको हत्या प्रयासको सिलसिलामा जहाँ भेटिन्छ, त्यहीँ हान्ने निर्णय गर्‍यौँ। घटना भएको दिन योजनासाथ ३ वटा मोटरसाइकलमा बाबु भन्ने मेघबहादुर थापा, नविन भन्ने प्रेमराज खड्का, दीपककुमार कर्ण, करण भन्ने शिव चौधरी र मसमेत भई मैले र दीपककुमार कर्णले जम्मा थान २ वटा पेस्तोल बोकी पेप्सीकोलाबाट सिधै मा. न्या. रणबहादुर बमको घरतर्फ लाग्यौँ भन्दै दिपककुमार कर्णसमेत अन्य प्रतिवादीहरूलाई पोल गरी आफ्नो र अन्य प्रतिवादीहरूसमेतको प्रत्यक्ष संलग्नता देखाई कसुरमा साबित भई बयान गरेको देखिने।

पुनरावेदक प्रतिवादी दिपककुमार कर्ण स्वयम्ले आफूसमेत भई सह-प्रतिवादी बाबु थापा भन्ने मेघबहादुर थापाको सल्लाहमा मा. न्या. रणबहादुर बमको हत्या गर्ने निष्कर्षमा पुगी मेघबहादुर थापाकै निर्देशनमा हतियार(पेस्तोल)समेत लिई घटनास्थलमा तम्तयार अवस्थामा बसी निजको हत्या गर्नेसमेतको कार्य सम्पन्न भएपछि निज मेघबहादुरको डेरा कोठामा पुगी हतियार बुझाएको

हो भनी मौकामा एवं अदालतमा बयान गरेको, मा. न्या. रणबहादुर बम बंगलामुखी मन्दिर बिहिवार आउने पूर्णविश्वास भएकोले मिति २०६९।०२।१७ गते साँझ करण भन्ने शिव चौधरी, भगवान् भन्ने सञ्जय इस्माली मगर, दिपककुमार कर्ण बसी मा. न्या. रणबहादुर बमलाई के कसरी को कसले हान्ने भन्ने कुरामा कार्य विभाजन भएको थियो भनी प्रतिवादी बाबु भन्ने मेघबहादुर थापाले यी पुनरावेदक दिपककुमार कर्णलाई पोली बयान गरेकोसमेतबाट मा. न्या. रणबहादुर बमको हत्या गर्ने सन्दर्भमा बनेको योजनामा यी पुनरावेदक प्रतिवादीको समेत संलग्नता रहेको पुष्टि भएको देखिने।

प्रतिवादीहरू बाबु थापा भन्ने मेघबहादुर थापा, भगवान् भन्ने सञ्जय इस्माली मगर, करण भन्ने शिव चौधरीसँग मृतक मा.न्या. रणबहादुर बमको ज्यान लिने योजना र षड्यन्त्रमा अघिदेखि पटकपटक सरिक भई कसुरमा संलग्न रहेको र आफूसमेत भई सह-प्रतिवादी बाबु थापा भन्ने मेघबहादुर थापाको सल्लाहमा माननीय न्यायाधीश रणबहादुर बमको हत्या गर्ने निष्कर्षमा पुगी मेघबहादुरकै निर्देशनमा हतियार(पेस्तोल) समेत लिई घटनास्थलमा तम्तयार अवस्थामा बसी निजको हत्या गर्नेसमेतको कार्य सम्पन्न भएपछि निज मेघबहादुरको डेरा कोठामा पुगी हतियार बुझाएको हो भनी यी पुनरावेदक प्रतिवादी दिपककुमार कर्णले मौकामा एवं अदालतमा साबिती बयान गरेको देखिएको, करण भन्ने शिव चौधरी र भगवान् भन्ने सञ्जय इस्माली मगरले गाडी रोक्ने र गाडी रोकिसकेपछि निजहरूले नै मार्नका लागि गोली प्रहार गर्ने काम तोकिएको थियो भने कुनै कारणले सञ्जय र शिवलाई अप्ठ्यारो पर्न गएमा निजहरूलाई सुरक्षा दिने जिम्मेवारी यी पुनरावेदक प्रतिवादी दिपककुमार कर्णलाई तोकिएको भनी पुनरावेदक प्रतिवादी बाबु थापा भन्ने मेघबहादुर थापाले अदालतमा बयान गरेको देखिन्छ।

यी पुनरावेदक दिपककुमार कर्णसमेतको मोबाइल कलको लोकेसनबाट अन्य प्रतिवादीहरूको योजना र तयारी मुताबिक वारदातको दिन निजहरूको सँगै साथ लागी पेस्तोल साथमा लिई घटनास्थलमा उपस्थित भई मृतकलाई भाग्न उम्कन नसक्ने वातावरण बनाई आइपरेको अवस्थामा प्रहार गर्नसमेत तम्तयार (BACK SUPPORT) रहेको भन्ने पुष्टि हुन आएको देखिएकोले यी पुनरावेदक प्रतिवादीलाई जन्मकैदको सजाय ठहर गरी सुरू ललितपुर जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याई उच्च अदालत, पाटनबाट भएको फैसला मनासिब हुँदा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(२) सम्मको सजाय हुनुपर्ने भन्ने प्रतिवादी दिपककुमार कर्णको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादी नविन भन्ने प्रेमराज खड्कालाई अभियोग दाबीबमोजिम नै सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरको सम्बन्धमा विचार गर्दा, प्रतिवादी नविन भन्ने प्रेमराज खड्काले मा.न्या. रणबहादुर बमको हत्या, हत्या गर्ने कार्यको योजना तथा तयारीमा आफू संलग्न नभएको, सह-अभियुक्त बाबु थापा भन्ने मेघबहादुर थापासँग जिमको सामान किन्न सल्लाह भए अनुसार निजको सम्पर्कमा सम्म रहेको, घटनाका दिन निजसँग फोन सम्पर्क भए पनि आफू घटनास्थल नगएको भनी आरोपित कसुरमा इन्कार रही मौकामा तथा अदालतसमक्ष बयान गरेको देखिन्छ । प्रतिवादीमध्येका सह-प्रतिवादी भगवान् भन्ने सञ्जय इस्माली मगरले यी प्रतिवादी नविन भन्ने प्रेमराज खड्काले बाइक चलाई वारदातस्थलसम्म पुगेको भनी बयान गरेको देखिए पनि निजको बयान बेहोरासँग समर्थन हुने गरी अन्य सह-प्रतिवादीहरूले यी प्रतिवादीउपर पोल गरेको नदेखिएको, प्रतिवादी भगवान् भन्ने सञ्जय इस्माली

मगरले बयानमा यी प्रतिवादीसमेत संलग्न रहेको भनी उल्लेख गरेको कथन शङ्कारहित तवरले विश्वसनीय सबुद प्रमाणबाट पुष्टि हुन सकेको नपाइने।

प्रतिवादी नविन भन्ने प्रेमराज खड्काको प्रस्तुत वारदातमा संलग्नता रहेको विश्वासिलो र भरपर्दो प्रमाणको अभावमा सह-प्रतिवादीको अदालतको अपत्यारिलो पोललाई मात्र भर गरी निजलाई समेत सजाय गर्ने गरेको सुरू ललितपुर जिल्ला अदालतको मिति २०७३।०३।१३ को फैसला निजका हकमा केही उल्टी भई निजले अभियोग दाबीबाट सफाइ पाउने र अन्य पुनरावेदक/प्रतिवादी तथा साधकको रोहबाट हेरिएको अन्य प्रतिवादीहरूको हकमा सर्वस्व गर्ने गरेको फैसलासमेत आंशिकरूपमा उल्टी भई प्रतिवादीहरू भगवान् भन्ने सञ्जय इस्माली मगर, करण भन्ने शिव चौधरी, दिपककुमार कर्ण र बाबु भन्ने मेघराज थापालाई जन्मकैद मात्र हुने ठहर गरी उच्च अदालत, पाटनबाट मिति २०७५।११।२१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : इन्द्रकुमार श्रेष्ठ

कम्प्युटर : चन्द्रावती तिमल्सेना

इति संवत् २०७९ साल श्रावण ३१ गते रोज ३ शुभम्।

३६

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७७-CR-१३३०, लागु औषध खैरो हिरोइन, मनिष ज्ञवाली वि. नेपाल सरकार*

प्रतिवादी मनिष ज्ञवालीले बरामद लागु औषध सेवनका लागि ल्याएको भनी लिएको जिकिर प्रमाणद्वारा पुष्टि गर्न सकेको नदेखिनुका साथै निजले यस अघिदेखि नै लागु औषध सेवन गर्ने गरेको वा उपचार गराएको भन्ने तथ्य पुष्टि गर्ने कुनै आधार पेस गरेको पाइँदैन। निजले लागु औषध खरिद गरी ल्याएको कुरामा आफू साबित भई प्रतिवादीमध्येका देवराज गुरूङलाई पनि पोल गरी बयान गरेको देखिन्छ। आरोपित कसुरमा साबित भई मौकामा गरेको साबिती बयानलाई निजहरूले प्रमाणबाट अन्यथा पुष्टि गर्न सकेको देखिँदैन। लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १२ मा "कुनै व्यक्तिका साथमा कुनै लागु औषध भएको फेला परेमा...त्यस्तो पदार्थ निजले यो ऐन र यस ऐनअन्तर्गत बनेको नियम वा जारी गरिएको आदेशबमोजिम प्राप्त गरेका वा राखेको हो भन्ने कुराको प्रमाण निजले पेस गर्नुपर्ने छ। त्यस्तो प्रमाण पेस गर्न नसकेमा र अन्यथा प्रमाणित भएमा बाहेक निजले यस ऐनअन्तर्गत सजाय हुने अपराध गरेको मानिने छ" भन्ने कानूनी व्यवस्थाबमोजिम निजले लागु औषध सेवनकर्ता रहेको र आफूबाट बरामद भएको लागु औषध कानूनबमोजिम राखेको वा लिएर हिँडेको भन्ने प्रमाण पेस दाखिल गरेकोसमेत नदेखिँदा निजको सो कार्य कानूनप्रतिकूल हुँदा कसुरदार देखिने।

बरामद भई आएको लागु औषध परीक्षणको लागि केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालामा पठाइएको नमुनामा MORPHINE, HEROIN पाइएको भन्ने बेहोराको प्रतिवेदन प्राप्त भएको देखिएको अवस्थामा लागु औषधजस्तो गम्भीर प्रकारको मुद्दामा बिनाप्रमाण अदालतको इन्कारी बयान मात्र आरोपित कसुरबाट उन्मुक्ति पाउने आधार बन्न सक्दैन। लागु औषधसम्बन्धी अपराध निरपेक्ष दायित्वअन्तर्गत पर्ने अपराध भएकोले जसबाट लागु औषध बरामद भएको छ निजसँग सो लागु औषधको कारोबार गर्न आफू नहिँडेको वा त्यस्तो समूहमा सामेल नभएको भन्ने तथ्य स्पष्ट रूपमा पुष्टि गर्ने दायित्व प्रतिवादीमा नै रहने भएकोले सो कुरा प्रतिवादीले विश्वसनीय ढङ्गबाट प्रमाणका आधारमा पुष्टि गर्न नसकेको।

बरामद भएको लु. ३७ प ७७४२ नं. को स्कुटर यी पुनरावेदकको मौकामा भएको बयान अनुसार बुटवल सोरूमबाट खरिद गर्दा अस्थायी रूपमा मेरो नाउँमा छ, हाल नामसारी भएको छैन, सोरूमले दिएको कागज हरायो भनी बेहोरा लेखाइदिएको देखियो । यसबाट पुनरावेदक मनिष ज्ञवालीले निजको नाउँमा रहेको उक्त नं.को स्कुटर प्रयोग गरी प्रतिबन्धित लागु औषध ल्याएको देखिएको, निजउपरको अभियोग दाबीबमोजिमको कसुर ठहर भई सजायसमेत हुने ठहरेको र उल्लिखित कानूनी व्यवस्थाबमोजिम लागु औषध ओसारपसारमा प्रयोग भएको सवारी साधन जफत हुने नै हुँदा स्कुटर फिर्ता पाउँ भन्ने निजको पुनरावेदन जिकिरसमेत मनासिब नदेखिने ।

प्रतिवादीहरू मनिष ज्ञवालीसमेतलाई लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा १४(१)(छ)(१) अनुसार जनही ५ (पाँच) वर्ष कैद र जनही रू. ५,०००।- (पाँच हजार रुपियाँ) जरिवाना हुने, स्कुटर जफत हुने र अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ अनुसार पीडित राहत शुल्कबापत जरिवाना रू. ५,०००।- को ४ प्रतिशतका दरले हुने रकम जनही रू.२००।- समेत प्रतिवादीहरूबाट असुल गरी उक्त कोषमा जम्मा गरिदिने ठहर गरी सुरु रूपन्देही जिल्ला अदालतबाट मिति २०७६।११।२८ मा भएको फैसलामा प्रतिवादीहरूको हकमा अभियोग माग दाबीबमोजिमको कसुर ठहर गरी सजाय गरेको हदसम्म सुरू अदालतको फैसला मिलेको र प्रतिवादीहरूउपर अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिमको अभियोग दाबी नहुँदा निजहरूलाई जरिवानाको ४% ले हुने रू.२००।- असुल गर्ने गरी भएको सो हदसम्मको सुरू फैसला केही उल्टी हुने ठहऱ्याई उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट मिति २०७७।१०।२७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : इन्द्रकुमार श्रेष्ठ

कम्प्युटर : सरस्वती दाहाल

इति संवत् २०७९ साल साउन ३१ गते रोज ३ शुभम् ।

## इजलास नं.५

### ३७

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या.श्री कुमार रेग्मी**, *०७६-CI-०९०४, फैसला मिलापत्र बदर, प्रेमबहादुर सुनार वि. प्रभा आचार्यसमेत*

विवादित जग्गाहरू र यसै लगाउको २०६७-CI-१२४५ को फैसला निर्णय दर्ता बदर गरी सार्वजनिक कायम मुद्दामा दाबी लिएका विवादित जग्गाहरू एकै रहे भएको देखिन्छ । लगाउका मुद्दामा यी पुनरावेदक वादी भएकोमा सुरू अदालतले सुकुम्बासीको घर टहरो र आँगनसम्म सुकुम्बासीको कायम हुने र दाबीको जग्गा सार्वजनिक पर्ती कायम गरिपाउँ भन्ने वादी दाबी नपुग्ने भनी गरेको फैसला पुनरावेदन तहबाट दाबीको जग्गामा सुकुम्बासीले निर्माण गरेको घर टहरो र घर टहरोले समेटेको आँगनसम्म सुकुम्बासीकै हुने ठहऱ्याएको हदसम्म सुरू फैसला केही उल्टी भई अरू वादी दाबी नपुग्ने भनी ठहऱ्याएको सुरू फैसला सदर हुने ठहऱ्याएको कारण पुनरावेदन लिई वादी यस अदालतमा आएको देखिन्छ भने प्रस्तुत मुद्दामा उनै वादी तह तहबाट वादी दाबी नपुग्ने ठहरी भएको फैसलाबाट सार्वजनिक जग्गा व्यक्तिले दूषित तवरले दर्ता गरी मुद्दा चलाई व्यक्तिको हक हुने फैसला गराई पुनरावेदन तहबाट व्यक्तिकै हक रहेको पुष्टि हुने गरी भएको मिलापत्रले सार्वजनिक सम्पत्ति एवम् सार्वजनिक हक हितमा असर पर्न गएको भनी मुद्दा दोहोऱ्याई हेरिपाउँन यस अदालतमा आएको देखियो । यिनै पुनरावेदक

वादी प्रेमबहादुर सुनार वादी विरूद्ध प्रत्यर्थी प्रभा आचार्यसमेत प्रतिवादी भएको यसै मुद्दाको लगाउमा रहेको ०६७-CI-१२४५ को फैसला निर्णय दर्ता बदर गरी सार्वजनिक कायम मुद्दामा आज यसै इजलासबाट सुरू पोखरा जिल्ला अदालतबाट वादी दाबी नपुग्ने गरी भएको फैसला केही उल्टी हुने गरी पुनरावेदन अदालत पोखराबाट मिति २०६७।७।३० मा भएको फैसला पूर्णरूपमा उल्टी भई दाबीका जग्गाहरू फिराद दाबीबमोजिम सार्वजनिक कायम हुने ठहऱ्याई फैसला भएको अवस्था छ । उक्त लगाउको मुद्दामा उल्लिखित दाबीको विवादित जग्गाहरू नै प्रस्तुत मुद्दामा विवादमा रहेको देखिई सुरू कास्की जिल्ला अदालतबाट भएको दाबीको फैसलामा र पुनरावेदन अदालत पोखराबाट भएको दाबीको मिलापत्रमा सोही लगाउको मुद्दामा सार्वजनिक कायम हुने ठहरेका जग्गाहरूमा नै व्यक्तिको हक पुष्टि हुने गरी बोलेको देखिँदा उक्त फैसला र मिलापत्रहरू कानूनसम्मत रहे भएको भनी मान्न मिल्ने देखिएन। यस स्थितिमा कास्की जिल्ला अदालतको मिति २०५५।८।१० को फैसला र पुनरावेदन अदालत पोखराको मिति २०५७।२।१९ को मिलापत्र बदर गरिपाउँ भन्ने वादी दाबी पुग्न नसक्ने गरी भएको सुरू फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत पोखराबाट मिति २०६७।७।३० मा भएको फैसला मिलेको नदेखिने।

दाबी लिइएका कास्की जिल्ला अदालतको मिति २०५५।८।१० को फैसला र पुनरावेदन अदालत पोखराबाट मिति २०५७।२।१९ मा भएको मिलापत्रबाट यसै मुद्दाको लगाउमा रहेको ०६७-CI-१२४५ को फैसला निर्णय दर्ता बदर गरी सार्वजनिक कायम मुद्दामा सार्वजनिक पर्ती कायम हुने ठहरेको जग्गा व्यक्तिका नाममा रहन आधार खडा भएको एवम् सोबाट सार्वजनिक सम्पत्ति र सार्वजनिक हक हितमा असर पुग्ने देखिँदा प्रस्तुत मुद्दामा दाबी लिएका फैसला र मिलापत्र बदर हुने ठहर्छ । साथै लगाउको उपर्युक्त उल्लिखित मुद्दा ०६७-CI-१२४५ मा विवेचित आधार कारणसमेतबाट कास्की जिल्ला अदालतबाट दाबीका फैसला र मिलापत्र बदर गरिपाउँ भन्ने वादी दाबी पुग्न नसक्ने गरी भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत पोखराबाट मिति २०६७।७।३० मा भएको फैसला कानूनसम्मत मिलेको नदेखिँदा उल्टी भई दाबीका विवादित जग्गाहरू सार्वजनिक कायम हुने।

इजलास अधिकृत : विष्णु खतिवडा
कम्प्युटर : कृष्णमाया खतिवडा
इति संवत् २०८० साल वैशाख ३ गते रोज १ शुभम्।

**३८**

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या.श्री कुमार रेग्मी,** *०७४-RB-००११, आयकर (०६६।०६७), शंकरप्रसाद खरेल वि. शेखर गोल्छा*

विवादित अग्रिम करतर्फ आकस्मिक लाभ रू.२,४३,७८३।- का सम्बन्धमा विचार गर्दा, यस आ.व. मा करदाता कम्पनीले "कुनै पनि HIMSTAR TV को खरिदमा एउटा SCRATCH COUPON पाउनुहोस् र SCRATCH गरी रू. ५ लाखसम्मको नगद उपहार तुरून्त जित्नुहोस्" भनी वितरण गरेको SCRATCH COUPON उपहारअन्तर्गत पर्ने भई आकस्मिक लाभको परिभाषाभित्र पर्ने हुँदा आकस्मिक लाभ कर समयमा करदाताले नतिरेको देखिँदा ब्याजसमेत गणना गरी असुलउपर गर्नु भन्ने सुरू निर्णय सदर गरिपाउँ भन्ने पुनरावेदन जिकिर रहेको देखिन्छ भने SCRATCH COUPON का रकममा सामान बिक्री गर्दा वस्तुको लागत+SALES SCHEMES SCRATCH CARD VALUE+ अन्य प्रशासनिक र बिक्री खर्च+PROFIT समेत समावेश भई व्यापारिक मौज्दातको बजार मूल्यमा बिक्री गरेको हुँदा यस्तो प्रकृतिको खर्च आकस्मिक

लाभको परिभाषाअन्तर्गत नपर्ने हुँदा आकस्मिक कर कट्टी गर्नु नपर्ने भन्ने प्रत्यर्थी करदाताको जिकिर रहेको देखिन्छ । यस स्थितिमा करदाता कम्पनीले वितरण गरेको SCRATCH COUPON आकस्मिक लाभभित्रको परिभाषामा पर्ने नपर्ने सम्बन्धमा विस्तृत रूपमा हेर्नुपर्ने देखियो । आकस्मिक लाभका सम्बन्धमा कानूनी व्यवस्था हेर्दा, आयकर ऐन, २०५८ को दफा २(ज१) मा "आकस्मिक लाभ भन्नाले चिट्ठा, उपहार, पुरस्कार, बक्सिस, जितौरी वा अन्य कुनै पनि आकस्मिक रूपमा प्राप्त हुने लाभ सम्झनुपर्छ" भनी व्यवस्था गरेको पाइन्छ । उक्त परिभाषामा SCRATCH CARD COUPON लाई छुट्टै उल्लेख गरी समावेश गरेको देखिँदैन । आकस्मिक लाभ भनेको व्यापार व्यवसायमा हुने अनपेक्षित आय हो जुन आकस्मिक रूपमा प्राप्त हुने हुन्छ । आकस्मिक लाभमा कम्पनीलाई कुनै किसिमले आकस्मिक तवरले आम्दानी हुनुपर्ने हुन्छ । प्रस्तुत मुद्दामा SALES COMMISSION अन्तर्गत विभिन्न व्यक्तिहरूलाई वितरण गरिएको SCRATCH COUPON को रकमबाट प्रत्यर्थी करदाता कम्पनीलाई के कस्तो फाइदा वा आम्दानी प्राप्त भएकोले उक्त SCRATCH COUPON को रकम आकस्मिक लाभको परिभाषाअन्तर्गत परेको भन्ने कुरा सुरू आदेश तथा आन्तरिक राजस्व विभागको निर्णयमा खुलाउन सकेको देखिँदैन । केवल कान्तिपुर दैनिकमा प्रकाशित सूचनामा निवेदकका उत्पादन HIMSTAR TV खरिद गर्ने व्यक्तिले पाँच लाख रूपैयासम्म नगद उपहार प्राप्त गर्ने बेहोरा उल्लेख गरेको भनी कारण देखाई करदाताले वितरण गर्ने SCRATCH CARD COUPON उपहार हो भनी गरेको निर्णयलाई कानूनसम्मत मान्न मिल्ने अवस्था देखिँदैन । उक्त SCRATCH CARD COUPON स्किमले करदाताको व्यापार व्यवसायको प्रवर्धन हुने कुरालाई नकार्न सकिन्न तर सो व्यापार व्यवसायको प्रवर्धन हुने कुरालाई आयकरको विषय बनाउन मिल्ने देखिँदैन । करदाता कम्पनीले सामानको बिक्री मूल्यमा छुट (DISCOUNT) नदिई SCRATCH CARD COUPON मा SCRATCH गरी ग्राहकलाई बिक्री मूल्यमा नगद छुट दिने उद्देश्यले यो SCRATCH CARD COUPON स्किम ल्याएको भनी प्रत्यर्थी करदाताले लिखित जवाफ पेस गरेको हुँदा सो SCRATCH CARD COUPON सेल्स स्किम (SALES SCHEME) ले सामान खरिद गर्ने ग्राहकलाई फाइदा हुने देखिन्छ भने करदाता कम्पनीलाई लाभ प्राप्त हुने देखिँदैन । यसरी कानूनमा आकस्मिक लाभको परिभाषाअन्तर्गत SCRATCH CARD COUPON लाई छुट्टै समावेश नगरेको र उक्त सेल्स स्किमबाट प्रत्यर्थी करदाताले के लाभ तथा फाइदा प्राप्त गरेको भनी स्पष्ट उल्लेख गर्न नसकेको अवस्थामा SCRATCH CARD COUPON स्किमबमोजिमको रकमलाई उपहारको संज्ञा दिई आयकर ऐन, २०५८ को दफा ८८क बमोजिम २५ प्रतिशतका दरले आकस्मिक कर कट्टी गरी सोही ऐनको दफा ११९ बमोजिम लाग्ने ब्याज रकमसमेत दाखिला गर्ने गरी भएको सुरू आदेशसँग सहमत हुन नसकिने ।

पुनरावेदक ठुला करदाता कार्यालयबाट मिति २०६८।०३।३१ मा भएको संशोधित कर निर्धारण गर्ने आदेशलाई सदर गर्ने गरी आन्तरिक राजश्व विभागको मिति २०६८।०८।०१ को निर्णयमा बोनस खर्च, अन्त:शुल्क र अग्रिम करतर्फ आकस्मिक लाभसम्बन्धी निर्णय सो हदसम्म मिलेको नदेखिँदा उल्टी हुने र SELLING AND DISTRIBUTION अन्तर्गत ADVERTISEMENT EXPENSES AND BUSINESS PROMOTION सम्बन्धी निर्णय मिलेको देखिँदा सदर हुने ठहऱ्याई राजश्व

न्यायाधिकरण काठमाडौंबाट मिति २०७०।१०।२९ मा भएको फैसला कानूनसम्मत मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : रेश्मा बुद्धाचार्य
कम्प्युटर : मिलन राणा
इति संवत् २०७९ साल पौष १७ गते रोज १ शुभम्।

## ३९

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७२-CR-१७५६, लागु औषध (चरेस), दिलबहादुर श्रेष्ठ वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादी दिलबहादुर श्रेष्ठले लिएको पुनरावेदन जिकिरतर्फ विचार गर्दा, निज प्रतिवादी निश्चय पनि लागु औषध बरामद गर्दा वारदातस्थलमा उपस्थित भएको देखिँदैन तर लागु औषध ओसार पसार गर्न प्रयोग भएको मोटरसाइकल निजको भएको तथ्यमा विवाद देखिँदैन । लागु औषधसहित बरामद भएको मोटरसाइकल निज प्रतिवादीकै भएको कुरा निजले आफ्नो बयानमा स्वीकार गरेकै देखिन्छ । पुनरावेदक प्रतिवादी दिलबहादुर श्रेष्ठले मोटरसाइकल के कति कारणले अन्य सह-प्रतिवादीहरूलाई प्रयोग गर्न दिएको हो ? सो कुरा खुलाउन सकेको देखिँदैन । भिष्वासम्म जान मागेकोले दिएको हुँ भनी भन्दैमा सो कुरा त्यति विश्वासलाग्दो देखिँदैन । सह-प्रतिवादी ईन्द्रबहादुर श्रेष्ठले र एकबहादुर श्रेष्ठले निज प्रतिवादी दिलबहादुर श्रेष्ठले अह्रायबमोजिम निजकै मोटरसाइकल चढी लागु औषध (चरेस) पुऱ्याउन गएको र यी प्रतिवादीहरूले निजबाट सोबापत रू. ५००।- जनही प्राप्त गरेको भनी किटान गरी अनुसन्धान अधिकारीसमक्ष बयान गरेको देखिन्छ । निजहरूले मौकामा गरेको पोलको कागज लागु औषधको बरामदीबाट पुष्टि भएको र सजाय पाएका प्रतिवादीहरूको पोललाई प्रमाणमा लिन मिल्ने नै देखिँदा पुनरावेदक प्रतिवादीको इन्कारी बयान विश्वासप्रद नदेखिने ।

तत्काल पक्राउमा परेका प्रतिवादीहरूबाट भएको मौकाको बयान सत्यतामा आधारित भएको कुरा बरामद भएको लागु औषध परीक्षणबाट चरेस भएको परीक्षण प्रतिवेदनबाट देखिएकाले पनि पुष्टि हुन आएको र यत्रो लागु औषधको कारोबारको मुद्दामा मुख्य अभियुक्त पर बसेर अन्य अभियुक्तबाट ओसारपसार गर्न लगाउने गरेको अभ्यास पनि नपाइने होइन । पक्राउमा परेका सह-प्रतिवादीहरूले पुनरावेदक प्रतिवादीलाई अनायास पोल गरेर आरोप लगाउनुपर्ने अन्य वस्तुनिष्ठ कारणसमेत मिसिलबाट देखिँदैन । असम्बन्धित व्यक्तिहरूबाट वस्तुस्थिति मुचुल्का तयार गरिएको भन्ने सम्बन्धमा लागु औषध बरामद भएको स्थानमा जोजो भेटिए उसैलाई बरामदी मुचुल्काको साक्षी बनाएर राख्नु पनि स्वाभाविक प्रक्रिया नै भएको र बकपत्र गर्न निजहरूको उपस्थिति हुन नसके पनि बरामद भएको तथ्य प्रतिवेदकको बकपत्रबाट समेत पुष्टि भएको देखिन्छ । लागु औषध बरामद भएको तथ्यमा अन्य प्रतिवादीहरूको समेत विमति नरहेबाट कसुर स्थापित भएको तथ्यमा समेत विवाद नदेखिने ।

यसैगरी, लागु औषध ओसारपसार गर्न प्रयोग भएको ना १२ प १५१० नं. को सुपर स्प्लेण्डर मोटरसाइकल जफत हुनुपर्ने हो वा होइन ? भन्नेतर्फ विचार गर्दा, उक्त मोटरसाइकल प्रतिवादी दिलबहादुर श्रेष्ठको आफ्नो भएको र सह-प्रतिवादीहरूले पनि उक्त मोटरसाइकल चरेस पुऱ्याउनको लागि रू ५/५ सय रकम दिई ना १२ प १५१० नं. को सुपर स्प्लेण्डर मोटरसाइकलसमेत दिई पठाएको एवम् आफूहरूले बरामदित लागु औषध सोही मोटरसाइकलमा राखी मुसलिम मियाँलाई पुऱ्याउनको लागि जाँदै गर्दा पक्राउ

परेको भनी बयान गरेका र सो बयान खानतलासी तथा बरामदी मुचुल्का, मौकामा दिएको प्रतिवेदन तथा सो बेहोरालाई सुरू अदालतमा आई प्रतिवेदकले गरेको बकपत्रसमेतबाट समर्थित भएको देखिएको तथा निज प्रतिवादी दिलबहादुर श्रेष्ठले उल्लिखित बेहोरालाई अन्यथा भन्न नसकेको अवस्थामा बरामदित चरेस ओसार पसारमा उक्त ना १२ प १५१० नं. को सुपर स्प्लेण्डर मोटरसाइकल प्रयोग भएको भन्ने तथ्यमा समेत विवाद भएको नदेखिने।

तसर्थ, माथि विवेचित मुद्दाको तथ्य, आधार, कारण र कानूनी व्यवस्थाबाट आफ्नो मोटरसाइकलसमेत दिई लागु औषध (चरेस) मुसलिम मियाँलाई दिनु भनी प्रतिवादीहरू एकबहादुर श्रेष्ठ र ईन्द्रबहादुर श्रेष्ठलाई अराही पठाउने प्रतिवादी दिलबहादुर श्रेष्ठलाई सफाइ दिने र ना १२ प १५१० नं. को सुपर स्प्लेण्डर मोटरसाइकल जफत नहुने ठहर गरेको सुरू पर्सा जिल्ला अदालतबाट मिति २०७०।०३।३० मा भएको फैसला मिलेको नदेखिँदा सो हदसम्म उक्त फैसला केही उल्टी गरी यी पुनरावेदक प्रतिवादी दिलबहादुर श्रेष्ठले अभियोग मागदाबी अनुसारको लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(क) अनुसारको कसुर गरेकोमा ऐ. को दफा १४(१)(घ)(४) बमोजिम कैद वर्ष १ (एक) र जरिवाना रू. ५०००।- (पाँच हजार रूपियाँ) हुने एवम् लागु औषध (चरेस) ओसार पसारको कार्यमा प्रयोग भएको ना १२ प १५१० नं. को सुपर स्प्लेण्डर मोटरसाइकल ऐ. ऐनको दफा १८ बमोजिम जफत हुने ठहर्‍याएको पुनरावेदन अदालत, हेटौँडाबाट मिति २०७१।१२।१७ मा भएको फैसला कानूनसम्मत भई मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : नीति उप्रेती

कम्प्युटर : मिलन राणा

इति संवत् २०७९ साल मंसिर २ गते रोज ६ शुभम्।

## ४०

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७२-WO-०४२०, उत्प्रेषण / परमादेश, बेचन यादव वि. मालपोत कार्यालय, सप्तरीसमेत*

कानूनले तोकेको समय र कार्यविधिबमोजिम कार्य गर्न नसक्नेलाई कानूनले सहयोग गर्न सक्तैन। जग्गा नाप जाँचको कार्यमा निवेदकले आफ्नो पक्षमा प्रमाण जुटाउन नसकिरहेको अवस्था एकातिर देखिन्छ भने अर्कोतिर यसै विवादउपर पुनरावेदन अदालत राजविराजबाट फैसला भएका विभिन्न मुद्दामा आज यसै इजलासबाट मुद्दा दोहोर्‍याई हेरिपाउन अनुमति दिन नमिल्ने भनी ०७२-RI-२०८०, ०७२-RI-२०८१, ०७२-RI-२०८२, ०७२-RI-२०८३ र ०७२-RI-२०८४ का निवेदनमा आदेश भएको अवस्था छ। यसै विवादउपर मिलापत्र बदर, जग्गा खिचोलालगायतका विषयउपर साधारण अधिकारक्षेत्रअन्तर्गत साधिकार निकायबाट विवाद टुङ्गिसकेको अवस्थामा रिटको क्षेत्राधिकार प्रयोग गरी आएको निवेदनबाट अधिकारको सिर्जना हुन सक्तैन। व्यक्तिको स्थापित अधिकारमा अतिक्रमण भयो भने मात्र रिटको माध्यमबाट उपचार खोज्न सकिने हो। प्रस्तुत विवादमा जग्गा नाप जाँच गराउन कानूनले दिएको म्याद र कार्य सीमाका सबै बाटोबाट विवाद टुङ्गिसकेको अवस्थामा सार्वजनिक कायम भएको पोखरी र पोखरीको डिललाई रिटको माध्यमबाट निवेदकको नाममा दर्ता गर्नु भनी परमादेशको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता देखिँदैन। यस दृष्टिकोणबाट निवेदन माग दाबीबमोजिमको आदेश जारी गर्नुपर्ने नदेखिने।

दिगम्बर चौधरीसमेत पुनरावेदक वादी र बैद्यनाथ झासमेत प्रत्यर्थी/प्रतिवादी भएको छुट पोखरी दर्ता कायम मुद्दामा जग्गा छुट दर्ताका लागि

दाबी गर्नेले सर्वप्रथम दर्ता हुन छुट्नाको औचित्यपूर्ण आधार देखाउन सक्नुपर्छ । सम्पत्तिको खोजी यथासमयमा गर्नु सम्पत्ति आफ्नो हो भन्ने दाबी गर्नेको दायित्व हो । समयको लामो अन्तरालले छुट जग्गा दर्ता गरिपाउँ भन्ने दाबिमा प्रतिकूल प्रभाव पार्दछ । जग्गा मिच्नेको १८ नं. र जग्गा पजनीको साबिक २ वर्ष र २०३४।०९।२७ को संसोधनपछिको थाहा पाएको ६ महिने हदम्यादसम्बन्धी व्यवस्था पनि छुट दर्ता सम्बन्धमा असान्दर्भिक होइन । जग्गाको विषयमा दाबी गर्न विधिकर्ताले थाहा पाएको ६ महिने सीमा अकारण राखेको होइन। देख्ने, बुझ्ने र अनुभव गर्न सकिने कुरा सोही समयमा थाहा पाएको मान्नुपर्ने हुन्छ। थाहा पाएको मनोगत मितिलाई मान्यता दिन नमिल्ने भनी यस अदालतबाट ने.का.प. २०६७ अङ्क ७, नि.नं.८४१७ मा प्रतिपादित सिद्धान्तसमेतका आधारमा निवेदकको निवेदन माग दाबीसँग सहमत हुन नसकिने।

तसर्थ, माथि विवेचित निवेदन माग दाबी, लिखित जवाफको बेहोरा, आधार र कारणसमेतबाट निवेदन मागदाबीबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : निरज पोखरेल

कम्प्युटर : मिलन राणा

इति संवत् २०७९ साल पौष २६ गते रोज ३ शुभम्।

**४१**

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०६९-CI-०३१८, मिलापत्र बदर फैसला बदर दर्ता बदर दर्ता कायम, इन्द्रकुमारी राई वि. विष्णुकुमारी राईसमेत*

वादी कुलप्रसाद राई र प्रतिवादी चन्द्रप्रसाद राईसमेत भई चलेको लिखत बदर मुद्दामा वादी कुलप्रसाद राई र प्रतिवादी जानुकादेवी खनालबिच मिति २०५४।९।२१ मा भएको मिलापत्र तथा वादी विष्णुकुमारी राई प्रतिवादी कुलप्रसाद राईसमेत भएको जग्गा खिचोला, दर्ता बदर मुद्दामा सुरू संखुवासभा जिल्ला अदालतबाट मिति २०५७।२।२ र पुनरावेदन अदालत धनकुटाबाट मिति २०५८।६।२५ मा भएको फैसलासमेत बदर गरी माग्न निज चन्द्रप्रसाद राईको श्रीमती यी पुनरावेदक वादी पूर्णादेवी राईले मुलुकी ऐन, अ.बं. ८६ नं. को आधार लिई प्रस्तुत फिराद पर्न आएको देखिन्छ । अदालती बन्दोबस्तको महलको ८६ नम्बर हेर्दा, "फैसला डिसमिस, मिलापत्र, खारेज भएका मुद्दामा सो फैसला डिसमिस, मिलापत्र, खारेज भएकाले अर्काको हकसमेत जाने भएको रहेछ भने जसको हक जाने छ त्यसैले थाहा पाएको पैँतिस दिनभित्र यसमा हाम्रो पनि हक लाग्छ यसले मात्र हारी वा डिसमिस, खारेज, मिलापत्र गराएकोले हाम्रो हक जाने होइन भनी आफ्नो हकजतिमा झगडियाका नाउँमा नालिस दिए इन्साफ गरिदिनुपर्छ" भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । यो कानूनी व्यवस्थाले कुनै दुई पक्ष मिली मुद्दा मामिला गरी भएको फैसला, मिलापत्र, डिसमिस, खारेज भएबाट कुनै तेस्रो पक्षको हकहितमा असर पुग्न गयो भने त्यसबाट मार्का पर्ने पक्षलाई त्यस्तो फैसला मिलापत्र, डिसमिस वा खारेजी बदर गर्न गराउन उजुर गर्नसक्ने कानूनी अधिकार दिएको देखिने।

मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको ८६ नम्बरको कानूनी व्यवस्था र सो कानूनी व्यवस्थाका सम्बन्धमा सर्वोच्च अदालतबाट भएको व्याख्याको परिप्रेक्ष्यमा प्रस्तुत मुद्दाको तथ्यहरूको विवेचना गरी हेर्दा, पुनरावेदक वादीको पति चन्द्रप्रसाद राईबाट प्रतिवादी जानुकादेवी खनालले मिति २०४८।१२।९ मा गराइ लिएको राजीनामाको जग्गा नापीको समयमा कि.नं. २५७ र २५८ कायम भई नाप नक्सा भएको देखिन्छ। उक्त राजीनामाको

लिखतमध्ये २ भागको १ भाग मेरो पिताको भागजति लिखत बदर गरिपाउँ भनी कुलप्रसाद राईले निज चन्द्रप्रसाद राई र जानुकादेवी खनाललाई विपक्षी बनाई दायर गरेको दे.१२०।६०३ को लिखत बदर मुद्दामा प्रतिवादी जानुकादेवी खनाललाई राजीनामा गरिदिएको जग्गा आफ्नो हकभोगको भएकोले बदर हुनुपर्ने होइन भनी जिकिर लिँदै प्रतिउत्तर पेस गरेपश्चात् निज चन्द्रप्रसाद राईले तारेख छोडेको देखिन्छ। सो मुद्दामा मिति २०५४।९।२१ मा वादी कुलप्रसाद राई र प्रतिवादी जानुकादेवी खनालबिच मिलापत्र हुँदा वादीले दाबी छाडी मिलापत्र गरेको पाइन्छ । सोही मिलापत्रसमेतलाई आधार बनाई प्रतिवादी जानुकादेवी खनालले विवादित कि.नं. २५७ र २५८ को जग्गा आफ्नो नाममा दर्ता गराएको देखिन्छ। उक्त मिलापत्र र दर्तासमेत बदर गरी माग्न चन्द्रप्रसाद राईकी बहिनी विष्णुकुमारी राई वादी भई प्रतिवादी चन्द्रप्रसाद राईसमेतका उपर जग्गा खिचोला, दर्ता बदर मुद्दा चलाएकोमा प्रतिवादी बनाइएका चन्द्रप्रसाद राईले प्रतिउत्तर नै नदिई म्याद गुजारी बसेको पाइन्छ। उक्त मुद्दामा सुरू संखुवासभा जिल्ला अदालतबाट वादी दाबी पुग्न नसक्ने ठहराई मिति २०५७।२।२ मा भएको फैसला पुनरावेदन अदालत धनकुटाबाट सदर हुने गरी मिति २०५८।६।२५ मा फैसला भई अन्तिम भएको देखिने।

उक्त दुवै मुद्दाहरूका प्रतिवादी चन्द्रप्रसाद राईको श्रीमती पूर्णादेवी राईले प्रस्तुत मिलापत्र बदर र फैसला बदर मुद्दा अ.बं. ८६ नम्बरअन्तर्गत दायर गरेको पाइन्छ। दुवै मुद्दामा वादीका पति स्वयं प्रतिवादीका हैसियतमा रहेको र लिखत बदर मुद्दामा आफ्नो हकभोगको जग्गा प्रतिवादी जानुकादेवी खनाललाई राजीनामा गरिदिएको भनी जानुकादेवी खनालको प्रतिउत्तर बेहोरालाई स्वीकार गरी प्रतिउत्तर दिएको तथा दर्ता बदर मुद्दामा राजीनामाको आधारमा प्रतिवादी जानुकादेवी खनालको नाममा नापी दर्ता भएको कि.नं. २५७ र २५८ को जग्गा बदर गरिपाउँ भनी दाबी लिएको विषय सम्बन्धमा प्रतिउत्तर नै नदिई बसेकोसमेतबाट यी पुनरावेदक वादीका पतिले विवादित कि.नं. २५७ र २५८ को जग्गा आफ्नो राजीनामाबमोजिम प्रतिवादी जानुकादेवी खनालले दर्ता गराएको तथ्य स्वीकार गरेको देखिने।

प्रतिवादी जानुकादेवी खनालको कि.नं. २५७ को जग्गाको दर्ता बदर गरी वादी पूर्णादेवी राईको नाममा दर्ता हुने ठहऱ्याई सुरू संखुवासभा जिल्ला अदालतबाट मिति २०६७।१२।२ मा भएको फैसला उल्टी गरी यी पुनरावेदक वादीको फिराद दाबी खारेज हुने ठहऱ्याएको पुनरावेदन अदालत धनकुटाको मिति २०६९।१।१३ को फैसला कानूनसम्मत भई मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : निरज पोखरेल

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७९ साल माघ २४ गते रोज ३ शुभम्।